# मगरजोडका सन्दर्भमा सिक्किमका मगरहरूको लोक ऐतिहासिक अध्ययन

**लघु शोध प्रबन्ध**

**सिक्किम विश्वविद्यालय**

भाषा अनि साहित्य सङ्कायअन्तर्गत नेपाली विभागमा

एमफिल उपाधिका  निम्ति प्रस्तुत

**लघु शोध प्रबन्ध**

**शोधार्थी**

सबिना राणा

**शोध निर्देशक**

बलराम पाण्डे (उप प्राध्यापक)

**नेपाली विभाग**

**भाषा अनि साहित्य सङ्काय**

**जुलाई २०२२**

# मगरजोङ्का सन्दर्भमा सिक्किमका मगरहरूको लोक ऐतिहासिक अध्ययन

**लघु शोध प्रबन्ध**

**सिक्किम विश्वविद्यालय**

भाषा अनि साहित्य सङ्कायअन्तर्गत नेपाली विभागमा

एमफिल उपाधिका निम्ति प्रस्तुत

**लघु शोध प्रबन्ध**


**शोध निर्देशक**

SUPERVISOR
Department of Nepali
Sikkim University

बलराम पाण्डे

उप प्राध्यापक

नेपाली विभाग

सिक्किम विश्वविद्यालय

**शोधार्थी**

सबिना राणा
२०/०७/२०२२

सबिना राणा

पञ्जीकरण सङ्ख्या- 20/M.Phil/NEP/07

नेपाली विभाग

सिक्किम विश्वविद्यालय


**जुलाई २०२२**

ाली विभाग
artment of Nepali

सिक्किम विश्वविद्यालय
SIKKIM UNIVERSITY
(भारत की संसद के अधिनियम द्वारा वर्ष 2007 में स्थापित और नैक (एनएएसी) द्वारा वर्ष 2015 में प्रत्यायित केंद्रीय विश्वविद्यालय)
(A central university established by an Act of Parliament of India, 2007 and accredited by NAAC in 2015)

**Date: - 20/07/2022**

**Plagiarism Check Report**

This is to certify that the plagiarism check has been carried out for the following M.Phil Dissertation with the help of URKUND Software. The similarity index of the document is **8%,** which is below the permissible limit (up to 10% tolerance rate) as per the norms of Sikkim University.

Title of the Dissertation: **"मगरजोङ्का सन्दर्भमा सिक्किमका मगरहरूको लोक ऐतिहासिक अध्ययन"**

The thesis is submitted by Miss **Sabina Rana,** an **M.Phil student** under the supervision of. **Balaram Pandey**, **Assistant Professor**, Department of **Nepali**, School of **Languages and Literature**, Sikkim University.

सबिना राणा २०/०७/२०२२

(Sabina Rana)

Signature of the Student

20.7.2022

SUPERVISOR
Department of Nepali
Sikkim University

(Balaram Pandey)

Signature of Supervisor

20/7/2022

(Similarity Index Verified by the Librarian)

पुस्तकालयाध्यक्ष
Librarian
केन्द्रीय पुस्तकालय Central Library
सिक्किम विश्वविद्यालय
Sikkim University

ाली विभाग
partment of Nepali

सिक्किम विश्वविद्यालय
SIKKIM UNIVERSITY
(भारत की संसद के अधिनियम द्वारा वर्ष 2007 में स्थापित और नैक (एनएएसी) द्वारा वर्ष 2015 में प्रत्यायित केंद्रीय विश्वविद्यालय)
(A central university established by an Act of Parliament of India, 2007 and accredited by NAAC in 2015)

## शोध निर्देशकको मन्तव्य

*मगरजोङ्का सन्दर्भमा सिक्किमका मगरहरूको लोक ऐतिहासिक* अध्ययन शीर्षक रहेको प्रस्तुत लघु शोध प्रबन्ध सिक्किम विश्वविद्यालय भाषा अनि साहित्य सङ्कायअन्तर्गत नेपाली विभागको एमफिल उपाधिका लागि शोधार्थी सबिना राणाले मेरो निर्देशनमा रही तयार पारेकी हुन्। यसको समुचित मूल्याङ्कनका निम्ति आवश्यक कार्यवाही हेतु सम्बन्धित निकायमा प्रस्तुत गर्ने अनुमतिसहित म यो लघु शोध प्रबन्ध अग्रसारित गर्दछु।

२०.७.२०२२

SUPERVISOR
Department of Nepali
Sikkim University

बलराम पाण्डे

उप प्राध्यापक

नेपाली विभाग

भाषा अनि साहित्य सङ्काय

सिक्किम विश्वविद्यालय

## प्रतिबद्धता पत्र

सिक्किम विश्वविद्यालयको भाषा अनि साहित्य सङ्कायअन्तर्गत नेपाली विभागमा एमफिल उपाधिका लागि *मगरजोडका सन्दर्भमा सिक्किमका मगरहरूको लोक ऐतिहासिक अध्ययन* शीर्षकमा तयार पारिएको यो लघु शोध प्रबन्ध मैले शोध निर्देशक उप प्राध्यापक बलराम पाण्डेको निर्देशकमा रहेर सम्पन्न गरेकी हुँ। यो लघु शोध प्रबन्ध नितान्त मौलिक शोध कार्य हो। मैले यस शोध लेखनमा विभिन्न सामग्री सङ्कलन गरी त्यसलाई वैज्ञानिक ढङ्गमा प्रयोग गरेकी छु। यस लघु शोध प्रबन्धको निष्कर्षलाई मैले यस अघि कुनै पनि उपाधि अथवा अन्य प्रयोजनका निम्ति प्रस्तुत गरेकी छुइनँ। शोध प्रबन्धभित्रका कुनै पनि अंश अन्य पाठ्य पुस्तक अथवा पत्र पत्रिकाका रूपमा प्रकाशित गरेकी छुइनँ।

उपर्युक्त शोध कार्यको विरुद्ध यदि कुनै प्रमाण भेटिएमा त्यसप्रति म पूर्णरूपले उत्तरदायी हुने छु भनी यो प्रतिबद्धता प्रकट गर्दछु।

शोधार्थी,

सबिना राणा

२०/०७/२०२३

सबिना राण

पञ्जीकरण सङ्ख्या 20/M.Phil/NEP/07

नेपाली विभाग

सिक्किम विश्वविद्यालय

# कृतज्ञता ज्ञापन

सिक्किम विश्वविद्यालय, नेपाली विभागमा एमफिल उपाधि प्राप्त हेतु *मगरजोडका सन्दर्भमा सिक्किमका मगरहरूको लोक ऐतिहासिक अध्ययन* शीर्षको शोध अध्ययन श्रद्धेय गुरु प्रा बलराम पाण्डे (उप प्राध्यापक), नेपाली विभाग, सिक्किम विश्वविद्यालयको मार्ग निर्देशनमा तयार गरेकी हुँ। उहाँबाट प्राप्त सुझाउ र मार्ग निर्देशनले म यो लघु शोध प्रबन्ध तयार पार्न सक्षम भएकी छु। उहाँको प्रोत्साहनमय र सहयोगको निम्ति म सदैव आभारी रहने छु।

प्रस्तुत लघु शोध प्रबन्धमा मलाई आवश्यक सुझाउ र मार्ग निर्देशक गर्नु हुने तथा आवश्यक सामग्री पुस्तक आदि उपलब्ध गराइदिनु हुने नेपाली विभाग, सिक्किम विश्वविद्यालयका श्रद्धेय गुरुजनमा प्रो कविता लामा, प्रो पुष्प शर्मा, डा समर सिन्हा, डा अरुणा राई, डा देवचन्द्र सुब्बा साथै डा सुमन बान्तवाप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु।

यस शोध लेखन कार्यमा क्षेत्रस्थल भ्रमण गर्दा मलाई आश्रय दिनु हुने थर्पुका दाजु श्रीमान टेकबहादुर थापा, नाम्चीका दाजु श्रीमान अर्पण राणा, रिनाक साथी श्री सुरज दर्जीप्रति हार्दिक धन्यवाद दिँदछु। क्षेत्रस्थल भ्रमण गर्दा यातायातका निम्ति साधन जुटाइदिनु हुने दाजु श्री विनोद सुब्बा, दाजु श्रीमान मणिकुमार थापा, दाजु श्रीमान सिलास राणाप्रति म आन्तरिक हृदयबाट कृतज्ञ छु। यसका साथै शोध कार्यका निम्ति साम्रगी उपलब्ध गराइदिनु हुने श्रीमान रूपनारायण राई, श्रीमान मार्मेन बस्नेत, श्रीमान बीरसिक्का मगर, श्रीमान गुमानसिंह मगर, श्रीमान मोहनलाल मगर, श्रीमान गङ्गाबहादुर राणा, श्रीमान धनबहादुर मगर, श्रीमती इन्द्रमाया मगर, श्रीमान अटलबहादुर राणा, श्रीमान दलबहादुर मगरप्रति म आन्तरिक हृदयबाट आभार व्यक्त गर्दछु। अखिल सिक्किम मगर संघका श्रीमान विष्णु राणा, श्रीमान रेमोन राणा र यस संस्थासँग जोड्नु हुने सम्पूर्ण सिक्किमका मगर जातिहरूप्रति म आभारी छु। मगर इतिहासकार श्रीमान सन्तोष आलेले आफ्ना प्रकाशित साथै विभिन्न पुस्तकहरू उपलब्ध गराइदिनका साथै यस शोध कार्यसित सम्बन्धित थप जानकारी उपलब्ध गराइदिनु भएकोमा उहाँप्रति आभारी छु।

यसरी नै सिक्किम विश्वविद्यालय, नेपाली विभागका अग्रज शोधार्थी दाजु योगेश लिम्बू जसले मलाई हौसला र सहयोग प्रदान गर्नु भयो उहाँप्रति म आन्तरिक हृदयबाट धन्यवाद दिँदछु। यसका साथै

मेरा शोधार्थी मित्रहरूमा विजय मोक्तान, प्रितम घतानी, मेनप्रसाद शर्मा, चन्द्रकान्ता प्रधान, आशिका सुनुवार, गायत्री थापा, मेनुका भुजेलप्रति सहयोगका निम्ति विशेष धन्यवाद दिँदछु।

यस शोध लेखनका समयमा सदैव हौसला दिनु हुने मेरा आदर्णीय बाबा रामबहादुर राणा, आमा भीममाया राणा र काका रत्नबहादुर राणा साथै केही प्रतिकूल परिस्थितिसित जुझ्नु पर्दा मलाई सदैव हौसला दिनु हुने मेरा दिदी एलिसिवा राणा, रोधा राणा, रोसमेरी राणा, भेना सजित राई, दाजु सिलास राणा, भाउजू सुमिता राणा साथै दाजु अर्पण राणाप्रति म सदा आभारी रहने छु।

विनीत,

सबिना राणा

१०/07/२०२२

सबिना राणा

नेपाली विभाग

सिक्किम विश्वविद्यालय

## सङ्केताक्षर सूची

| | |
|---|---|
| अनु | अनुवाद |
| इ पू | इसा पूर्व |
| उप प्रा | उप प्राध्यापक |
| किमी | किलो मिटर |
| डा | डाक्टर |
| डिस्मे | डिपार्टमेन्ट अव् इकोनोमिक्स स्ट्याटिस्टिक्स मोनिटरिङ एन्ड इभ्यालुएसन् |
| प्र सम्पा | प्रधान सम्पादक |
| प्रा लि | प्राइवेट लिमिटेड |
| पृ | पृष्ठ |
| प्रो | प्रोफेसर |
| सम्पा | सम्पादक |

# विषय सूची


| | विषय | | पृष्ठ सङ्ख्या |
|---|---|---|---|
| | भावहरणको प्रमाण पत्र | | क |
| | शोध निर्देशकको मन्तव्य | | ख |
| | प्रतिबद्धता पत्र | | ग |
| | कृतज्ञता ज्ञापन | | घ-ङ |
| | सङ्केताक्षर सूची | | च |
| **पहिलो अध्याय:** | **शोध परिचय** | | **१-८** |
| | १.१ | शोध शीर्षक | १ |
| | १.२ | शोध परिचय | १-३ |
| | १.३ | शोध समस्या | ३-४ |
| | १.४ | शोधको उद्देश्य | ४ |
| | १.५ | पूर्वकार्यको सर्वेक्षण अनि समीक्षा | ४-७ |
| | १.६ | शोध प्रयोजन | ७ |
| | १.७ | शोधविधि | ७ |
| | | १.७.१ शोध सामग्री सङ्कलन पद्धति | ७ |
| | १.८ | शोध सीमा | ७-८ |
| | १.९ | लघु शोध प्रबन्धको रूपरेखा | ८ |
| | १.१० | भावी शोधकर्तालाई सुझाउ | ८ |
| **दोस्रो अध्याय:** | **लोकइतिहासको परिचय** | | **९-२७** |
| | २.१ | परिचय | ९-१० |
| | २.२ | लोकइतिहासको अर्थ | १०-११ |
| | २.३ | लोकइतिहासको परिभाषा | ११-१२ |
| | २.४ | लोकइतिहासबारे विभिन्न विद्वान्हरूका मत | १३-१४ |
| | २.५ | लोकइतिहासको विकासक्रम | १४-१५ |
| | | २.५.१ मिथकीय समय वा काल | १५ |

| | | | |
|---|---|---|---|
| | | २.५.२ अनावर्त समय वा काल | १६ |
| | | २.५.३ नायक केन्द्री समय वा काल | १६-१७ |
| | २.६ | लोकइतिहास र अन्य विधासँग यसको सम्बन्ध | १७ |
| | | २.६.१ लोकइतिहास र लोकसंस्कृति | १७ |
| | | २.६.२ लोकइतिहास र लोकवार्ता | १७-१९ |
| | | २.६.३ लोकइतिहास र इतिहासको सम्बन्ध | १९-२० |
| | | २.६.४ लोकइतिहास र मानवशास्त्र | २०-२१ |
| | | २.६.५ पुरातत्त्व र लोकइतिहास | २१-२२ |
| | | २.६.६ लोकइतिहास र समाजशास्त्र | २२ |
| | | २.६.७ लोकइतिहास र जातिइतिहास | २२ |
| | २.७ | लोकइतिहासको विशेषता | २२-२४ |
| | २.८ | लोकइतिहासको महत्त्व | २४-२५ |
| | २.९ | लोकइतिवृत्त | २५-२६ |
| | २.१० | लोकस्मृति | २६-२७ |
| | २.११ | निष्कर्ष | २७ |
| **तेस्रो अध्याय:** | **सिक्किमका मगरहरूको ऐतिहासिक चिनारी** | | **२८-४६** |
| | ३.१ | मगर जातिको अर्थ | २८-३० |
| | ३.२ | सिक्किमका मगर जातिको परिचय | ३०-३५ |
| | ३.३ | मगर जातिको संस्कृति | ३५-३७ |
| | | ३.३.१ जन्म संस्कार | ३७ |
| | | ३.३.२ नौवरान/न्वरान | ३७ |
| | | ३.३.३ विवाह संस्कार | ३८-४० |
| | | ३.३.४ मृत्यु संस्कार | ४०-४१ |
| | | ३.३.५ मगर जातिको चाडपर्व | ४१-४३ |
| | | ३.३.६ मगर जातिको कुल पूजा | ४३-४५ |
| | | ३.३.७ सोरठी | ४५ |

| | | | |
|---|---|---|---|
| | ३.४ | निष्कर्ष | ४५-४६ |
| **चौथो अध्याय:** | **मगरजोङ : लोकस्मृति अनि इतिहास** | | **४७-६४** |
| | ४.१ | मगरजोङको परिचय | ४७-४९ |
| | ४.२ | मगरजोङबारे सर्वेक्षणात्मक अध्ययन | ४९-५१ |
| | ४.२.१ | मङ्सारी मगरजोङ | ५१-५४ |
| | ४.२.२ | बर्थाङ-बर्फोक मगरजोङ | ५४-५५ |
| | ४.२.३ | सुल्डुङगढी (मगरजोङ) | ५५-५६ |
| | ४.२.४ | मगरथाङ मगरजोङ | ५६-५७ |
| | ४.२.५ | कामराङ मगरजोङ | ५७-५८ |
| | ४.२.६ | कितामगढी मगरजोङ | ५८-५९ |
| | ४.२.७ | कटेङ मगरजोङ | ५९-६० |
| | ४.२.८ | फामताम मगरजोङ | ६१ |
| | ४.२.९ | सुदुङलाखा मगरजोङ | ६१-६२ |
| | ४.२.१० | मगरदलाम मगरजोङ | ६२ |
| | ४.३ | सवाल्टर्नको दृष्टिकोणमा सिक्किमका मगरहरू | ६२-६३ |
| | ४.४ | निष्कर्ष | ६३-६४ |
| **पाँचौँ अध्याय:** | **उपसंहार अनि निष्कर्ष** | | **६५-७१** |
| | ५.१ | उपसंहार | ६५-६८ |
| | ५.२ | निष्कर्ष | ६८-७१ |
| | **ग्रन्थसूची** | | **७१-७८** |
| | **परिशिष्ट** | | |

# पहिलो अध्याय

## शोध परिचय

# पहिलो अध्याय

# शोध परिचय

## १.१ शोध शीर्षक

प्रस्तुत लघु शोध प्रबन्धको शीर्षक *मगरजोङका सन्दर्भमा सिक्किमका मगरहरूको लोक ऐतिहासिक अध्ययन* रहेको छ।

## १.२ शोध परिचय

सिक्किम पूर्वी हिमालय क्षेत्रमा अवस्थित एउटा पहाडी राज्य हो। १६ मई १९७५ मा बाइसौँ राज्यका रूपमा भारतमा विलय हुनअघि सिक्किम एउटा छुट्टै राजतान्त्रिक देश थियो। पूर्वमा भूटान, पश्चिममा नेपाल, उत्तरमा चीन प्रशासित तिब्बत र दक्षिणमा पश्चिम बङ्गाल राज्यसँग सिक्किमको सिमाना गाँसिएको छ। यसै कारण सिक्किममा प्राचीन समयदेखि नै यी क्षेत्रहरूबाट मानिसहरूको आवागमन सँगसँगै भाषा, संस्कार र संस्कृतिको पनि आगमन भएको मान्न सकिन्छ। सभ्यताको यस आवागमन प्रक्रियाअनुरूप मगर पनि प्राचीन सिक्किममा आएर बसेको एउटा जातीय समूह हो। सिक्किममा मगरहरूको इतिहास अनि उपस्थितिबारे अपेक्षाकृत थोरै अध्ययन भएको पाइन्छ। केही इतिहासकारहरूले मगर जातिलाई लेप्चा अनि चोङ (लिम्बू) सरह सिक्किमको एउटा पुरानो जाति मानेका छन्। तिब्बतबाट भोटिया जाति अनि तिब्बती लामावादमा आस्था राख्ने निङमा लामाहरूको आप्रवासनभन्दा अघि नै सिक्किममा मगर जातिको उपस्थिति रहेको केही उल्लेखहरू उपलब्ध पाइन्छ। (सिन्हा १९८३; राम रहुल १९७८) सन् १९४२ मा भएको नामग्यालवंशको राज्यावरोहनपूर्व सिक्किममा केन्द्रिय शासन व्यवस्था रहेको पाइँदैन। एकातिर मगर अनि चोङहरूका साना साना क्षेत्रीय किपट रहेका थिए भने अर्कातिर सिक्किमको भौगोलिक, राजनीतिक साँध सिमाना स्पष्ट रूपमा कोरिएको थिएन। त्यसबेला सिक्किममा मुखियाद्वारा व्यवस्था सञ्चालित हुने गर्दथ्यो। यी मुखियाहरूलाई नै जनगणले आफ्नो राजा समान मान्ने गर्थे। मगर जातिमा पनि यस किसिमको व्यवस्था चलाउने धेरै राजाहरू थिए। जसमध्ये 'सिन्तुपति सेन', 'दलकिनारी खपाङ्गी मगर' अनि 'दलसिङ मगर'-को नाम विशेष रूपले उल्लेख भएको पाइन्छ।

सन् १६४२ मा सिक्किमका प्रथम नामग्यालवंशी राजाका रूपमा फुन्सोक नामग्यालको राज्याभिषेकमा लेप्चा, लिम्बू, भोटियाहरूसँगै मगर जाति पनि सहभागी बनेका थिए। उक्त समारोहमा

राजाको सम्मानमा सलामी ठोक्ने सेनामा मगरहरू पनि रहेको उल्लेख पाइन्छ। (नामग्याल अनि डोल्मा; सन् १९०८) फुन्सोक नामग्याल राजा भएपछि आफ्नो शासन व्यवस्थालाई सुदृढ गर्न अनि तत्कालीन विभिन्न समुदायबाट पूर्णतः समर्थन प्राप्त गर्नका लागि "लो-मेन-चोङ-सुम" सन्धि गरे। यस सन्धिले लेप्चा, भोटिया र चोङ (लिम्बू) यी तिनवटा जातीय समुदायलाई एकीकरण गर्ने कार्य गऱ्यो। (आर मोक्तान; सन् २००४) उक्त सन्धिमा मगर जातिलाई समावेश गरिएन। तत्कालीन सिक्किममा नामग्याल शासन व्यवस्था सुरु हुनअघि नै मगर राजाहरूले आफ्नो शासन र सत्ता चलाउँदै आएका थिए। तत्कालीन सिक्किममा मगर राजाहरूको आधिपत्य अनि मगर सेनाहरूको शौर्य जस्ता विषयका कारण मगरहरूले नामग्याल व्यवस्थालाई अस्वीकार गरेको अनि नामग्याल शासनले मगरहरूलाई "लो-मेन-चोङ-सुम" सन्धिबाट बाहिर राखेको हुन सक्ने सम्भावनालाई एउटा ऐतिहासिक खोजी अनि अनुसन्धानको विषय मान्न सकिन्छ।

केही ऐतिहासिक विवरणअनुसार नामग्यालवंशी राजाहरू र मगर जातिमाझ मतभेद उत्पन्न भयो। सन्तोष आलेले *मगर जाति इतिहास अनि संस्कृति : सिक्किमको सन्दर्भ* (सन् २००३)-मा नामग्यालवंशी राजाहरूको पक्षबाट कैयौँपल्ट मैत्री सम्बन्ध कायम गर्ने प्रयास गरिए तापनि ती सबै विफल भएको भनी उल्लेख गरेका छन्। मगर जातिले तिब्बती लामावादलाई अस्विकार गरेकाले पनि पछिसम्म भोटिया शासन विरुद्ध उनीहरूको सङ्घर्ष चलिरहेको मान्न सकिन्छ। नामग्याल शासनपूर्व सिक्किममा मगर जातिको आधिपत्य रहेको विषयलाई सिक्किम अनि दार्जिलिङ क्षेत्रमा पाइएका मगरजोङहरूको अवशेषले प्रमाणित गर्दछ। मगर राजा अनि जातिको एउटा टड्कारो ऐतिहासिक पृष्ठभूमिलाई नामग्याल शासन व्यवस्थाको गलैँचा मुनि विस्मृत गरेर राखियो। सिक्किममा मात्र जम्मा दसवटा मगरजोङका अवशेष पाइएको छ। मगर भाषामा जोङ भन्नाले 'किल्ला', 'गढ वा गढी' भन्ने बुझिन्छ। सिक्किमको इतिहासलाई हेर्दा मगरहरूले सिक्किमका विभिन्न प्रान्तमा साना साना राज्य स्थापना गरेका थिए। सम्भवतः तत्कालीन भोटिया सेनाबाट बाँच्नका निम्ति पनि उनीहरूले यस्ता जोङहरूको निर्माण गरेका थिए। पश्चिम सिक्किमा- 'मङ्सारी', 'बर्थाङ-बर्फोक', 'सुलडुङगढी' र 'मगरथाङ मगरजोङ', दक्षिण सिक्किममा- 'कामराङ मगरजोङ', 'कटेङ मगरजोङ', 'मगरदलाम', 'फामताम मगरजोङ', अनि 'कितामगढी मगरजोङ', पूर्व सिक्किममा- 'सुदुङलाखा मगरजोङ' गरी जम्मा दसवटा जोङहरूको अवशेषहरू पाइएका छन्। (देवी अनि पाण्डे; सन् २०१८) यी अवशेषहरूले सिक्किममा मगर जातिको

प्राचीन उपस्थितिलाई प्रमाणित गर्दछ तर सिक्किममा रहेको मगर जातिको प्राचीन उपस्थिति अनि शासन व्यवस्थाको उल्लेख भने अत्यन्तै न्यून रहेको पाइन्छ। लिखित इतिहासले मगर जातिको समृद्ध गाथालाई समावेश नगरे तापनि लोककथा अनि लोकस्मृतिमा मगर राजा अनि मगरजोङका सन्दर्भहरू कुनै न कुनै रूपमा बाँचेको पाइन्छ। मगर राजा-रानी, मगरजोङ तथा मगर राजाको शासन व्यवस्थाबारे एकाधिक कथा अनि गाथाहरू पाइन्छ। इतिहास लेखनले सिक्किममा मगर राजा अनि प्रजाहरूको प्राचीन उपस्थितिलाई अदेखा गरेको भए तापनि लोकइतिहासले आफ्नो श्रुतिपरम्परामा उक्त सन्दर्भलाई बचाइराखेको थाहा लाग्छ।

कुनै पनि जाति, समाज, राज्य, राष्ट्र आदिको आफ्नो छुट्टै इतिहास हुन्छ। ती इतिहासहरू लिखित वा मौखिक रूपमा रहेको पाइन्छ। सवाल्टर्न इतिहास चेतना अघिको इतिहास लेखनलाई हेर्दा माथिल्लो वर्गहरूको मात्र उल्लेख भएको पाइन्छ तर निम्न वर्गहरू भने इतिहासविहीन रहेको देखिन्छ। इतिहासकारहरूले लिखित रूपमा फेला पारेका सामग्रीलाई मात्र इतिहासका स्रोत मानिएको पाइन्छ। इतिहास लिखित स्रोतमा मात्र आधारित रहे हजारौँ आदिवासीहरू इतिहासविहीन हुने सम्भावना देखिन्छ। कैयौँ यस्ता जातिहरूको आफ्नै छुट्टै भाषाहरू छन् तर ती लेख्य रूपमा पाइँदैन (शर्मा; सन् २०२१), यस कारण यी जातीय समुदायहरूको इतिहासबारे जानकारी फेला परेको देखिँदैन। तथापि उनीहरूको भाषा, संस्कृति, कथा-गाथा, मुन्दुम, गीत आदि विभिन्न किसिमका सांस्कृतिक सङ्कथनभित्र इतिहास बाँचेको हुन्छ। यी कुराहरू श्रुतिपरम्परामा बाँचेको पाइएकाले लोक ऐतिहासिक सन्दर्भमा उक्त कुराहरूको अध्ययन सार्थक रहने देखिन्छ।

प्रस्तुत शोध कार्यले लोक ऐतिहासिक सन्दर्भलाई केन्द्रमा राखेर लोकस्मृति अनि श्रुतिपरम्परामा बाँचेका मगरजोङबारे रहेका कथा तथा गाथाको अध्ययन गर्ने प्रयास गरिएको छ। यस अध्ययनले सिक्किमका मगर जातिको ऐतिहासिक पक्षबारे केही नौला प्रमाण उपलब्ध गराएको मानिन्छ।

### १.३ शोध समस्या

प्रस्तुत लघु शोध प्रबन्धका निम्न लिखित शोध समस्याहरू रहेका छन्-

(क) लोकइतिहासको अवधारणा के हो र यसका स्रोत के के हुन् ?

(ख) लोक ऐतिहासिक सन्दर्भअनुसार सिक्किमका मगरहरूको इतिहास अनि चिनारी के कस्तो रहेका छन्?

(ग) सिक्किमका मगरजोङहरूको अवशेष र त्यससित सम्बन्धित मगर ऐतिहासिक लोकस्मृति के कस्तो रहेको छ?

## १.४ शोधको उद्देश्य

प्रस्तुत शोध समस्याहरूले उठान गरेका विषयहरूको उत्तर खोज्नु नै यस शोध कार्यको मूल उद्देश्य हो। यसका निम्न लिखित उद्देश्यहरू रहेका छन्-

(क) लोकइतिहास भन्नाले के बुझिन्छ र यसका स्रोतहरू के के हुन सक्छन् भन्ने विषयको खोजी गर्नु।

(ख) लोक ऐतिहासिक सन्दर्भअनुसार सिक्किमका मगरहरूको इतिहास अनि चिनारी के कस्ता रहेका छन् भन्नेबारे सर्वेक्षण गर्नु ।

(ग) सिक्किमका मगरजोङको अवशेष र त्यससित सम्बन्धित ऐतिहासिक लोकस्मृतिका आधारमा सिक्किममा मगर जातिको ऐतिहासिक सन्दर्भको पुष्टि गर्नु।

## १.५ पूर्वकार्यको सर्वेक्षण अनि समीक्षा

मगर जातिबारे भारत र नेपालबाट प्रशस्तै अध्ययन भएको पाइन्छ। मगर जातिको इतिहास परम्परा अनि संस्कृतिबारे धेरै लेखहरू प्रकाशित भएको पाइन्छ। तथापि सिक्किमका मगरहरूको इतिहास एवम् अन्य पक्षबारे अपेक्षाकृत अध्ययन भएको पाइँदैन। सिक्किमका मगरहरूबारे भएको अध्ययन अनुसन्धानको सर्वेक्षण गर्दा सिक्किममा पाइएका मगरजोङ अनि मगरहरूको इतिहासबारे थोरै अध्ययन भएको थाहा लाग्दछ। यस क्षेत्रमा आजसम्म उपलब्ध सामग्रीहरूलाई पूर्वकार्यको विवरणमा यस प्रकार राखिएको छ।

### (क) पुस्तकभित्र सङ्कलित लेखहरूको आधारमा

डोरबहादुर विष्टले *पिपल अव् नेपाल* (सन् १९८०) पुस्तकमा नेपालका मगर जातिहरूको ऐतिहासिक अनि सांस्कृतिक परम्पराको चर्चा गरेका छन्, तर नेपालबाहिरका मगरहरूको उल्लेख भने यस पुस्तकमा पाइँदैन।

एम एस थापा मगरको *प्राचीन मगर र अक्खा लिपि* (सन् १९९२) पुस्तकमा मगर लिपि, मगर जातिको प्राचीनता आदिबारे चर्चा गरिएको पाइए तापनि सिक्किमका मगरहरूको ऐतिहासिक सन्दर्भ यस अध्ययनमा पाइँदैन।

वासुदेव पुलामीको पुस्तक *मगर जाति र मगर भाषा* (सन् २००१)-मा मगर जातिको परिचय, मगर जातिको सामाजिक संस्कार पद्धति, मगर भाषाको भाषिक व्यवस्था आदिको चर्चा गरिएको पाइन्छ। तर उक्त पुस्तकमा सिक्किमका मगरजोङ अनि त्यससित जोडिएको मगर जातिको ऐतिहासिक चर्चा पाइँदैन।

इमानसिंह चेम्जोङको *हिस्ट्री एन्ड कल्चर अव् किरात पिपल* (सन् २००३) नामक पुस्तकमा मगरहरूको कुलबारे चर्चा गरिएको पाइन्छ। यस पुस्तकमा मगर जातिको इतिहास र संस्कृतिबारे चर्चा गरिएको पाइए तापनि सिक्किमका मगरहरूबारे कुनै किसिमको चर्चा पाइँदैन।

सन्तोष आलेको पुस्तक *मगर जातिको इतिहास अनि संस्कृति* (सन् २००३)-मा  मगर जातिको इतिहास अनि संस्कृति, मगर जातिको सङ्क्षिप्त अध्ययन तथा ऐतिहासिक परिप्रेक्ष्यमा सिक्किमेली मगरहरू आदि विषयहरू समावेश रहेका छन्। उक्त पुस्तकमा सिक्किमका जम्मा दसवटा मगरजोङबारे चर्चा गरिएको छ। उनको यस अध्ययन क्षेत्रगत अनुसन्धान पद्धतिमा आधारित रहेको पाइँदैन।

सन्तोष आलेकै अर्को पुस्तक *सिक्किमेली मगर, मगरजोङ-मङ्सारी अनि बाराहीमीजोङ: एक सङ्क्षिप्त पृष्ठभूमि* (सन् २०१९)-मा 'मगरजोङ मङ्सारीको सङ्क्षिप्त इतिहास', 'बाराहीमीजोङ चाड' आदिको चर्चा पाइन्छ। यस पुस्तकमा सिक्किमका मगरहरूको लोक ऐतिहासिक सन्दर्भ अत्यन्तै न्यून रहेको पाइन्छ। यसमा उल्लेख गरिएका विषय र समावेश गरिएका चर्चा आदिमा प्रामाणिकता थोरै रहेको पाइन्छ।

गुप्त प्रधानको *धुमिल पृष्ठहरू* (सन् २००८)-मा 'सिक्किम: यसको पूर्व इतिहास' उपशीर्षकमा लेप्चा जातिलाई सिक्किमको प्राचीन जाति भनिएको छ। उनले लेप्चा जाति सँगसँगै लिम्बू र मगरहरू पनि धेरै अघिदेखि यहाँ रहँदै आइरहेको पाइन्छ भनी उल्लेख गरेका छन्।

**(ख) सम्पादित पुस्तकका आधारमा**

गणेश देवी अनि बलराम पाण्डेद्वारा सम्पादित *भारतीय भाषा लोक सर्वेक्षण-सिक्किमका भाषाहरू* खण्ड २६, भाग ३ (सन् २०१८)-मा प्रकाशित अभिमाया मगरको लेख *मगर भाषा*मा मगर जाति र भाषाको सङ्क्षिप्त इतिहास, संस्कृति अनि परम्परा, पारिवारिक सम्बद्धता तथा लिपि, मगर भाषाका केही विशेषता, मगर संस्कृति र रीतिथिति आदिको चर्चा भएको छ। उक्त लेखमा सिक्किमका जम्मा दसवटा मगरजोङको सङ्क्षिप्त विवरण पाइन्छ तर मगर जातिको लोक ऐतिहासिक पक्षबारे चर्चा गरिइएको पाइँदैन।

सिक्किम तथा यहाँका जातिहरूबारे भएको मानविकी ऐतिहासिक तथा समाजशास्त्रीय अध्ययनहरूमा मगर जातिको उल्लेख भएको पाइए तापनि उनीहरूको ऐतिहासिक विवरण अत्यन्तै न्यून रहेको थाहा लाग्दछ।

**(ग) पत्र पत्रिकाका आधारमा**

पवन चाम्लिङद्वारा सम्पादित *निर्माण* वर्ष १९ अङ्क ३४ (सन् १९९९)-मा प्रकाशित सुभद्रा सुब्बा दाहालको लेख 'मगर जाति, संस्कृति र भाषा'-मा पनि मगर जातिको भाषा अनि संस्कृतिबारे चर्चा पाइन्छ तर ऐतिहासिक पक्षबारे उल्लेख पाइँदैन। यसै पत्रिकामा रमेश विकलले मगर जातिको विवाह संस्कारबारे चर्चा गरेका छन्।

बी बी गुरुङद्वारा सम्पादित *हिमालयन रिसर्च जर्नल* भाग २ खण्ड ४ (सन् २०१८)-मा प्रकाशित वासुदेव पुलामीको लेख 'मगर लोक कथा र तिनका अभिप्राय'-मा केही प्रचलित मगर लोककथाहरूको अध्ययन प्रस्तुत गरिएको छ। यस लेखमा मगर जातिको ऐतिहासिक पक्ष बुझाउने किसिमको मगर राजा र रानीको एउटा लोककथाबारे अध्ययन गरिएको पाइन्छ।

विष्णु राणा मगरद्वारा सम्पादित *मगरजोङ* अङ्क १ भाग १ (सन् २०१८)-मा सिक्किमका मगरहरूको इतिहास, भाषा, संस्कृति र मगरजोङको ऐतिहासिक पृष्ठभूमि आदि विविध विषयबारे केही लेखहरू समावेश गरिएको छ। यसमा सिक्किमका मगर जातिबारे केही तथ्यपरक अध्ययनहरू समावेश रहेको पाइए तापनि मगरजोङसित सम्बन्धित ऐतिहासिक विवरण पाइँदैन।

**(घ) शोध प्रबन्धका आधारमा**

हेमलता थापाद्वारा नेपाली विभाग सिक्किम विश्वविद्यालयमा प्रस्तुत गरिएको एमफिल स्तरको शोध *मगर भाषाको वर्ण व्याकरण* (सन् २०१८)-मा मगर संस्कृतिको सामान्य परिचय दिँदै मगर भाषाको वर्ण व्याकरणबारे अध्ययन गरिएको पाइन्छ।

माथि प्रस्तुत गरिएको पूर्वकार्यको सर्वेक्षणमा मगर जातिको विविध पक्षबारे अध्ययन भएको पाइए तापनि सिक्किमका मगर जाति, उनीहरूको इतिहास अनि संस्कृतिबारे यी अध्ययनहरू अपर्याप्त रहेको बोध हुन्छ।

**१.६ शोध प्रयोजन**

प्रस्तुत लधु शोध प्रबन्ध सिक्किम विश्वविद्यालयको भाषा अनि साहित्य सङ्कायअन्तर्गत नेपाली विभागमा एमफिल उपाधि प्राप्त गर्नका लागि प्रयोजनीय रहेको छ।

**७ शोधविधि**

प्रस्तुत शोधको शीर्षकअन्तर्गत रहेको 'लोकइतिहास'-को अवधारणा नेपाली लोकवार्तामा पूर्णतः स्थापित नरहेकाले यस शोध कार्यलाई आगमनात्मक शोधविधि अनि विश्लेषणात्मक पद्धतिद्वारा अध्ययन गरिएको छ।

**७.१.१ शोध सामग्री सङ्कलन पद्धति**

प्रस्तुत लघु शोध प्रबन्धका लागि आवश्यक सामग्री सङ्कलनको मुख्य स्रोत प्राथमिक रहेको छ। सामग्री सङ्कलनका निम्ति क्षेत्रकार्य गरिएको छ। मगर समाजका साधारण जनगण वा लोक अनि विषय विशेषज्ञसित अन्तर्वार्ताका माध्यमबाट प्राथमिक सामग्री सङ्कलन गरिएको छ। द्वितीय स्रोतअन्तर्गत प्रकाशित पुस्तक साथै ई-स्रोतलाई समावेश गरिएको छ।

**१.८ शोध सीमा**

प्रस्तुत शोध कार्य सिक्किमका मगर जातिको ऐतिहासिक सन्दर्भ अनि अध्ययनमा आधारित रहेको छ। प्रस्तुत अध्ययन लोक ऐतिहासिक पक्षलाई केन्द्रमा राखेर प्रस्तुत गरिएको छ। यस अध्ययन मगरजोङको पुरातात्त्विक सन्दर्भ अनि लोकस्मृतिमा आधारित रहको छ। प्रस्तुत लघु शोधमा ऐतिहासिक पक्षसँगै तेस्रो अध्यायमा मगर जातिका सांस्कृतिक पक्षको चर्चा पनि गरिएको छ। जातिको सांस्कृतिक इतिहासबारे

प्रकाश पार्न अनि मगर संस्कार र संस्कृतिभित्र विद्यमान ऐतिहासिक पृष्ठभूमि अनि सङ्केत आदिलाई पनि समावेश गर्नाका लागि मगर संस्कृतिको अध्ययन गरिएको छ।

## १.९ लघु शोध प्रबन्धको रूपरेखा

शोधको रूपरेखा निम्न प्रकार रहेको छ-

| | | |
|---|---|---|
| पहिलो अध्याय | : | शोधको परिचय |
| दोस्रो अध्याय | : | लोकइतिहासको परिचय |
| तेस्रो अध्याय | : | सिक्किममका मगरहरूको ऐतिहासिक चिनारी |
| चौथो अध्याय | : | मगरजोङ : लोकस्मृति अनि इतिहास |
| पाँचौँ अध्याय | : | उपसंहार तथा निष्कर्ष |
| | | ग्रन्थसूची |
| | | परिशिष्ट |

## १.१० भावी शोधकर्तालाई सुझाउ

सिक्किममका मगर जातिबारे गरिएको यस कार्यले केही नयाँ विषयहरूको उठान गर्न सकेको मानिन्छ। सिक्किममा मगरहरूको लोक ऐतिहासिक अध्ययनमा केन्द्रित रहेको प्रस्तुत कार्य नै यस किसिमको पहिलो हो। सिक्किमका मगरहरूका इतिहास, भाषा-साहित्य तथा संस्कार आदि विषयबारे अध्ययनको प्रशस्तै क्षेत्र रहेको मान्न सकिन्छ। भावी शोधकर्ताले निम्न लिखित विषयबारे कार्य गर्न सक्ने बुझिएको छ।

(१) सिक्किमका मगर स्थान नामहरूको अध्ययन।

(२) सिक्किममा मगर भाषा-साहित्यको वर्तमान अवस्था।

(३) सिक्किमका मगरहरूको आप्रवासन अनि सामाजिक सङ्गठन।

(४) सिक्किमे मगरहरूका लोककथा, गाथा अनि अन्य विद्या।

# दोस्रो अध्याय

## लोकइतिहासको परिचय

# दोस्रो अध्याय

# लोकइतिहासको परिचय

## २.१ परिचय

सामान्यतः लोकइतिहास भन्नाले लोकमा भएको ऐतिहासिक चेतना भन्ने बुझिन्छ। यो लोकवार्ता अध्ययनको एउटा मुख्य विधा हो। 'लोक'- शब्दका विविध अर्थ रहेको पाइए तापनि लोकवार्ता अध्ययनअन्तर्गत यस शब्दले 'सामान्य जनगण' भन्ने बुझाउँछ। चूडामणि बन्धुअनुसार 'लोक' शब्दले कुलीन संस्कार, शास्त्रीयता र आलङ्कारिक चेतनारहित परम्पराको प्रवाहमा जीवित रहेको भन्ने अर्थ दिंदछ भने 'वार्ता' शब्दले ज्ञान वा जान्नुपर्ने हुन्छ।[1] यस दृष्टिले लोकवार्ताको अर्थ- 'सामान्य जनताको ज्ञान' भन्ने बुझिन्छ।[2] लोकवार्तासम्बन्धी सर्वप्रथम सन् १६८६-८७ मा जोन आब्रेले *रिमेन्स अव् जेन्टिलिज्म एन्ड जुडाइज्म* नामक पुस्तकमा जनसाधारणका रीतिथिति, आचार-व्यवहार, रहनसहन, धर्म, अन्धविश्वास आदिबारे अध्ययन गरेको पाइन्छ।[3] यसको लगभग दुई शताब्दीपछि सर्वप्रथम यसलाई लोकवार्तासम्बन्धी भएको पहिलो अध्ययन मानिन्छ। विलियम जोन टम्सनले सन् १८४६ मा 'फोकलोर' शब्दको प्रयोग गरेपछि संसारभरि नै यो शब्द धेरै लोकप्रिय भएको देखिन्छ।[4] लोकवार्तालाई कतिपय विद्वान्हरूले लोकसंस्कृति पनि भनेका छन्। लोकवार्ताका सन्दर्भमा विलियम बास्कमले चार प्रकारको प्रकार्यहरूको चर्चा गरेका छन्।[5] उनका भनाइमा लोकवार्ताले लोकसंस्कृतिलाई झल्काउँछ, लोकको परम्परालाई बलियो बनाउँछ, शिक्षा प्रदान गर्छ र समाजलाई नियन्त्रण गर्दछ।

लोकइतिहासले मानव समाज र संस्कृतिहरूको ऐतिहासिक विश्वासलाई जनाउँछ।[6] मानिस जति नै सभ्य र विकसित भए पनि उसमा आदिमताको विशेषता पाइन्छ। अभिव्यक्तिमा आदिमताको अवशेष रहेको पाइन्छ। त्यसैले परम्परागत रूढि, अन्धविश्वास, रीतिरिवाज, कथा, गीत, उक्ति आदिप्रति मानिसको

---

[1] चूडामणि बन्धु, सन् २०२० 'लोकवार्ता र यसको अध्ययन तथा संरक्षण', लोकबहादुर लोप्चन (प्र सम्पा), काठमाडौँ : बहुभाषिक शिक्षा तथा संचार प्रा लि, स्रोत- www.mlenepal.com 2020/10/09, 21:51

[2] उही

[3] कृष्णदेव उपाध्याय, सन् २०१३, *लोक साहित्य की भूमिका*, इलाहाबाद : साहित्य भवन प्रा लि, पृ. १५

[4] चूडामणि बन्धु, सन् २००१, *नेपाली लोक साहित्य*, काठमाडौँ : एकता बुक्स, पृ. ४१

[5] उही, पृ. १७

[6] लेरी डेनियल्सन, सन् १९८०, 'फोकलोरिस्ट, ओरल हिस्ट्रोरियन एन्ड लोकल हिस्ट्री', *द ओरल हिस्ट्री रिभिऊ,* लन्डन एन्ड न्युयोर्क : टेलर एन्ड फ्रान्सिस ग्रुप, खण्ड ४१, अङ्क २, पृ. ६३, स्रोत- www.jstor.org 11/05/2022, 14:04

मोह रहिरहन्छ भन्ने कुरा लोकसाहित्यका अध्येताहरूको अध्ययनले प्रस्ट गर्दछ।[7] यस अर्थमा लोकवार्ता परम्परामा रहेका हुन्छन् अनि परम्परामा रहेको विगतका घटनाहरूका बारेमा जानकारी दिने इतिहासको अवधारणालाई लोकइतिहास भनिन्छ।[8]

लोकइतिहासको सुरु ओडारबाट नै मान्न सकिन्छ। मान्छेको सभ्यताको इतिहास जतिकै पुरानो लोकइतिहासको पनि छ। आदिम समयदेखि नै मानिसहरूले प्रकृतिका विभिन्न तत्त्वहरूलाई साकार रूप मान्दै आए। प्रकृतिलाई मानविकीकरण गर्दै गएर त्यो नै लोकविश्वासको आधार बनियो। सुरु-सुरुमा विभिन्न ठाँउ र स्थानमा मानिसहरूले एकै किसिमको समस्याहरू भोगे होलान् त्यही समस्या भोगाइले जीवन जगत्लाई हेर्ने सामूहिक चेतनाको विकास भयो। त्यही संस्कारगत सामूहिक चेतनाको प्रदर्शन नै लोकइतिहास हो।

परम्पराले लोकइतिहासलाई बचाएर राखेको हुन्छ। किरातीहरूको मुन्दुममा मानिसको उत्पत्ति र विकासको कुरा पाइन्छ। त्यसरी नै लेप्चा जातिका लोककथा र आदि आख्यानहरूमा पनि प्रकृति र मानव जातिको उत्पत्तिबारे विभिन्न विवरण पाइन्छ। यसबाहेक खस समुदायमा विद्यमान खाँडो जगाउने जुन परम्परा पनि यसको उदाहरण हो। त्यसमा पृथ्वीनारायण तथा अन्यको विजय अभियानको इतिहास वाचिक रहेको पाइन्छ। यस कारण यी नै मुन्दुम, कर्खा, लोककथा र गाथा आदिमा वर्णित मौखिक परम्परामा नै लोकइतिहासको चेतना रहेको पाइन्छ।

### २.२ लोकइतिहासको अर्थ

लोकइतिहास शब्द 'लोक' र 'इतिहास' मिलेर बनेको हो। अङ्ग्रेजीमा यसलाई 'फोकहिस्ट्री' भनिन्छ। चूडामणि बन्धुले 'लोक' शब्दलाई (क) 'स्थानका आधार र (ख) सामान्य जनताका आधार गरी दुईवटा अर्थमा हेरेका छन्।[9] उनका भनाइमा 'लोक' शब्दले कुनै भूभागमा अघिदेखि बसोबास गर्दै आएका सबै प्रकारका जन-समुदायलाई समेटेको हुन्छ।[10] त्यसरी नै इतिहास शब्दको व्युपत्ति *इति*+ह+*आस*बाट

[7] जीवेन्द्रदेव गिरी, सन् २०००, *लोक साहित्यको अवलोकन*, काठमाडौँ : एकता प्रकाशन, पृ. २२

[8] रिचर्ड एम डोरसन, सन् १९७१, 'इन्ट्रोडक्सन फोकलोर एन्ड ट्रेडिसनल हिस्ट्री',*जर्नल अव् द फोकलोर इन्स्टिटुड*, खण्ड ८, अङ्क २/३, पृ. ७९ www.jstor.org 11/05/2022, 14:10

[9] चूडामणि बन्धु, सन् २००१, पूर्ववत्, पृ. १३

[10] उही, पृ. १३

भएको पाइन्छ जसको अर्थ *यस्तो+अवश्यै+भएको थियो*- भन्ने हुन्ने हुन्छ।[11] संस्कृतमा 'इतिहास' शब्दलाई परम्परादेखि चलिआएको वा परम्पराबाट प्राप्त उपाख्यानका समूह भन्ने अर्थमा प्रयोग गरिएको पाइन्छ।[12] यस अर्थमा संस्कृतमा चलेको इतिहास शब्दको अर्थले लोकइतिहासलाई नै जनाउँदछ। यस आधारमा हेर्दा इतिहास शब्दले लोकइतिहासकै अर्थलाई वहन गरेको देखिन्छ। त्यसरी नै अङ्ग्रेजीको *'हिस्ट्री' शब्द हिस+स्ट्रोरी* अर्थात् 'त्यो कथा' भन्ने अर्थमा हेरिएको पाइन्छ।[13] यसबाहेक वर्तमानमा 'मेनहिस्ट्री' पनि भनेको पाइन्छ जसको अर्थ 'मान्छेको आफ्नो कथा' भन्ने हुन्छ।[14] यसर्थ लोकइतिहासले 'बितेका मान्छेहरूको इतिहास' वा 'लोकको इतिहास' भन्ने अर्थलाई बुझाउने हुनाले इतिहास नै लोकइतिहास हो भनेर मान्न सकिन्छ।

लोक ऐतिहासिक अध्ययन समाजमा कुनै घटना कसरी, कहिले र कहाँ सम्पन्न भएको थियो भन्ने कुरालाई मितिको आधारमा उल्लेख गर्दिँदैन। वस्तुतः यो प्रचलित मूल्य र मान्यता तथा विधिविधान आदिमा रहेको हुन्छ। यसले मौखिक रूपमा पुस्ता दर पुस्ता हस्तान्तरित हुँदै आइरहेको कथालाई आधारभूमि मान्दछ। यस्ता लोकइतिहास मौखिक रूपमा हस्तान्तरित हुने क्रममा यसले विभिन्न प्रकारको मार्गहरू अपनाउने गर्दछ। लोकइतिहास, लोकजीवन, विभिन्न रीति अथवा रूप वा विधाका माध्यमबाट अभिव्यक्त हुने गर्दछ। यसअन्तर्गत लोकगीत, लोककथा, लोकनाटक, लोकगाथा आदि पर्दछन्।

## २.३ लोकइतिहासको परिभाषा

लोकइतिहास के हो? यो प्रश्न जतिको सरल देखिन्छ त्योभन्दा बढी जटिल र रहस्यपूर्ण छ। यसलाई परिभाषित गर्न धेरै गाह्रो हुने कुरा विद्वान्हरूले स्विकारेका छन्। चार्ल्स फर्थले भनेका छन्- 'इतिहासलाई परिभाषा गर्न सजिलो छैन'[15] लोकइतिहासको सन्दर्भमा पनि उक्त भनाइ त्यतिकै सान्दर्भिक देखिन्छ। लोकइतिहासबारे छुट्टै अध्ययन नगरेर लोकवार्ताकै एउटा पक्षका रूपमा यसलाई हेरिएकाले यसका धेरै परिभाषा पाइँदैन। यद्यपि कतिपय विद्वान्हरूले यसलाई लोकवार्ताकै सन्दर्भबाट हेरेको पाइन्छ। लोकवार्ताका यी विभिन्न स्रोतहरूका आधारमा लोकइतिहासका परिभाषाहरूलाई यस प्रकार राखिन्छ-

---

[11] दयाराम श्रेष्ठ, सन् २००१, *साहित्यको इतिहास : सिद्धान्त र सन्दर्भ*, काठमाडौँ : पालुवा, पृ. १

[12] घनश्याम नेपाल, सन् २०२१, *नेपाली साहित्यको परिचयात्मक इतिहास*, कालेबुङ : उपमा प्रकाशन, पृ.१२

[13] दयाराम श्रेष्ठ, सन् २००१, पूर्ववत, पृ १-२

[14] उही, पृ. २

[15] मेदिनीप्रसाद शर्मा, सन् १९९७, *इतिहास के हो?*, काठमाडौँ : रत्न पुस्तक भण्डार, पृ. ७

(१) लेरी डेनियल्सनको मतनुसार-‘लोकइतिहासलाई मौखिक इतिहास पनि भन्न सकिन्छ। यो अभिजात वर्गको विपरीत इतिहास हो अथवा यसलाई जनताको इतिहास पनि भन्न सकिन्छ।’[16]

(२) चार्ल्स हड्सनअनुसार ‘लोकइतिहास एउटा सान्दर्भिक विषयवस्तु हो। यसले विगतका धारणालाई वर्णन गर्न र व्याख्या गर्न वा सामग्री सङ्कलन गर्न मौखिक इतिहासको सहारा लिँदछ।’[17]

(३) लोकइतिहासले समाजका मानिसहरूलाई विश्वास गर्ने वा वास्तवमा यस्तो भएको थियो भन्ने कुरामा विश्वास गर्दछ वस्तुत: यो विश्वासनीयता र सान्दर्भिकताको भावनालाई न्याय दिने प्रयास लोकइतिहासले गर्दछ।[18]

एउटै समाजमा पनि एकानेक प्रकारको मौखिक परम्परा रहेको हुन्छ। विभिन्न जनजाति समाजमा पाइने मौखिक परम्परा भिन्न भिन्न ऐतिहासिक यथार्थको माध्यम मात्र नभई ती समाजमा विद्यमान संरचनात्मक स्तर भिन्नताका द्योतक पनि हुने गर्दछ। यस्ता धेरै जनजातिहरूमा रहेको पारम्परिक ऐतिहासिक विषयवस्तुको निर्क्योल गर्न गम्भीरता र निदानका लागि लोकइतिहासको आवश्यकता पर्दछ।[19]

मानवीय सभ्यताको आदि कालमा भाषा अनि लिपिको निर्माण भएको थिएन भन्ने ऐतिहासिक विवरण पाइएका छन्। इतिहास वास्तवमा लोकका चेतनामा पनि रहने कुरा स्पष्ट छ। लिपिको निर्माण भएपछि मात्र इतिहासको दस्तावेजीकरण र लेखन कार्य सुरु भएको मानिन्छ। आज पनि सबै प्रकारका ऐतिहासिक सन्दर्भहरू लिखित रूपमा नरहने कुरा सम्भाव्य छ। जनगणका धेरै विषयहरू आदि पनि श्रुति अनि स्मृतिमा बाँचेको पाइन्छ। लिपिविहीन भाषिक समुदाय अनि जनजातिहरूमा श्रुति अनि स्मृति मात्र जातीय इतिहासको सङ्कलन, संरक्षण र प्रसारको माध्यम देखिन्छ। यस अर्थमा यस्ता साधारण मानिसहरूका चेतना र वाणीमा बाँचेको इतिहासलाई नै लोकइतिहास मान्न सकिन्छ।

---

[16] लेरी डेनियल्सन, सन् १९८०, पूर्ववत्, पृ. ६३

[17] चार्ल्स हड्सन, सन् १९६६,’फोक हिस्ट्री एन्ड इथिनोहिस्ट्री’, *इथिनोहिस्ट्री,* ड्युक युनिभर्सिटी प्रेस, खण्ड १३, अङ्क १/२, पृ. ५४, स्रोत- www.jstor.org 11/05/2022, 13:38

[18] उही, पृ. ५४

[19] विलियम सी स्टर्टभेन्स, सन् १९६६,‘एन्थ्रोपोलोजी, हिस्ट्री एन्ड इथोनोहिस्ट्री’, ड्युक युनिभर्सिटी प्रेस, खण्ड १३, अङ्क १/२, पृ. २८, स्रोत- www.jstor.org 09/05/2022, 15:31

## २.४ लोकइतिहासबारे विभिन्न विद्वान्हरूका मत

लोकवार्ताका अध्येताहरूले लोकइतिहासलाई परम्परा वा मानिसहरूको इतिहाससँग जोडेर हेरेका छन्। यी विभिन्न विद्वान्हरूको मत निम्न लिखित छन्-

(क) चार्ल्स हड्सनले 'लोकइतिहासलाई नृजातीय इतिहास भनेका छन् साथै इतिहासलाई ऐतिहासिक अर्थात् इतिहासमूलक विश्वासको स्रोत मान्न सकिन्छ' भन्ने मत प्रस्तुत गरेका छन्।

(ख) आर जी कलिङहुडले 'लोकइतिहासलाई इनक्यापसुलेटेट अर्थात् सार सङ्क्षिप्त इतिहास' मानेका छन्।

(ग) भेन्स रिचर्डसले पनि लोकइतिहासलाई सार सङ्क्षिप्त इतिहास मानेका छन्। उनले लोकइतिहासलाई विगतका घटनाहरूले उत्पन्न गराएका लौकिक विश्वासमा निहित हुने गर्दछ पनि भनेका छन्। सार सङ्क्षिप्त इतिहास त्यस प्रकारको पद्धति हो जसअन्तर्गत कुनै जातिको सामाजिक संरचना अनि त्यस समाज वा जातिमा प्रचलित लोकविश्वास, लोक अवधारणालाई महत्त्व दिइन्छ।

(घ) एन्टिनो ग्राम्सीले *संस्कृति र इतिहास* नामक पुस्तकमा लोकवार्ताका सन्दर्भबारे यसो भन्छन्- 'संस्कृति भनेको आफ्नो ऐतिहासिक महत्त्वप्रति सचेतना हो। लोकसंस्कृति भन्नाले केवल वेशभूषा, खानपान, संस्कार, नाचगान आदि मात्र बुझिँदैन तर यसले आफू अनि आफ्नो पुर्खा, आफ्नो समाज आदिको इतिहासलाई समेत उजागर गर्दछ।'

(ङ) अलेक्जेन्डर क्रेपले 'लोकवार्तालाई ऐतिहासिक विज्ञान' भनेका छन्। उनले सन् १९३० मा लोकवार्ता अध्ययनका सन्दर्भमा उक्त कथन प्रस्तुत गरेको पाइन्छ।[20]

(च) हेनरी ग्ल्यासीअनुसार- 'विगत भनेको इतिहास होइन, इतिहास भनेको विगतको कथा हो।'[21]

(छ) जीवेन्द्रदेव गिरीको 'थारू लोकगीतमा ऐतिहासिक सन्दर्भ' शीर्षक लेखमा व्यक्त इतिहाससम्बन्धी धारणालाई यहाँ उल्लेख गर्न युक्तिसङ्गत देखिन्छ। उनी लेख्छन्-

---

[20] चूडामणि बन्धु, सन् २००१, पूर्ववत्, पृ ४८

[21] हेनरी ग्लयासी, सन् १९८६, 'फोकलोर एन्ड हिस्ट्री', ब्लमिङ्गटन : मिनेसोटा हिस्टोरिकल सोसाइटी, खण्ड ४५, अङ्क १, पृ. २० www.jstor.org 09/06/2022, 22:29

नौसिङभौसिङ रजवा, नेवारसिङ रजवा, दलनवा सेँजे जस्ता नामहरू इतिहासमा नसुनिएका नामहरू छन्। त्यसैले लोकगायकले ठिकसँग तिनको नाम लिन नसकेको देखिन्छ। लोकसाहित्य व्यक्तिका गलामा सर्दै जाने भएकाले पनि कतिपय शब्दको उच्चारणका क्रममा परिवर्तन हुँदै जानु स्वाभाविक छ। इतिहाससँग भिडाएर यसलाई अध्ययन गर्दा यसको वास्तविकता खुल्दै जाने अपेक्षा गर्न सकिन्छ।[22] यस भनाइबाट लोकइतिहासमा कतिपय भाषिक रूप भिन्नता हुने गर्दछ तर त्यसलाई सच्चाउन सकिने सम्भवना पनि उत्तिकै बलियो रहने कुरा बुझ्न सकिन्छ।

(ज) चूडामणि बन्धुले *नेपाली लोकसाहित्य* (सन् २००१)-मा लोकवार्तालाई भौगोलिक रूपहरूको अध्ययन गरेर तिनका आधारमा ऐतिहासिक विकास प्रक्रियाको अध्ययन गर्न सकिन्छ भन्ने धारणा व्यक्त गरेका छन्।[23]

(झ) बलराम पाण्डेले 'लेप्चा लोककथा : परिवेश मिथक र इतिहास' (सन् २०२०) नामक लेखमा लोकइतिहासलाई यस प्रकारले हेरेका छन्- 'इतिहास भन्नाले आज परिभाषित इतिहास मात्र बुझिन्न तर त्यो विगतको वैज्ञानिक एवम् क्रमागत अध्ययन सँगसँगै संस्कार, संस्कृति, जीवनशैली र ज्ञान अनि शिक्षाको एउटा प्रतीक पनि हो। इतिहासको यस अवधारणाअन्तर्गत लोककथा, मिथ अनि स्मृतिलाई इतिहासका स्रोत मान्न सकिन्छ।'[24]

माथि उल्लिखित गरिएका अवधारणाअनुसार लोकमा बाँचेका संस्कार-संस्कृति, धर्म, रीतिथिति, लोककथा, लोकगाथा, मिथक आदिलाई इतिहासको स्रोत मान्न सकिन्छ।

## २.५ लोकइतिहासको विकासक्रम

लोकइतिहासको विकास अनि कालक्रमबारे पनि एकाधिक अध्ययन भएको पाइन्छ। चार्ल्स हड्सनले लोकइतिहासको कालक्रमलाई निम्न प्रकारले गर्न सकिन्छ भन्ने सुझाउ राखेका छन्। उनको मान्यताअनुसार लोकइतिहासको कालक्रमलाई निम्न लिखित तिनवटा वर्गमा विभाजन गर्न सकिन्छ[25]-

---

[22] जीवेन्द्रदेव गिरी, सन् २०००, पूर्ववत, पृ.७१

[23] चुडामणि बन्धु, सन् २००१, पूर्ववत्, पृ. ६५

[24] बलराम पाण्डे, सन् २०२०, 'लेप्चा लोककथा : परिवेश मिथ र इतिहास', मोहन पी दाहाल (सम्पा), *नेपाली अकादमी जर्नल (लोकवार्ता अङ्क)*, नेपाली विभाग : उत्तर बङ्ग विश्वविद्यालय, वर्ष : १६, अङ्क : १७-१८, पृ. ८१

[25] चार्ल्स हड्सन, सन् २०१८, 'फोक हिस्टोरी एन्ड इथ्नोस्टोरी', पृ. ५८, स्रोत- www.jstor.org 07/02/2022, 21:46

(क) मिथकीय समय वा काल

(ख) अनार्वत समय वा काल

(ग) नायक केन्द्री समय वा काल।

### २.५.१ मिथकीय समय वा काल

मिथकीय समय वा काल भन्नाले त्यो समय बुझिन्छ जतिबेला मानिसहरू जङ्गल, गुफा, कुना-कन्दरामा बस्थे अनि आफ्नो जीविकोपार्जन सिकारद्वारा प्राप्त सामग्रीको आधारमा गर्थे। यस अवधिमा मानिसहरू आजको जस्तो शिक्षित र सचेत थिएनन् तापनि उनीहरूमा जीवन जिउने आधार र दृष्टि भने थियो। आदि कालमा मानिसहरू खुल्ला प्रकृतिमा बाँच्ने गर्थे। तिनीहरू नितान्त रूपमा प्रकृतिमाथि नै निर्भर रहेका थिए। प्रकृति नै उनीहरूको मुख्य आधार थियो। यस अवधिमा कुनै प्रकारको धर्म, संस्कार-संस्कृति एवम् ज्ञान-अनुशासनको विकास भएको थिएन। प्रकृतिमा निहित विभिन्न प्रकारका शक्ति साथै प्रकृतिको अगम्य रूप देखेर उनीहरू त्यसैको पूजा गर्न थाले। यसलाई कतिपय विद्वान्हरूले धर्मका प्रारम्भिक रूप पनि मानेका छन्।

यस प्रकारको मिथकीय समय वा काल खण्डमा जीवन जिउने ती आदिम जातिमा प्रकृति नै सम्पूर्ण दृष्टिकोणबाट मुख्य अवलम्बन बनेको थियो। फलस्वरूप यसैका आधारमा कतिपय विधिविधान रीतिथिति अनि मान्यताहरूको निर्माण पनि भयो। त्यस समयमा पाइएको केही प्रमुख मान्यताका आधारमा उक्त समयको सामाजिक अवतरण अनि नियमादि बुझ्न सकिन्छ। उक्त समयको समूहमा व्यभिचार अत्यधिक देखिन्छ। यसअन्तर्गत एउटा प्रचलित संस्कार के देखिन्छ भने उनीहरू एउटै परिवारभित्र पनि वैवाहिक सम्बन्ध जोड्न सक्थे। यसका लागि कुनै प्रकारको सामाजिक रोकटोक थिएन। एक किसिमले मिथकीय समयमा मान्छेहरू सामाजिक, नैतिक नीति नियम आदिबाट उन्मुक्त अनि स्वतन्त्र थिएन।

यस प्रकारको मिथकीय समय वा कालले कालान्तरित कालको आदिम मानव समाजमा प्रचलित रहेको यस्ता तथ्यहरूलाई प्रकाशमा ल्याउँदछ।

### २.५.२ अनावर्त समय वा काल

यसलाई समकालिक भूत मान्न सकिन्छ। यस अवधिमा मानवीय समाज, रीतिथिति, दिनचर्या मिथकीय समय वा काल खण्डमा निर्माण भएका नियम अनि मूल्य मान्यताकै आधारमा क्रमिक रूपले विकास हुँदै आएको देखिन्छ। तर यस कालमा संस्कार तथा रीतिविधिहरूमा केही संशोधन पनि हुँदै आएको देखिन्छ। फलस्वरूप अनावर्त समय वा काल खण्डका मानिसहरूले आफ्नो धार्मिक, सामाजिक, सांस्कृतिक परम्परालाई अघि बढाउँदै ल्याएको देखिन्छ। यसका साथै यस कालमा आदिम युगका मानिसहरूले प्रकृतिको रहस्यमय रूपलाई देखेर कल्पना गरेका कतिपय घटना अनि त्यस घटनाबारे निर्माण भएका रहस्यमय रोमाञ्चक, अतिमानवीय साथै जादु-तिलस्मी, किस्सा आदि लोककथाको रूपमा हस्तान्तरित हुँदै आएको पाइन्छ। यस्ता लोककथा र आख्यानात्मक इतिवृत्तमा काल तथा मानवीय समाजमा प्रचलित मूल्य र मान्यता आदि अभिव्यक्त भएको मान्न सकिन्छ।

### २.५.३ नायक केन्द्री समय वा काल

नायक केन्द्री काल त्यस्तो समय हो जो कुनै व्यक्ति अथवा उसका कार्यहरूमाथि केन्द्रित रहेको हुन्छ। यस कालमा कुनै व्यक्ति विशेष नायक वा अवतार स्वरूप भएका देखिन्छन्। सत्य युगमा रामचन्द्र भगवान्को कथा अनि उनका महत्त्वपूर्ण कार्यहरूले त्यस युगलाई प्रतिनिधित्व गरेको पाइन्छ। यस किसिमका काललाई पौराणिक आख्यानमा सत्ययुग भनेर नामकरण गरिएको छ। त्यसरी नै जब द्वापरयुगको थालनी भयो त्यस युगलाई प्रतिनिधित्व गर्ने प्रमुख नायकका रूपमा कृष्णको अवतरण भएको कथा प्रचलित रहेको छ। द्वापर युगमा कृष्णले सम्पूर्ण अधर्म, अनीति, अनाचार अनि अमङ्गल शक्तिहरूको विनाश गरेर त्यस युगलाई प्रतिनिधित्व गरेका छन् अनि दानवीय शक्तिद्वारा नष्ट हुन लागिरहेको धर्मको पुनःस्थापना गरेका छन्। यस प्रकारले नायक केन्द्री समय वा कालका दृष्टिले पूर्वीय पुराकथामा वर्णित यी दुईजना नायकहरू त्यस युगका प्रमुख केन्द्र छन्, जसमा सम्पूर्ण युग नै केन्द्रीभूत रहेको देखिन्छ। त्यही दृष्टिकोणले पश्चिमी सभ्यतालाई हेर्नु हो भने यस्ता नायक केन्द्री समय वा कालको व्याख्या प्रशस्त रूपमा पाउन सकिन्छ। विशेष गरी ख्रिस्टेली धर्म परम्पराअनुसार हेर्दा येशुको जन्म भएपछि उनको व्यवहारिक सत्कर्महरूले त्यस युगमा समस्त मानव जातिको उद्धार भयो। उक्त दृष्टिमा येशुलाई त्यस युगको प्रमुख नायक मानिएको पाइन्छ। यसरी कुनै युग विशेषलाई प्रतिनिधित्व गर्ने यस प्रकारका सत्पुरुषहरूलाई नायक मानिएका प्रशस्त उदाहरण पाइन्छ, जसको नेतृत्वमा मानव समाजको सह-अस्तित्व कायम

मानिन्छ। यसका अन्य उदाहरणका रूपमा बौद्ध धर्म अनि सम्प्रदायका प्रमुख नायक गौतम बुद्धलाई पनि लिन सकिन्छ।

पुराकथामूलक समय र कालसित सम्बन्धित यस्ता सङ्कथनहरूमा उल्लेख गरिएका प्रमुख चरित्रहरू पुराकथामूलक छन् भने अनावर्त समय वा काल खण्डदेखि वर्तमानसम्म निरन्तर रूपमा प्रवाहित काल एवम् युगहरूमा अन्य थुप्रै कथाका नायकहरू जन्मिएको देखिन्छ। जसलाई राजनीतिक, सामाजिक, सांस्कृतिक, शैक्षिक दृष्टिकोणले पनि व्याख्या गर्न सकिन्छ।

### २.६ लोकइतिहास र अन्य विधासँग यसको सम्बन्ध

लोकइतिहास मानव जीवनसँग सम्बन्धित रहेकाले ज्ञानानुशासनका अन्य विधाहरूसँग पनि यसको घनिष्ट सम्बन्ध रहेको पाइन्छ। यस अन्तर्सम्बन्धलाई तलको उपशीर्षकमा चर्चा गरिन्छ।

#### २.६.१ लोकइतिहास र लोकसंस्कृति

इ वी टेलरले लोकवार्तालाई 'प्रिमिटिव कल्चर' भनेका छन् भने त्यही कृष्णदेव उपाध्यायले लोकवार्तालाई 'लोकसंस्कृति' भनेका छन्।[26] सोफिया बर्नले लोकवार्तालाई पछाडिएका अपेक्षित जातिहरूको विश्वास, रीतिरिवाज, कथाहरू, गीत तथा पहेलीहरूको अध्ययन मानेको छन्। लोकसंस्कृति वस्तुतः आदिम मानवका मनोवैज्ञानिक अभिव्यक्ति हो जसअन्तर्गत दर्शन, धर्म, विज्ञान तथा औषधि आदि कुराहरू पर्दछन्। सामाजिक सङ्गठन अथवा अनुष्ठान इतिहास, काव्य अनि साहित्य अपेक्षाकृत बौद्धिक जगतमा सम्पन्न हुने विषय हुन्,[27] तथापि  लोकमानसमा पनि यी कुराहरू रहेको पाइन्छ।

मुन्दुमलाई श्रुतिमा रहेको किराती जातिको वेद पुस्तक मात्र नभएर उत्पत्ति र विकासको इतिहास पनि मान्न सकिन्छ। यो परम्परामा लोकसंस्कृतिसित सम्बन्धित रहेको पाइन्छ।

#### २.६.२ लोकइतिहास र लोकवार्ता

लोकइतिहास लोकवार्ताको एउटा शाखा हो। यसर्थ लोकइतिहास र लोकवार्तामाझ धेरै समानता रहेको पाइन्छ। लोकवार्ता मानिसको चेतना हो भने लोकइतिहास त्यसको प्रतिफलन हो। विगतको सन्दर्भ लोकइतिहासमा हुन्छ भने लोकवार्तामा पनि विगतकै सन्दर्भ हुने गर्दछ। अलेक्जान्डर क्रेपले

---

[26] कृष्णदेव उपाध्याय, सन् २०१३, पूर्ववत, पृ १८

[27] उही, पृ १९-२०

लोकवार्तालाई ऐतिहासिक विज्ञानका रूपमा परिभाषित गरेका छन्। वास्तवमा लोकवार्ताको स्थिति बुझ्न जातिको विगत र वर्तमानको अवस्था बुझ्ने हुन्छ। लोकवार्ताको अनुसन्धान गर्ने पहिलो विज्ञान पुरातत्त्वविज्ञान हो भने दोस्रो इतिहास हो।[28] यी दुवैवटा विषय लोकवार्तासित पनि सम्बन्धित छन्।

लोक भन्नाले सामान्य जनगण बुझिने हुनाले लोकइतिहासको अर्थ मानिसको इतिहास भन्ने हुन्छ। इतिहासले विगतको परम्पराको अध्ययन गर्दछ अनि परम्पराचाहिँ लोकवार्ताका अभिव्यक्तिसँग विद्यमान रहेको हुन्छ, त्यसै कारण लोकवार्तालाई ऐतिहासिक सन्दर्भसित जोडेर हेर्न सकिन्छ।

कर्नल जेम्स टडद्वारा राजस्थानको इतिहास तयार गर्ने कार्य लोकसाहित्यमा प्राप्त सामग्रीबाट सम्भव भएको देखिन्छ।[29] यसैले इतिहास लेखन कार्यका निम्ति ऐतिहासिक व्यक्तित्व, घटना, स्थान आदिको विवरण, सूचना र तथ्याङ्कहरू लोकवार्तामा भरिपूर्ण हुनाले यसको आधार बनाएर इतिवृत्त तयार पारिने काम इतिहासले गर्दछ। यसबाहेक इतिहासले कुनै स्रोत पाउन असमर्थ भएको खण्डमा लोकवार्ताको शरणमा पुग्दछ। खासगरी लोककथा, लोकगाथा एवम् लोकगीतहरूको ऐतिहासिक-भौगोलिक उद्भव र प्रसारसम्बन्धी कुराहरूको जानकारी इतिहासका लागि सहयोगी विषय हुन्।

इतिहासको सामग्री स्रोत नै लोकइतिहास हो। तथापि लोकइतिहासको अध्ययन लोकसाहित्यमा बढी भएको पाइँदैन। लोकइतिहासको अध्ययन लोकवार्तामा दस्तावेजीकरण सङ्कलन गर्ने कामका लागि नै हुने गरेको पाइन्छ। नेपाली लोकवार्तामा पनि लोकइतिहासको आफ्नै पुस्तक *फोकलोर एन्ड हिस्ट्रोग्राफीमा* वीरेन्द्रनाथ दत्तले  लोकवार्ता विज्ञान र इतिहास विज्ञानको साम्य-विषम्य खुट्ट्याउने राम्रो प्रयास गरेका छन्।

आजको सन्दर्भलाई विगतका समयसित जोड्ने र विगतका सन्दर्भलाई आजको समयमा हेर्ने कार्यका लागि लोकवार्ता एउटा अत्यन्त महत्त्वपूर्ण र प्रभावकारी सेतु जस्तै हो। लोकवार्ताको आधुनिक अवधारणाले लोकवार्तालाई इतिहासको स्रोत मान्ने हुनाले लोकवार्ताले इतिहास विज्ञानसित सहसम्बन्ध स्थापित गरेको हुन्छ भन्ने विषय स्थापित भएको मान्न सकिन्छ। इतिहासले केवल इतिहासको मात्र कुरा गर्दछ। जस्तै कुनै राजाको साम्राज्यको इतिहास युद्धको इतिहास छ आदि सङ्कथनमा अनुपस्थिति

[28] ओथिस टी मसुन,सन् १८९१, 'द नेचुरल हिस्ट्री अव् फोकलोर', *द जर्नल अव् अमेरिकन फोकलोर*, खण्ड ४, अङ्क १३, पृ. ९७, स्रोत- www.jstor.org 11/05/2022, 21:22

[29] चूडामणि बन्धु, सन् २००१, पृ १९

पाइन्छ। इतिहास लेखन परम्परामा पछिबाट सवाल्टर्न अवधारणाले यस कुराको चर्चा गरेको पाइन्छ। आज जातीय इतिहास, सवाल्टर्न इतिहास, स्थानीय इतिहास तथा क्षेत्रीय इतिहासका शाखाहरू विकसित भएका छन् र यी सन्दर्भहरूमा लोकइतिहासको अध्ययन एउटा महत्त्वपूर्ण पक्ष रहको मान्न सकिन्छ। लोकमा रहेको यावत् कुराहरूलाई लोकइतिहास स्रोतका रूपमा अध्ययन गर्न सकिन्छ। विद्वान्हरूले इतिहासकार र लोकवार्ताविद् माझमा थुप्रै समानता रहने देखाएका छन्। दामोदर दर्शनान्द कौसम्बी *मिथ एन्ड रियालटी* पुस्तकमा पूर्वीय दर्शनलाई मिथहरूका आधारमा चर्चा गरेका छन्।

चोम्स्कीको लोकइतिहास विचारधारा होइन, फुकोको अवधारणा होइन, डेरिडाको अवधारणा वा देवकोटा महाकाव्यको दर्शन पनि होइन। यी सबै विचारका खण्डीय रूपहरू हुन् तर यी सबैभन्दा बृहत् र सर्वव्यापी हुन्छ।

### २.६.३ लोकइतिहास र इतिहासको सम्बन्ध

इतिहास शब्दको प्रयोग साधारणतः दुईवटा अर्थमा गरिन्छ- (क) विगतमा भएको कुनै घटना वा घटनावली र (ख) त्यस्ता घटना वा घटनावलीको तिथि मितिसम्मको विवरण तथा त्यसको परिवेश, पृष्ठभूमि आदिको विश्लेषणात्मक अध्ययन।[30]

मानव सभ्यतासम्बन्धी समय क्रममा देखापर्ने अनेक परिवर्तनको विवरणलाई इतिहास भनिन्छ। यो परिवर्तन चरित्रगत, घटनागत वा अन्य प्रकारको हुन सक्छ र यस्तै परिवर्तनले समाजको विकासलाई सूचित गर्दछ। यही परिवर्तन वा विकासका तथ्यहरूको कालक्रमिक विकास वा तथ्यहरूको प्रामाणिक प्रस्तुति नै इतिहास हो। विगतका कुरा इतिहासमा लिखित रूपमा हुन्छ भने त्यही कुरा लोकवार्तामा मौखिक वा स्मृतिमा रहेको हुन्छ।

लोक नभएको भए इतिहासको कल्पना गर्न नै सकिँदैन थियो। लोकइतिहासद्वारा नै इतिहासको निर्माण सम्भव भएको हो। इतिहास लोकमा रहेका हुनाले इतिहास भनेको नै लोकइतिहास हो। तर आधुनिक इतिहासले भन्नाले सम्भ्रान्त वा सामन्ती वर्गको इतिहासलाई मात्र महत्त्व दिँदछ लोकइतिहासले भने अशिक्षित वा अपठित समुदायको इतिहासलाई समावेश गरिन्छ। लोकइतिहासले केवल अपठित वा अशिक्षित जातिको इतिहास मात्र नभएर समग्र जाति, सबै वर्गको इतिहासलाई महत्त्व

[30] घनश्याम नेपाल, सन् २०२१, पूर्ववत्, पृ.१३

दिनेछ। भारत मात्र होइन विश्वकै इतिहासको कुरा गर्नु हो भने इतिहासले केवल शासक वा सम्भ्रान्तलाई स्थान दिइएको छ। बहुसङ्ख्यक जातिको इतिहास पाइए तापनि शोषित, अल्पसङ्ख्यक र सवाल्टर्नहरूलाई इतिहासदेखि विमुख गरिएको छ। तर लोकइतिहासले उनीहरूको परम्परालाई महत्त्व दिइएको पाइन्छ।

इतिहासको सम्बन्ध लोकइतिहाससँग रहेको छ। इतिहास भन्नु नै मानव जातिको इतिहास भन्ने बुझिन्छ भने लोकइतिहासको सम्बन्ध पनि मानवमा नै केन्द्रित रहेको हुन्छ। इतिहास तथ्यमा धेर आधारित रहन्छ भने लोकइतिहासहरू कथ्यमा आधारित रहन्छन्। इतिहासमा तिथिमिथिको विवरण हुन्छ भने लोकइतिहास लोकको परम्परा वा संस्कृतिमा आश्रित रहेको हुन्छ।

लोकइतिहास मानव स्मृतिका सबल पक्ष हो अर्थात् लोकइतिहास स्मृतिमै बाँचेको हुन्छ भने इतिहासले मानव स्मृतिलाई इतिहासको एउटा दुर्बल पक्ष मान्दछ। इतिहासको धारणा के रहेको छ बनावटी, त्रुटिपूर्ण हुन्छ लोकइतिहास र विकृतिहरूको अधिनमा बढी केन्द्रित रहेको हुन्छ।[31]

इतिहासले सत्यलाई उजागर गर्दछ भने लोकइतिहास मौखिक परम्परामा रहेकाले यसलाई इतिहासकारहरू काल्पनाधिक भएको विवरण मान्छन्। धैरै इतिहासकारहरूले यसलाई इतिहासको तथ्यपूर्ण विवरण मान्दैनन्।[32]

### २.६.४ लोकइतिहास र मानवशास्त्र

मानवशास्त्रसँग लोकइतिहासको घनिष्ठ सम्बन्ध रहेको हुन्छ। मानवशास्त्रले मानवको शरीर र रक्त परम्पराका साथसाथै मानव जातिको उत्पत्ति, प्रकार र संस्कृतिको अध्ययन गर्दछ भने यही कुरा नै लोकइतिहासको पनि विषय हो। लोकवार्तामा मानवशास्त्रको अध्ययन गर्ने विद्वान् एडवर्ड बर्नेट टेलर हुन्। मानवको उत्पत्ति र विकाससम्बन्धी जानकारी तथा तिनको विश्लेषण सिद्धान्त एवम् प्रक्रियालाई अघि बढाएर लैजाने मानवशास्त्रले वास्तवमा लोकइतिहासको एउटा नजिकको ज्ञानानुशासन मान्न सकिन्छ।

---

[31] लेरी डेनियलसन, सन् १९८०, पूर्ववत्, पूर्ववत्, पृ.६३

[32] उही, पृ.६३

सामाजिक मानवशास्त्रीहरूले समाज अनि संस्कृतिका विषयमा क्षेत्रकार्य गर्दा वा अध्ययनमा र विश्लेषण गर्दा ऐतिहासिक विधिको प्रयोग गर्दछन्।[33]

मानवशास्त्रको अध्ययनको सबैभन्दा राम्रो प्रमाण आनुवंशिकी हो। मानव आनुवंशिकीको अध्ययन द्रुत रूपमा अघि बढिरहेको छ तर ऐतिहासिक अनुप्रयोगहरूका लागि आवश्यक प्रमाणहरू अझै पनि मानवीय समाजहरूबाट सङ्कलन गरिएको छैन। दुर्भाग्यवश मानव आनुवंशिकीका कुनै पनि खोजहरू पुरातत्त्वका सारहरूद्वारा प्राप्य कङ्कालहरूको अवशेषहरूबाट अध्ययन गरिन्छ तर यसबाट जीवित आनुवंशिकी तथ्याङ्क जतिको सटिक प्रमाण भने दिन सकिँदैन भन्ने धारणा विद्वान्हरूको रहेको छ। यसका परिपूर्ति केवल लोकइतिहासले गर्न सक्दछ।

### २.६.५ पुरातत्त्व र लोकइतिहास

संस्कृतिको इतिहास र संस्कृतिका पक्षहरूसँग सम्बन्धित अन्य क्षेत्रको तुलनामा पुरातत्त्व लोकइतिहासको धेरै नजिक रहेको देखिन्छ। मानव इतिहासको सबैभन्दा ठुलो भाग, क्षेत्रीय र विषयहरूको अध्ययन पुरातत्त्वद्वारा सम्भव हुने मानिन्छ। सांस्कृतिक विकास जस्ता ठुला र दीर्घकालीन ऐतिहासिक घटनाहरूको अध्ययन पुरातात्त्विक प्रमाणहरूमा आधारित रहन्छ। वैध सामान्यीकरणहरू केवल थोरै सांस्कृतिक परम्पराहरूबाट व्युत्पन्न गर्न सकिँदैन।

पुरातत्त्वलाई लोकइतिहास वा लिखित इतिहास दुवैका महत्त्वपूर्ण अङ्ग मानिन्छ। पुरातत्त्वले पुराना अवशेषहरूका आधारमा मानवीय जीवन, रहनसहन, रीतिथिति, चाडबाड, विश्वास, पूजा-पाठ, देवीदेवता, उपकरण, वास्तुकला, स्थापत्यकला, खानपान, वेशभूषा आदिको अध्ययनबाट त्यस सभ्यताको अध्ययन गर्दछ। मानिसले प्रयोग गरेका यी तत्त्वहरूसँग नै इतिहास जोडिएको पाइन्छ।

उनाइसौँ शताब्दीपूर्व लोकवार्तासम्बन्धी अध्ययनलाई 'पुरातत्त्व' भनेको पाइन्छ।[34] सर्वप्रथम १७४६ मा रेवरेन्ड हेनरी बोर्नले सामान्य *जनताका पुराअवशेष* (एन्टिक्युटिइस् अव् द कमन पिपल) नामक पुस्तकमा यस शब्दको प्रयोग गरेका थिए।[35] यसपछि ब्रैन्डले अठारौँ शताब्दीमा बेलायतको सामाजिक व्यवहार, चालचलन, रीतिथिति, आचार-विचार र जीवनशैलीहरूको वर्णन गर्न *लोकप्रिय*

---

[33] चार्ल्स हुडसन, सन् १९६६,पूर्ववत, पृ.५३

[34] चूडामणि बन्धु, सन् २००१, पूर्ववत्, पृ.३९

[35] उही, पृ.३९-४०

*पुराअवशेष* (पपुलर एन्टिक्युटिइस्) नामक अर्को पुस्तक प्रकाशित गरेको पाइन्छ। त्यसरी नै सन् १७६५ मा उनले टम्स पर्सीको *प्राचीन अङ्ग्रेजी कविताको अवशेष* (रेलिस् अव् एन्सेन्ट इङ्ग्लिस पोइट्री) प्रकाशित गरे।[36] यी कृतिहरूलाई त्यस समयका परम्परागत गीत, कविता, गाथा, कथा साथै विश्वास र मान्यताको खोजी गर्नका निम्ति उपयोगी मानिन्छ र त्यसैको अध्ययन र अनुसन्धान गरी त्यस समयका इतिहासको पनि जानकारी प्राप्त गर्न सकिने हुनाले पुरातत्त्वलाई लोकइतिहासको निम्ति पनि महत्त्वपूर्ण तत्त्व वा अङ्गका रूपमा मानिन्छ।

### २.६.६ लोकइतिहास र समाजशास्त्र

समाजशास्त्रले मानव समाजका सङ्गठन, संरचना आदि साथै संस्कृति, रहनसहन, रीतिथिति, प्रथा, रूढि आदिको उत्पत्ति एवम् विकासको अध्ययन गर्छ। यसले मानव समाजका सम्पूर्ण वर्तमान पक्षलाई ओगटेको हुन्छ। यसै गरी लोकइतिहासले पनि लोकसाहित्यमा वर्णित समाज, जाति, प्रथा, प्रचलन आदिको विवेचनाका निम्ति समाजशास्त्रको सहयोग लिएको हुन्छ।

### २.६.७ लोकइतिहास र जातिइतिहास

साक्षरता, शिक्षा र सांस्कृति चेतनाका कारण जातीय इतिहास महत्त्व बढ्दो देखिन्छ। घटित बढ्दो यात्रा र आधुनिक सम्पर्कहरूको प्रभावलाई बेवास्ता गरिनु हुँदैन। सूचनादाताहरूबाट प्राप्त ऐतिहासिक तथ्याङ्कहरूको सङ्कलन स्मृति एथ्नोग्राफीसँग मिल्दोजुल्दो रहन्छ। सामान्यता: जातीय इतिहासमा संस्कृति र स्मृतिको महत्त्व धेरै रहन्छ। जातीय इतिहास विशेष गरी भौतिक संस्कृतिसँग सम्बन्धित छ। तर त्यसको स्रोत सामूहिक अनुभव र विगतसित सम्बन्धमा आश्रित रहन्छ।

## २.७ लोकइतिहासको विशेषता

लोकइतिहासले मूलत: लोक वा मानिसबारे अध्ययन गर्दछ। यसका विशेषताहरूलाई यसरी राख्न सकिन्छ-

### (क) लोकइतिहास परम्परामा बाँचेको हुन्छ:

लोकइतिहासको उत्पत्तिबिन्दु आदिम युगलाई मान्न सकिन्छ। हजारौँ वर्षको सभ्यता भोगेर मानिस आजको अवस्थामा पुगेको छ। तथापि सुरुदेखि मानिस क्रमिक रूपमा विकसित हुँदै हालसम्म आइपुग्दा

[36] उही, पृ ३९

पनि उनीहरूको परम्परामा कुनै परिवर्तन आएको देखिँदैन। यही परम्पराको आलोकमा मानव जातिको विकासको अध्ययन गरिने हुनाले परम्परासँग मानिसको इतिहास जोडिएको हुन्छ।

लोकइतिहास परम्परामा जीवित रहेको हुन्छ। यो मूलतः वक्ता र श्रोता दुवैमा आश्रित हुँदछ। किनभने वक्ताले भन्दै वा गाउँदै आएका ती कथा, गाथा वा गीतहरूलाई श्रोताहरूले सुनेर त्यसलाई सञ्चय गर्ने गर्दछ र पछि ती श्रोताहरूले फेरि अन्य श्रोताहरूलाई सुनाउने गर्दछन्। यसरी एक श्रोतादेखि अर्को श्रोता हुँदै अघि बढ्दै जाने हुनाले यसको सम्पादन पनि लोकले नै गर्दछ।

**(ख) लोकइतिहास मौखिक हुन्छः**

लोकइतिहासको परम्परा लिखित पूर्वदेखि नै परम्परामा रहेको पाइन्छ। प्राचीन परम्परामा रहेको हुनाले यो कहिलेदेखि सुरु भएको हो भन्ने अनुमान लगाउन सकिँदैन। मानव सभ्यता तत्कालै नभएर युगौँदेखि बिस्तारै पाइला सार्दै आजको सभ्यतामा आएको हो। इतिहास हिजोदेखि मात्र लेखिएका होइनन्। यो त मानिसको उत्पत्तिदेखि नै जोडिएको विषय हो। जतिबेला कुनै लिपिको आविष्कार भएको थिएन त्यसै बेलादेखि लोकइतिहास मौखिक रूपमा बाँचेर आएको हो।

**(ग) लोक नै इतिहासकारका रूपमा हुन्छन्ः**

लिखित इतिहासले शक्तिशाली व्यक्तित्वलाई प्रतिनिधित्व गरेको हुन्छ। जस्तै अलेक्जान्डर युग, भिक्टोरिया युग, मुगल युग, ब्रिटिस युग, पृथ्वीनारायण काल, राणा युग आदिले यसका दृष्टान्त हुन्। तर यसको ठिक विपरीत लोकइतिहास लोकका निम्ति लोकद्वारा सञ्चय गरेर राखेको हुनाले यसमा कुनै व्यक्ति विशेषको इतिहास नभएर सम्पूर्ण मानव जातिकै इतिहास रहेको हुन्छ। लोकइतिहास लोकको वाणी र स्मृतिमा रहेकाले लोक नै इतिहासकार र इतिहासका पात्र हुन्।

**(घ) लोकइतिहासको सीमा विस्तृत हुन्छः**

लिखित इतिहास केवल साम्भ्रान्तका इतिहासमा केन्द्रित रहेका हुनाले यो सीमित हुन्छ।अघि कुनै पनि इतिहासकार धन आर्जनका निम्ति सम्पन्न वर्गका मानिसका शरणमा पुगेर उनीहरूको महिमा गाउँदै लेख्ने गर्थे। यस किसिमको स्तुति गाउले परम्परा अद्यावधि पनि रहेकै छ। नेपाली साहित्यका प्रथम कवि सुवानन्ददास पनि यस्तै कवि हुन्। उनले पनि धन आर्जन गर्न पृथ्वीनारायणको शरणमा पुगेको स्विकारेका छन्। इतिहास केवल एक निश्चित व्यक्ति वा समूहका निम्ति मात्र लेखिएको हुन्छ तर लोक शब्द आफैमा

बृहत् भएकाले यसको इतिहास विस्तृत छ। यसले धनी गरिब, शिक्षित अशिक्षित सबैको अध्ययन गर्ने हुनाले लोकइतिहासको सीमा विस्तृत हुन्छ।

**(ङ) लोकइतिहासले स्थानीय इतिहासमाथि जोड दिदँछ:**

इतिहास साक्षर सभ्यतामा विकसित भएकाले यसले व्यक्तिगत अनुभूतिमा रहेको स्थानीय समुदायमा रहेका इतिहास हराइसकेको छ। व्यक्तिगत मौखिक गवाहीले इतिहास बनिँदैन। यसमा अर्ध सत्यता रहने आशङ्का धेरै हुँदछ। यस कारण स्थानीय इतिहासको अनुसन्धानमा लोकवार्ताकार र मौखिक इतिहासकार बिचको सहकार्य आवश्यक रहने गर्दछ। लोकइतिहासले सामूहिकता र स्थानीयताजस्ता विशेषतामाथि बढी केन्द्रित रहेको हुँदछ। स्थानीय इतिहासको साङ्गोपाङ्ग विवरण लोकइतिहासमा रहन्छ।

## २.८ लोकइतिहासको महत्त्व

लोकइतिहास परम्परामा बाँचेको हुन्छ। यसैले कुनै जातिका परम्पराबारे जानकारी राख्न लोकइतिहासले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुँदछ। लोकइतिहासले केवल केन्द्रमा रहेका व्यक्ति सम्भ्रान्ती व्यवस्थाको मात्र नभएर अशिक्षित, अल्पसङ्ख्यक, किनारीकृत वा जनजातिको इतिहासलाई पनि समेटेको हुन्छ।

लोकइतिहासमा कुनै पनि जातिको ऐतिहासिक, सामाजिक, धार्मिक अनि सांस्कृतिक सङ्कथन रहेको हुन्छ। जसले त्यस जातिको सम्पूर्ण इतिवृत्तलाई समेटेको हुन्छ। लोकइतिहासको महत्त्वबारे कुरा गर्दा इतिहाससम्बन्धी लोकको के कस्तो अवधारणा रहेको हुन्छ भन्ने कुरा बुझ्न आवश्यक रहन्छ। इतिहासको निर्माणमा लोकको महत्त्व के-कति रहेको हुन्छ भन्ने विषय पनि यस सन्दर्भ मननीय पक्ष देखिन्छ।

सुरुमा इतिहास लेख्ने चेतना पश्चिममा ग्रीस देशबाट विकसित भएको देखिन्छ भने पूर्वमा चीनबाट विकसित भएको पाइन्छ। यसबाहेक प्राचीन मिश्र, मेसोपोटामिया र अफ्रिकावासीहरूले लिखित एवम् मौखिक रूपमा जोगाएर ल्याएका प्राचीन लेखोट, वंशावली आदिले पनि त्यहाँका मानिसमा भएको इतिहास-चेतनाको परिचय दिन्छन्।[37] यसरी विकसित भएको इतिहास लेखनको परम्परा र दृष्टि पछि

[37] घनश्याम नेपाल, सन् २०२१, पूर्ववत्, पृ. १३

आएर युरोपीय औपनिवेशिक देशहरूले विश्व जितेपछि भिन्न हुन पुग्यो। इतिहासलाई केवल राजा महाराजा, युद्ध र विजेताहरूको इतिहास, क्रान्ति वा आन्दोलनका इतिहास आदि भनेर बुझ्ने गरिन्छ तर यस्ता विषयदेखि परका कुराहरू हुन्। वास्तवमा मानवीय सभ्यताको अलिखित परम्परा पनि इतिहासकै अंश हुन्।

साधारणतः इतिहास भन्नाले जनसाधारण घटनावलीसित सम्बन्धित ज्ञानको स्रोत बुझिन्छ। घटनाको व्याख्यामा कारण-शृङ्खला र परिणाम- शृङ्खलाको ज्ञान आवश्यक हुन्छ। यही नै भारतीय इतिहास दर्शनको मूल आधार रहेको छ। उल्लेख्य, ऐतिहासिक सबै घटना र त्यसको व्याख्या लिखित परम्परामा मात्र रहेको हुन्छ भन्न सकिन्छ। त्यसैले लोकइतिहासको महत्त्व पनि उत्तिकै मान्न सकिन्छ।

मानिसहरू प्रायः म इतिहास जान्दिनँ भन्ने गर्दछन्। उनीहरूका भनाइअनुसार इतिहास बुझ्नु भनेको इतिहासका पुस्तकहरू पढ्नु हो। तर इतिहास पुस्तकमा हुँदैन प्रत्येक व्यक्तिमा हुँदछ जुन वर्तमानका उद्देश्यहरूका लागि सोचिएका हुन्छन्। किनभने प्रत्येक व्यक्तिमा अतीत कालीन घटनाहरूको केही न केही ज्ञान अवश्य नै हुन्छ। ती कुराहरू इतिहासका पुस्तकका बन्द वा मृत इतिहास भएर मात्र बसेको हुँदैन तर अनेक घटना, व्यक्ति, स्थान, विचारद्वारा आफ्नो आयतन विस्तार गर्दछ। यसकै सहयोगबाट मानिस स्वयम्लाई विस्तृत जगत्मा प्रतिष्ठित गर्न सक्दछ।[38] लोकइतिहास विशिष्ट सामाजिक समूहरूको इतिहासभन्दा फरक मौखिक परम्परा ज्ञान र विश्वासमा आधारित छ। त्यसैले लोकइतिहासले मानवीय इतिहासलाई विस्तृत प्रदान गर्दछ भन्न सकिन्छ।

## २.९ लोकइतिवृत्त

इतिवृत्त भनेको विचार, अवधारणा वा घटनाहरूको शृङ्खलाबद्ध रूप हो।[39] 'इतिवृत्त'-लाई अङ्ग्रेजीमा 'न्यारेटिव' भनिन्छ। प्रयोगात्मक *नेपाली शब्दकोश*अनुसार 'पुरानो यथार्थ कथा, बितेको सत्य घटना, कुनै कामकुरा जे जसरी भएको हो त्यसको पूर्ण विवरण वा वृत्तान्त'[40] नै इतिवृत्त हो। यसर्थ इतिवृत्तलाई कुनै घटना अथवा कुनै घटना आदिको वर्णन गरिनु भन्ने अर्थमा बुझ्न सकिन्छ। यस शब्दको प्रथम प्रयोक्ता

[38] मेदिनाप्रसाद शर्मा, सन् १९९७, पूर्ववत्, पृ. १५

[39] घनश्याम नेपाल, सन् २०१४, *विधा विविधा,* कालेबुङ : उपमा प्रकाशन, पृ. ७

[40] हेमाङ्ग राज अधिकारी, बद्री विशाल भट्टराई, सन् २०१३, *प्रयोगात्मक नेपाली शब्दकोश*, काठमाडौँ : विद्यार्थी प्रकाशन प्रा लि, पृ. १३७

फ्रान्सेली आलोचक एवम् सङ्केतविज्ञानी त्स्वेतान तोदोरोवलाई मानिन्छ।[41] उनले इटालेली आख्यानकार गियोवानी बोकासियोको प्रसिद्ध ग्रन्थ *देकामेराँ*का कथाहरूमा अन्तर्निहित इतिवृत्तको साझा रूपको विश्लेषण गर्दै लेखेको *ग्रामेअर द्यु देकामेरा* (१९६९)-मा 'नारातोलजी' शब्द प्रयोग गरेका थिए र पछि यही शब्द नै अग्रेजीमा 'न्यारेटोलजी'-का रूपमा चल्यो।[42] यहाँ इतिवृत्तको चर्चा गर्नाका पछि लोककथामा रहने कथकलाई बुझ्ने अभिप्राय रहेको छ। जसरी इतिवृत्तमा कुनै कुराको वर्णन गर्ने एकजना कथक हुने गर्दछ त्यसरी नै लोकसाहित्य वा लोककथामा पनि कथक हुने गर्दछन्। लोक नै लोकसाहित्यका कथक हुन्। लोकसाहित्य वा कथा-गाथामा कथकले कुनै व्यक्ति होइन तर समूहलाई बुझाउँदछ। यसले लोकइतिहासका वाचक लोक नै हुन् भन्ने बुझाउँदछ।

### २.१० लोकस्मृति

लोकस्मृति दुई शब्दको मेल लोक+स्मृति-बाट निर्माण भएको छ। साधारणतः स्मृति भन्नाले स्मरण, सम्झना हेक्का पनि भन्ने पनि बुझिन्छ। यसलाई साहित्यमा बिर्सिएको वा पुरानो कुरा सम्झना गराउँदा हुने एक सञ्चारी भावका रूपना पनि चिनाएको पाइन्छ।[43] लोकस्मृति लोकको स्मरणशक्ति हो। अङ्ग्रेजी भाषाको 'फोक मेमोरी' शब्दको समानान्तर 'लोकस्मृति' शब्दको प्रयोग गरिएको छ। *प्रयोगात्मक नेपाली शब्दकोश*अनुसार स्मृति भन्नाले  सम्झना, स्मरण, हेक्का भन्ने बुझिन्छ।[44]

लोकस्मृति शब्द कहिलेकाहीँ कथा वर्णन गर्ने क्रममा प्रयोग गरिन्छ। यसले लोककथा वा मिथकहरूको विगतको घटनाहरूलाई जनाउँछ जुन मौखिक रूपमा पुस्ता दर पुस्ता हस्तान्तरित हुँदछ। सम्झनाद्वारा वर्णन गरिएका यस्ता घटनाहरू सयौँ वर्ष पुरानो हुन सक्छ र यसको प्रायः स्थानीय महत्त्व बढी हुन्छ। सम्झनाले कुनै पनि जनजातिका सांस्कृतिक परम्पराहरूलाई पनि समेटेको हुन्छ अनि यस्ता जनजातिहरूका जीवन, जगत्, परिवेश, संस्कृति र इतिहाससम्बन्धी कथा-गाथा श्रुतिमा नै बाँचेका हुन्छन्। यी कुराहरूको दस्तावेजीकरण नगरिए उनीहरू इतिहासविहिन हुन्छन्।[45] इतिहासविहीन जनजातिको

---

[41] घनश्याम नेपाल, सन् २०१४, पूर्ववत, पृ.१०

[42] उही, पृ.१०

[43] हेमाङ्ग राज अधिकारी, बद्री विशाल भट्टराई, सन् २०१३, पूर्ववत, पृ. १५०७

[44] उही, पृ.१५०७

[45] बलराम पाण्डे, सन् २०२१, 'लोकवार्ताको अभिलेखन अनि यस सङ्कलनको महत्त्व', पुष्प शर्मा, *गोलसिमल*, कालेबुङ : उपमा प्रकाशन, पृ.१३-१४

परम्परा, भाषा, संस्कार-संस्कृति र प्राचीनताको अध्ययनमा लोकस्मृतिको महत्त्व धेरै रहेको पाइन्छ। लोकस्मृति नै लोकइतिहास वा जनजातिको इतिहासका स्रोतहरू हुन्।

## २.११ निष्कर्ष

लोकवार्ता अध्ययनको एउटा विशेष विधाका रूपमा विकसित लोकइतिहासबारे चर्चा भएको पाइन्छ। इतिहासलाई हेर्ने नयाँ दृष्टिकोण इतिहासले बेवास्था गरेका अल्पसङ्ख्यक आदिवासी, आदिम जाति, समाजका पछैटे वर्ग, गाउँले जनगण, अशिक्षित आदिको ऐतिहासिक परम्परा एवम् सांस्कृतिक चिनारीको अध्ययनका निम्ति लोकइतिहासले गरेका एउटा अत्यन्तै आवश्यक एवम् महत्त्वपूर्ण स्रोत मानिन्छ। लिखित इतिहासले केवल शासक एवम् सम्भ्रान्त अथवा अभिजात वर्गका इतिहास मात्र लेखियो।

युरोपीय इतिहास चेतना अनि उपनिवेश र उत्तरउपनिवेशवादी इतिहास चेतना उपनिवेशक, विजेता र कुलीन सम्भ्रान्तहरूको इतिहासमा नै केन्द्रित रह्यो। तर सामान्य मानिसहरू, आदिम जाति, अविकसित देशका अविकसित जातिहरूको इतिहासलाई यस किसिमको इतिहास लेखनले महत्त्व नदिएको थाहा लाग्छ। यस्ता धेरै जातिहरू छन् जसको भाषा छ तर लिपि छैन, जसको कथा छ तर इतिहास छैन। उनीहरूको परम्परालाई, कुनै पनि ठाउँसित जोडिएको उनीहरूको परिचय र इतिहासलाई बुझ्नका निम्ति लोकइतिहास मात्र एउटा उपाय देखिन्छ। त्यसैले आजको सन्दर्भमा यस्ता किसिमका विभिन्न जात जातिका ऐतिहासिक चेतना, ऐतिहासिक विभिन्न विषयहरू आदिका खोजीका निम्ति लोक ऐतिहासिक अध्ययनले धेरै टेवा दिएको मान्न सकिन्छ।

# तेस्रो अध्याय

## सिक्किममका मगरहरूको ऐतिहासिक चिनारी

## तेस्रो अध्याय

## सिक्किमका मगरहरूको ऐतिहासिक चिनारी

### ३.१ मगर जातिको अर्थ

'मगर' शब्दको व्युत्पत्तिबारे विद्वान्हरूमाझ अनेक मतभेद रहेको पाइन्छ। चिनियाँ बर्मेली भाषामा 'मङ्गर'-को अर्थ 'मङ्गोलहरूका सन्तान' भन्ने हुन्छ।[46] कुमार प्रधान *किरात इतिहास र संस्कृति* (सन् १९६४)-अनुसार मगरहरू मङ्गोलियन तिब्बती राजा स्त्रोङ-त्सान-गेम्पोका योद्धाहरू थिए अनि तिब्बती शब्द 'माग'-को अर्थ 'योद्धा' हुन्छ।[47] *प्रयोगात्मक नेपाली शब्दकोश*अनुसार मगर 'मध्य पश्चिमी पहाडी भागमा बसोबास भएको नेपालको एक प्रसिद्ध जाति हो[48] भने *नेपाली बृहत् शब्दकोश*अनुसार मगर 'नेपालको मध्य पश्चिमी पहाडी क्षेत्रमा बस्ने भोटबर्मेली भाषिक समूहको एक जाति, मगरातका आदिवासी'[49] हुन्।

प्राचीन इतिहासमा मगरहरूलाई 'लिच्छवी', 'वृजि', 'बिडाल', 'मेडेस', 'भाटी', 'कवि वा कभि', 'अवाटी' भनिन्थ्यो। *मगर जातिको वंशवाली* पुस्तकमा मगरहरूबारे यस्तो वर्णन पाइन्छ-

*महाराजिक: देवस्तेमहरा, मगरा, मगरा, मगर*

*अखण्डे हिमवतखण्डे मंडल महत।*

यस वंशवालीअनुसार महादेवका गणदेवता 'महाराजिक' शब्द अपभ्रंश हुँदै महाराजी-महारा-महरा-महर हुँदै मगर शब्द बन्न गएको हो भन्ने पाइन्छ।[50] यसरी विभिन्न विद्वान् तथा इतिहासकारका भनाइ, ताम्रपत्र, वंशावलीको वर्णन, विवरण आदिबाट पनि मगर जातिको उत्पत्तिबारे थाहा लाग्दछ।

---

[46] वासुदेव थापा पुलामी, सन् २०२१, 'मगरजोङ'-को मौखिक इतिहास सन्दर्भ : सिक्किम-दार्जिलिङ', विष्णु राणा मगर (सम्पा), *मगरजोङ*, अङ्क : २ वर्ष : २, पृ.२९

[47] कुमार प्रधान, सन् १९९१, द *गोर्खा कन्क्वेस्ट,* दिल्ली : अक्सफोर्ड युनिभर्सिटी प्रेस, पृ.३५

[48] हेमाङ्ग राज अधिकारी, बद्री विशाल भट्टराई, सन् २०१७, पूर्ववत्, पृ. १०९४

[49] कृष्णप्रसाद पराजुली, सन् २०१०, *बृहत् नेपाली शब्दकोश*, काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान, पृ ९७५

[50] सन्तोष आले, सन् २००३, *मगर जातिको इतिहास अनि संस्कृति (सिक्किमको सन्दर्भमा)*, गान्तोक सिक्किम, पृ.५

मगर जाति बाह्रौँ शताब्दी भन्दाअघि राई, लिम्बू अनि अन्य जातिहरू जस्तै किरात समुदायभित्र पर्दथ्यो। तर समयसँगै मगर जातिहरू हिन्दू संस्कृतिबाट प्रभावित भई आफ्ना धर्म, रीति-रिवाज, हिन्दू परम्परा अपनाउन थालेपछि मगर जातिलाई किरात भन्न छाडिएको हो।[51]

'सेन मगर' र 'चितु मगर'-को नेतृत्वमा मगरहरूले उत्तरदेखि दक्षिणतर्फ झरेर विभिन्न भूभागमा बसोबास गरे भन्ने किंवदन्ती पाइन्छ। यसै समयमा यी मगरहरू बाह्र झुण्डमा विभाजित भएकाले 'बाह्र मगर' भन्न थालिएको भन्ने कुरा पौराणिक ग्रन्थहरूमा पाउन सकिन्छ।[52] रुकुमअन्तर्गत हुकामको बुढा मगरको लिखित वंशावलीको गहन अध्ययन गर्दा माइकल ओपिजेले मगर समूह घुमन्ते वा अर्ध घुमन्तेमध्ये कुनै एक समूहसित सम्बद्ध रहेको कुरो बताएका छन् जो प्राचीन कालमा आफ्ना पशु, वस्तुका साथ घाँस चारणका निम्ति उत्तरी तिब्बतमा वा मङ्गोलियामा यत्रतत्र भौतारिनु पर्ने जीवन जिउने गर्थे।[53] हङ्गेरीका मग्यारहरूको दावी के छ भने उनीहरूको प्रागैतिहासिक जीवन मध्य एसियामा नै हुनु पर्छ तथा मगरहरू पनि मध्य एसियादेखि नेपाल पसेका हुन्।[54] तसर्थ मगर र मग्यार दुवैको प्राचीनता एउटै हुनु पर्दछ भन्ने तर्क बोडा सरोल्टाले गरेका छन्। कतिपय भाषाविद्हरूले पनि मगर र हङ्गेरीका मग्यारहरूमा केही भाषागत एकरूपता रहेको कुराको पुष्टि गरेको थाहा लागेका छन्।[55]

आदिम कालमा मगरहरू परम्परागत कृषि व्यवसाय र पशु पालनमाथि निर्भर रहने भए तापनि वर्तमान युगमा अन्य पेसाहरूमा संलग्न रहेको पाइन्छ। उदगमताको हिसाबले मगर जातिको धर्म 'प्रकृतिधर्म' हो। आज पनि धामी-झाँक्री लगाएर पितृ-पूजा, घाम, पानी, आगो, भूत-प्रेत, नाग, सिमेभूमे जस्ता पूजाहरू गर्ने गर्दछ। यसरी सांस्कृतिक प्रथालाई अविरल मानिने गरिन्छ। कतिपय विद्वान्हरूको मतअनुसार नेपालको पाल्पा, स्याङजा तनहुँ उनीहरूको मूलथलो भए तापनि पश्चिममा रुकुम, रोल्पासम्म र नेपालका प्राय: सबै जिल्लामा उनीहरूको बसोबास छ। भारतमा सिक्किम, दार्जिलिङ, असम, मेघालय, मणिपुर आदि ठाउँहरूमा पनि मगरहरू छरिएर बसोबास गरेको पाइन्छ। नेपाललाई कुनै समयमा जातीय आधारमा तिन भागमा विभाजन गरिएको पाइन्छ- पूर्वमा किरात, मध्यमा मगरात र पश्चिममा

---

[51] उही, पृ.५

[52] सुभद्रा सुब्बा दाहाल, सन् १९९९, 'मगर जाति-संस्कृति र भाषा',पवन चामलिङ 'किरण' (सम्पा), *निर्माण संस्कृति विशेषाङ्क*, वर्ष १९ अङ्क ३४, नाम्ची : निर्माण प्रकाशन, पृ. ३६६

[53] हर्षबहादुर बुढा मगर, सन् १९९६ , *मगर जाति र उनका सामाजिक संस्कार*, काठमाडौँ : शहीद लखन थापा मगर श्रद्धाञ्जली समिति, पृ. २

[54] उही, पृ. ४१

[55] उही, पृ. ४१

खसान्त। मगरात राज्य कुनै समयमा मर्स्याङदी बेँसीदेखि फैलिएर प्यूठानसम्म पुग्थ्यो र यस मगरात राज्यभित्र चौबीसे राज गर्दथे।

पाल्पाका चौबीसे प्रतापी राजा मुकुद सेन (सन् १५१८-५३)-ले उनको राज्यमा मकवानपुर, तनहुँ, बुटवल, नवलपरासी, गोरखा, लमजुङ, रिसिङ, घिसिङ पनि गाभेका थिए। यी स्थानहरूका मुख्य बासिन्दा मगरहरू हुन्। त्यसैले मुकुन्द सेनको पालामा फैलिएको राज्य मगरातलाई मगर इतिहासकार बृहत् मगर राज्य भनी उल्लेख गर्ने गर्दछ। उनकै राज्यकालमा मकवानपुर, तनहुँ, बुटवल, नवलपरासी, गोरखा, लमजुङ, रिसिङ, घिसिङ आदि राज्यहरू जितेर मगरात राज्यलाई विस्तार गरेको पाइन्छ। १७औँ शताब्दीतिर पृथ्वीनारायण शाहले नेपाल एकीकरण गर्ने क्रममा "म मगरातको राजा हूँ"[56] भनेको ऐतिहासिक तथ्यले पनि मगर जातिको मूलथलो मगरातलाई मानेका छन्। पछि नेपालका विभिन्न ठाउँहरूमा छरिएर बसेका मगरहरू नेवारी जातिसँगै सिक्किम आएका हुन् भनी यदाकदा लेखहरूमा लेखिएको पाइन्छ।

मगरात क्षेत्रको मानचित्र हेर्दा यिनीहरू धेरै टाढाबाट नआएको अनुमान गरिन्छ। तर भाषालाई हेर्दा भने मगर, गुरुङ, तामाङ, चेपाङ, राई, लिम्बू, कैके, थकाली शेर्पासँग मिल्दोजुल्दो देखिन्छ। अठारपन्थी मगर मगरात क्षेत्रबाट खाम प्रान्त सिधा बाटो भएकाले आउन जान सजिलो भएर त्यहाँबाट बसाइँ सरेको हुनु पर्छ भन्न सहजै अनुमान लगाउन सकिन्छ।[57] मगर जाति भोटबर्मेली परिवारमा पर्ने हुनाले अनि उनीहरूको रूप, अनुहार र शरीरिक आकृति मङ्गोल जातिसँग मिल्दोजुल्दो हुनाले मङ्गोल जातिकै सन्तान हुन् भन्न सकिन्छ। मानविकी अध्ययनअनुसार मगरहरूको शारीरिक बनावट लिम्बू, राई, तामाङ, गुरुङ जातिहरूसँग मिल्दछ।

मगर जातिलाई अध्येताहरूले सोझो, रमाइलो, खुल्ला हृदय भएका फर्साइला जाति मानेका छन्। इमानदारीता, सोझोपन, अनुशासन, वीरता र बहादुरी मगरहरूका वंशानुगत गुणहरू हुन्।

---

[56] कुमार प्रधान, सन् २००९, *पहिलो पहर*, काठमाडौँ : साझा प्रकाशन, पृ ४

[57] हर्षबहादुर बुढामगर, सन् १९९६, पूर्ववत्, पृ.१२

### ३.२ सिक्किमका मगर जातिको परिचय

पूर्वीय हिमालयमा अवस्थित सिक्किम एउटा पहाडी राज्य हो। १६ मे सन् १९७५ मा बाइसौँ राज्यका रूपमा विश्वको बृहत् प्रजातान्त्रिक मुलुक भारतमा सम्मिलित हुनभन्दा अघि सिक्किम एउटा छुट्टै राजतान्त्रिक देश थियो। पूर्वमा भूटान, पश्चिममा नेपाल,उत्तरमा चीन शासित तिब्बती स्वायत्त क्षेत्र र दक्षिणमा पश्चिम बङ्गालसँग सिक्किमको सिमाना गाँसिएको छ। राज्यलाई अघि पूर्व, पश्चिम, उत्तर, दक्षिण गरी चार जिल्लामा विभाजन गरिएको थियो तर हालै २१ डिसेम्बर सन् २०२१ मा जारी गरिएको सिक्किम सरकारको अधिसूचनाअनुसार राज्यमा सोरेङ र पाक्योङलाई पनि नयाँ जिल्ला बनाइएको छ। वर्तमानमा सिक्किममा जम्मा छवटा जिल्ला छन्। युकसाम, राब्देञ्ची, तुम्लोङ सिक्किमका पुराना राजधानी थिए भने वर्तमान सिक्किमको राजधानी गान्तोक हो। लेप्चा, नेपाली अनि भोटिया स्थानीय मूल बासिन्दा हुन्। उनीहरूको आआफ्नै भाषा, संस्कार, संस्कृति र धार्मिक आस्था रहेको पाउन सकिन्छ। लेप्चा एउटा सिङ्गो जाति हो भने भोटिया जातिअन्तर्गत विभिन्न उपजातिहरू समावेश रहेको पाइन्छ। यसअन्तर्गत विभिन्न उपजातिहरू जस्तै- कागते, योल्मो, तिब्बती, तोप्थापा, ट्रोमोपा, बार्फुङ्पा समावेश रहेको पाइन्छ। नेपाली एउटा भाषिक एवम् सास्कृतिक समूह हो जसअन्तर्गत विभिन्न जातजाति पर्दछन् जो नेपाली भाषा अनि कतिपय साझा संस्कार-संस्कृतिका माध्यम एकसूत्रमा बाँधिएका छन्। सिक्किमको यही एउटा बृहत् नेपाली समुदायअन्तर्गत रहेको एउटा जाति मगर हो।

सिक्किममा मगरहरूको इतिहास अनि उपस्थितिबारे अपेक्षाकृत थोरै पुष्टि भएको पाइन्छ। एकाध अध्ययनहरूले मगर जातिलाई लेप्चा अनि चोङ (लिम्बू) समान सिक्किमको एउटा पुरानो जाति मानेको छ। तिब्बतबाट भोटे लामाहरू आवागमन हुनभन्दा धेरै अघिदेखि नै सिक्किममा मगरहरूको बसोबास अनि शासन व्यवस्था रहिआएको जानकारी यस किसिमका लेखनद्वारा प्राप्त हुँदछ।[58] सन् १६४२ मा भएको नामग्यालवंशको राज्यावरोहनपूर्व सिक्किममा भौगोलिक तथा राजनीतिक साँध सिमाना स्पष्ट रूपमा कोरिएको थिएन। त्यस बेला सिक्किममा लेप्चा, मगर अनि चोङहरूका साना साना क्षेत्रीय किपटहरू थिए र मुखियाद्वारा व्यवस्था सञ्चालित हुने गर्दथ्यो। ती मुखियाहरूलाई नै जनगणले आफ्नो राजा समान मान्ने गर्थे। मगर जातिमा पनि यस किसिमको व्यवस्था चलाउने थुप्रै राजाहरू थिए जसमध्ये सिन्तुपति सेन, दलसिङ मगर अनि दलकिनारी खपाङ्गी मगरको नाम विशेष रूपले उल्लेख भएको

[58] राम रहुल, सन् १९८३, *द हिमालयन बोर्डरलाइन*, दिल्ली, पृ. २७

पाइन्छ। लेप्चा र लिम्बू जातिबारे धेरै कथा, लोककथा र इतिहासहरू लेखिए तर मगरबारे थोरै इतिहासकारहरूले यदाकदा प्रसङ्गवश एकदुई हरफ लेखिएको देखिए तापनि यसअतिरिक्त सिक्किमका मगरहरूबारे सिङ्गो केही लेखिएको पाइँदैन। फलस्वरूप सिक्किममा मगरहरूको अस्तित्व र इतिहास नै विस्मृतिको कुइरोले पुरिसकेको थियो। सिक्किमका मगर इतिहासकार सन्तोष आलेले *मगर जातिको इतिहास अनि संस्कृति* (सन् २००३) पुस्तक प्रकाशमा ल्याएपछि मात्र स्थानीय मगरहरूको अस्तित्व र इतिहासबारे चर्चा सुरु भएको मान्न सकिन्छ। सिक्किमका इतिहासमा मगरहरूको विशिष्ट स्थान छ। मगरहरू सिक्किम भूमिका लेप्चा र लिम्बू जतिकै प्राचीन र समकालीन निवासी हुन, भन्ने प्रमाण जय धमलाको *सिक्किमको इतिहास* (सन्१९८३) अनि तुलसीराम शर्मा कश्यपको *सिक्किम हिजोदेखि आजसम्म* (सन् १९९६) भन्ने पुस्तकमा पनि उल्लेख गरिएको छ।

के एस सिंह आफ्नो पुस्तक *पिपल अव् इन्डिया : सिक्किम* (सन् १९९३)-मा लेख्छन्- “सिक्किमको बृहत् जातिहरूमध्ये मगर पनि हुन्। उनीहरूको मूलथलो पश्चिम नेपाललाई मानिन्छ। यायावर जाति भएकाले उनीहरू पूर्व नेपाल हुँदै सिक्किम पसेका हुन्।”[59] सिंहको उक्त विचारमा केही ऐतिहासिक त्रुटि पाइन्छ कारण सिक्किमका सन्दर्भमा पाइएका केही लेखोट अनि लोक सन्दर्भका आधारमा सिक्किममा पनि उनीहरूको उपस्थिति प्राचीन समयदेखि रहेको थाहा लाग्छ। धेरै युरोपीय अध्येताहरूले उनीहरूलाई यहाँका पुराना जाति मानेका छन्। वनस्पतिविज्ञ जोसेफ हुकरले *हिमालयन जर्नल* (सन् १८५४)-मा दार्जिलिङ र सिक्किमका मगरहरूलाई सिक्किमका मूल आदिवासी मानेका छन्।[60] कुमार प्रधानअनुसार नेपालको अरूण नदीको पश्चिमतिर देखिएका मगरहरू सिक्किमका आदिवासीहरू हुन्, जसलाई त्यहाँबाट लेप्चाहरूले लिम्बूहरूको देशतर्फ लखेटे अनि तिनीहरूलाई लिम्बूहरूले अझ पश्चिमतिर लखेटे।[61]

थुटोब नामग्याल र यसी डोल्माको *हिस्ट्री अव् सिक्किम* (सन् १९०८) पुस्तकमा सन् १६४२ मा प्रथम छोग्याल फुन्चोक नामग्यालको राज्यअभिषेकमा लेप्चाहरूसँगै सेनाहरूको पनि उत्तिकै महत्त्वपूर्ण

---

[59] वासुदेव थापा, सन् २०२०, ‘मगर जाति र मगरजोङ’, मोहन पी दाहाल (सम्पा), *नेपाली अकादमी जर्नल (लोकवार्ता अङ्क)*, वर्ष १६ : अङ्क १७-१८, पृ. ५३

[60] उही,पृ. ५३

[61] कुमार प्रधान, सन् १९९१, पूर्ववत, पृ. ३५

योगदान रहेको देखिन्छ भन्ने कुरा स्पष्ट रूपमा लेखिएको पाइन्छ। त्यस ऐतिहासिक तथ्यअनुसार मगरहरू नामग्याल राज्याभिषेक हुन अघि नै वास्तवमा सिक्किममा थिए।

ए सी सिन्हा आफ्नो पुस्तक द *हिमालयन कम्युनिटिज* (सन् १९८३)-मा लेख्छन्- जतिबेला सिक्किममा खे-बुम्सा[62] आए उनले लेप्चाहरूसित भातृत्वको सन्धि गरे जसलाई अङ्ग्रेजीमा "ट्रिटी अव् ब्लड ब्रदरहुड" भनिन्छ। उक्ति सिक्किममा स्थानीय पुराना बासिन्दा लेप्चा, लिम्बू र मगर जातिहरू थिए। उनीहरूको जनसङ्ख्या थोरै भए पनि आफ्नै पुरानो भाषा, संस्कार, संस्कृति विद्यमान थिए।[63] खेबुङ्सा आउनभन्दा अघि नै सिक्किममा मगरहरूको उपस्थिति रहेको प्रमाणित हुन्छ।

सिन्ह सरह राम रहुलले पनि आफ्नो पुस्तक द *हिमालयन बोर्डरल्यान्ड* (सन् १९७८) मगरहरूलाई सिक्किमका पुराना बासिन्दा मानेका छन्।

जे आर सुब्बाको पुस्तक *हिस्ट्री, कल्चर एन्ड कस्टम अव् सिक्किम* (सन् २०१६)-अनुसार सिक्किममा नामग्याल शासन सुरु हुन यो साना साना किल्लाहरूमा विभाजित थियो। यसले प्राचीन सिक्किममा मगरहरूको पनि किल्ला थियो भन्ने कुराको सङ्केत गर्दछ। वास्तवमा सिक्किममा पाइएका मगरजोङका अवशेषहरू नै मगर राजाका किल्ला हुन्।

दीपक तिवारी आफ्नो पुस्तक *सिक्किमको साहित्यिक इतिहास परम्परा: स्वरूप र प्रवृत्ति* (सन् २०१३) नामक पुस्तकमा लेख्छन्- प्रगैतिहासिक सिक्किमको सत्यता जान्न-बुझ्न कुनै लिखित इतिहासमा भर नपरी किंवदन्तीहरूमा भर पर्नु पर्ने बाध्यता देखिन्छ। सिक्किममा मगर जातिको उपस्थिति सन् १६०० भन्दाअघि नै रहेको कुराहरू सिक्किमका विभिन्न स्थानहरूमा स्थित मगर जोङहरू, स्थान नाम र जनश्रुतिमा रहेका लोककथाहरूले प्रमाणित गर्दछ।[64]

*किरात वंशावली*अनुसार मगर जातिको उद्भव स्थल पामीरको उत्तरमा अवस्थित 'सिन' प्रान्तलाई मानिएको छ।[65] मगरहरूका नेता 'सिन मगर' र 'चितु मगर' दुई दाजुभाइ थिए। 'सिन मगर' र

[62] खेबुम्सा- खेबुम्सालाई ज्योभो खेबुम्सा पनि भनिन्छ। ज्योभो खेबुम्साको अर्थ दसहजार वीरहरूभन्दा पनि ठुलो भन्ने हुन्छ। एकदिन एउटा विशाल गुम्बाको निर्माणमा एक सय साठवटा खम्बाहरूको आवश्यकता परेको थियो। ती खम्बाहरू साहै ठुलो भएका हुनाले हजारौँ मानिसको आवश्यकता परेको थियो। त्यसैबेला खेबुम्साले ती सबै खम्बाहरू सिधा ठड्याइदिएका थिए। त्यसपछि उनको नाम ज्योभो खेबुम्सा भएको थियो।

[63] ए सी सिन्हा, सन् १९८३, द *हिमालयन कम्युनिटिज*, दिल्ली: इन्डिया बुक्स टुड, पृ.१०

[64] दीपक तिवारी, सन्, २०१३, *सिक्किमको नेपाली साहित्यिक इतिहास परम्परा : स्वरूप र प्रवृत्ति*, सिक्किम: श्रीमती रमा तिवारी, पृ.१५

[65] सन्तोष आले, सन् २००३, पूर्ववत्, पृ. ५

'चितु मगर'-बिच मतभेद र झगडा भएपछि 'सिन मगर' दक्षिणतिर लागी सिक्किमको उत्तरमा 'काङवाचेन' उपत्यकामा आई बसे।[66] त्यहाँ मगरहरूलाई 'तानसाङ्ग थापा' भनेको पाइन्छ। जसको अर्थ सुदुर उत्तरबाट आएको हो भन्ने हुन्छ।[67] सिक्किमका मगरहरू 'सिन मगर'-कै सन्तान हुन् भन्ने कुरा यसले पुष्टि गर्दछ। यहीँबाट पछि भारतका विभिन्न ठाउँहरू जस्तै- दार्जिलिङ, असम, मेघालय, मणिपुर आदितिर उनीहरूले बसोबास गरेको थाहा लाग्दछ।

२५ जनवरी सन् २०२२ को दिन मगर इतिहासकार सन्तोष आलेसँग लिइएको अन्तर्वार्ताअनुसार लगभग इ पू २५००-३००० वर्षअघि महाभारत कालमा सिक्किमको प्रसङ्ग रहेको पाइन्छ। त्यसबेला सिक्किमलाई इन्द्रकिल भनिन्थ्यो। भगवान् इन्द्रको समयमा इन्द्रकिललाई हेरचाह गर्ने यक्ष, गन्धर्व र किनर्ब गरी तिन जातिहरू थिए। यी तिन जातिहरूमध्ये गन्धर्व जाति नै मगर जाति हुन्।[68] मगर जातिका थरहरूमध्ये एउटा थर गन्धर्म हो। उनको भनाइअनुसार गन्धर्व शब्दकै अप्रभंश भई गन्धर्म भएको हो।

सिक्किमका मगरहरूबारे किंवदन्ती पनि पाइएका छन्। उनीहरू लगभग पाँचौँ-छैटौँ शताब्दीतिर सिक्किममा आलुको खेती गरी बसेका हुन् भन्ने कुरा लेप्चाहरूको जनश्रुतिबाट पुष्टि हुन्छ।[69] मगरहरू घुमन्ते प्रवृत्तिका हुन्। यसरी नै खानिसिर्बुङ निवासी आरबी राणाको भनाइअनुसार- 'उहिल्यै दुःख थियो, खाने लगाउने कुराहरू प्रशस्त थिएन। त्यतिबेला जङ्गलमा गिट्ठा-भ्यागुर खोजी खानु पर्थ्यो। त्यस समयमा सिक्किमका लिम्बूहरूलाई मगरहरूले नै गिट्ठा-भ्यागुर खोजी खान सिकाएका थिए। यसै कारण मगरहरूलाई गिट्ठा-भ्यागुर खाने घुमन्ते प्रवृत्तिका हुन् भन्ने गरिन्छ।'[70]

सुरुदेखि नै लिम्बू, लेप्चा र मगरहरूमाझ मदभेदका कारण सधैँ सङ्ग्राम हुने गर्दथ्यो। लिम्बू र लेप्चा जातिहरूले 'लो-मेन-चोङ-सुम' सन्धि गरेर भोटिया शासनको समर्थन गरेकाले अनि लेप्चा र लिम्बू परिवारले बौद्ध लामावादलाई ग्रहण गरेकाले उनीहरू सत्ताको सिकार बन्न परेन। तर मगरहरूले उक्त कुरा अस्वीकार गरेकाले उनीहरूलाई किनारीकृत गरियो र उनीहरूको इतिहास विस्मृत बन्यो।

---

66 उही, पृ १३८-१३९

67 एम एस थापा मगर, सन् १९९२, *प्राचीन मगर र अख्खा लिपि,* काठमाडौँ : नेपाल, पृ ३-४

68 सन्तोष आले, ५५ वर्षीय, पुरुष, मङ्गलबारिया, मिति १५/०१/२०२२ का दिन लिएको अन्तर्वार्ता

69 सन्तोष आले, सन् २०१९, *सिक्किमेली मगर, मगरजोङ-मङ्सारी अनि बाराहीमीजोङ : एक सङ्क्षिप्त पृष्ठभूमि,* पृ. २

70 आरबी राणा, ७३ वर्षीय, पुरुष, खानिसिर्बुङ, मिति २७/०२/२०२२ का दिन लिएको अन्तर्वार्ता

सीमित ऐतिहासिक स्रोत अनि समृद्ध लोक ऐतिहासिक आख्यानका आधारमा मगरहरूलाई सिक्किमका प्राचीन जाति मान्न सकिन्छ। मगर जातिहरूले आफ्नो इतिहासको संरक्षण नगरेकाले वा सिक्किममा अल्पसङ्ख्यकका रूपमा रहेकाले जातिबाट किनारीकृत भएका कारणले सिक्किममा उनीहरूको इतिहास ओझेल हुन पुगेको मान्न सकिन्छ।

मगरहरू सोझा एकोहोरो स्वभावका हुन्छन्, साथसाथै बुद्धिमानी पनि हुन्छन्। सन् १६४२ मा नामग्याल राजालाई सलामी दिने सेनामा मगरहरू पनि थिए भन्ने ऐतिहासिक प्रमाण पाइन्छ। वास्तवमा कुनै पनि सेना सङ्गठन गर्न त्यति सजिलो हुँदैन। आफ्नो जातिको सुरक्षाका लागि सेना तयार गर्न सक्ने जाति अज्ञानी हुन सक्दैन उनीहरूको वीरता र शौर्य देखेर नामग्याल शासनले उनीहरूलाई लाखा पाखा गरेको भन्ने बिके राणाको विचार रहेको छ।[71]

भारतमा मगर जातिको इतिहासबारे जय धमला, तुलसीराम शर्मा ‘कश्यप’, इमानसिंह चेम्जोङ, नामग्याल अनि डोल्मा, महानन्द पौड्याल, कुमार प्रधान, गुप्त प्रधान, धरणीधर दाहाल आदिले गरेका छन्।

मगर जातिको इतिहासबारे लेखिएको सिङ्गो पुस्तक इतिहासकार सन्तोष आलेको *मगर जातिको इतिहास अनि संस्कृति* (सन् २००३) हो। त्यसपछि वासुदेव थापा पुलामीले *मगर जाति र मगर भाषा*को (सन् २००८), शीर्षकमा एमफिल पुरा गरेका छन् भने *सिक्किम अनि दार्जिलिङ क्षेत्रका मगरहरूका लोकवार्ताको प्रतीकपरक अध्ययन* (सन् २०१९) शीर्षकमा विद्यावारिधि पुरा गरिसकेका छन्। यसबाहेक उनले विभिन्न जर्नल तथा पत्र पत्रिका आदिमा लेखहरू पनि प्रकाशित गरी भारतीय मगर जातिको परिचय र इतिहासबारे विस्तृत अध्ययन गरेका छन्।

### ३.३ मगर जातिको संस्कृति

संस्कृति कुनै पनि समाज वा जातिको आत्मा हो। साधारणतः संस्कृति भनेको कुनै पनि जातिको चिनारी वा परिचय हो। संस्कृतिभित्र जीवनको समग्र तौरतरिका र रीतिरिवाज आउँदछ। मानव जातिले आर्जन गरेको संस्कृति नै उसको स्थायी सम्पत्ति हो। संस्कृति मनुष्यको सामूहिक क्रियाकलाप हो अर्थात् श्रम र सिर्जनको माध्यमबाट मानव जातिको निर्माण र विकासको प्रक्रिया हो। संस्कृति व्यक्तिको जन्मजात

[71] बी के राणा, ७३ वर्षीय, पुरुष, किताम, मिति ११/०३/२०२२ का दिन लिएको अन्तर्वार्ता

प्रवृत्ति नभएर उसले सामाजिक शिक्षा र अनुभवहरूबाट प्राप्त गरेको प्रवृत्ति हो। मानिसले समाजबाट सचेत-असचेत रूपमा जे जति सिक्तछ ती सबैलाई संस्कृतिको अङ्ग मान्न सकिन्छ। संस्कृति समाजिक घटना हो। समाजबाट सिकेका व्यवहार वा संस्कार आदि नै संस्कृतिको परिचायक हुन्। संस्कृति, खानपान, रहनसहन, आचार-व्यवहार, चिन्तन-मनन, यथार्थ र आदर्श सबैमा व्याप्त हुन्छ। यद्यपि संस्कृति केवल यतिमा मात्र सीमित रहँदैन। यसभित्र जाति वा समाजका सम्पूर्ण क्रियाकलापहरू, ज्ञानविज्ञान, लोकविश्वास, कला, नैतिकता आदि कुराहरू पर्दछन्।[72] यस कारण संस्कृतिको अस्तित्व समाजमा रहेको हुन्छ। कुनै पनि जातिको सभ्यता र इतिहास संस्कृतिद्वारा नै अभिव्यक्ति हुन्छ। त्यसैले लोकइतिहासको अध्ययनमा सांस्कृतिक पक्षको विवरण अनिवार्य रहन्छ।

संस्कृतिलाई सामाजिक आवश्यकताहरूको पूर्ति गर्ने साधनका रूपमा मानिन्छ। कुनै पनि जातिको संस्कृतिबारे जानकारी प्राप्त गर्न त्यस जातिको संस्कार, वेशभूषा, भाषा, साहित्य आदिको जानकारी हुन आवश्यक छ। यी कुराहरू नै जाति एवम् समाजका चिनारी हुन्। मगरहरू पनि राई, लिम्बू, गुरुङ, तामाङ, सुनुवारहरूझैँ किराती समुदायभित्र पर्दछन्। यही कारणले पनि मगरका संस्कार-संस्कृति अन्य किरातीसित मिल्दोजुल्दो रहेको पाइन्छ। शिखरनाथ सुवेदीले *शिखरनाथभाष्य*मा मगरहरूलाई ठकुरी र छेत्री वंशका सन्तान थिए[73] भनेको कुरा तलका पङ्क्तिले पुष्टि गर्दछ-

ठकुरीका कुलमा गिरी जो गएका
गिरी गिरीकन जो मगर भएका।
मंगरको वंशावली हराएर जान्छ
ठकुरीका गाउँमा पसे पत्ता लाग्छ।

(*शिखरनाथभाष्य*, पृ.६५)

यसरी मगरहरूको सांस्कृतिक सम्बन्ध एकातिर किरातीहरूसित घनिष्ट रहेको पाइन्छ भने अर्कोतिर उनीहरूको सांस्कृतिक ऐतिहासिक सम्बन्ध खसहरूसित पनि रहेको थाहा लाग्दछ। कुमार प्रधानले पनि मगर जातिमा भएका छेत्री थरीलाई खस जातिबाट आएका हुन्[74] भनी मानेका छन्। यसैले मगरहरूको

[72] एम पथिक, सन् २०१८, *लोक साहित्य र संस्कृतिका झलकहरू*, पुलबजार : राधा पुस्तक प्रकाशन, दार्जिलिङ, पृ ३
[73] शिखरनाथ सुवेदी, सन् १९५७, *शिखरनाथभाष्य,* वनारस : श्री दुर्गा साहित्य भण्डार, पृ. ६५
[74] कुमार प्रधान, सन् १९९१, पूर्ववत्, पृ. ३६

संस्कार संस्कृति आर्यसंस्कारतर्फ धेर झुकेको पाइन्छ।[75] तर एउटा उल्लेख्य पक्ष के रहेको छ आर्य संस्कृतितर्फ झुकाउ रहेको पाइए तापनि मगरहरू आफ्नै अक्षुण्ण सांस्कृतिक चिनारी रहेको छ। ती संस्कारगत समष्टिले संस्कृतिको परिचय बोकेको पाइन्छ। अन्य जाति सरह मगर जातिका संस्कारगत पद्धतिलाई मूलत: तिन भागमा विभाजन गरेर हेर्न सकिन्छ-

(क) जन्म संस्कार

(ख) विवाह संस्कार अनि

(ग) मृत्यु संस्कार

### ३.३.१ जन्म संस्कार

मानव जातिमा संस्कारको पहिलो अवस्था नै जन्म संस्कार हो। संसारमा विभिन्न जातिगोष्ठीहरूले आआफ्नै किसिमका संस्कारहरू पालन गर्दै आएको पाइन्छ। जसमध्ये मगर जातिका संस्कारहरू पनि एउटा हो। मगर जातिमा जन्म संस्कारअन्तर्गत विभिन्न संस्कारहरू रहेका छन्। ती हुन् नौरान/न्वारान, भातखुवाइ/अन्नप्राशन, छेवर अनि गुन्यू चोली।

### ३.३.२ नौरान/न्वारान

मगर जातिमा न्वारान संस्कार र विधि मूलत: मगर पुरोहित वा मगर साधुद्वारा गरिन्छ। यस परम्पराले मगर जातिको आफ्नै विशिष्ट सांस्कृतिक चिनारी अद्यावधि बचाइ राखेको मान्न सकिन्छ। संस्कारगत विधिविधानका सन्दर्भ मगरहरू खस र किरात नजिक देखिन्छन्। यसले उनीहरूको भौगोलिक अनि ऐतिहासिक पृष्ठभूमिबारे पनि प्रकाश पार्दछ। सम्भवत: प्राचीन कालमा उनीहरू खस-किराती समुदायको सामीप्यमा रहेका थिए।

मगरहरूका न्वारानको दिन कुल कुटुम्ब, ज्वाइँ चेलाको हातबाट 'गौँत' वा 'सुनपानी' भित्रदेखि बाहिर घर वरिपरि छर्केर घरलाई शुद्ध बनाउने चलन छ।[76] त्यसो गरे पछि घरलाई चोखो वा पवित्र मानिन्छ। यस किसिमको संस्कारले पनि आर्यसंस्कृतिको टडकारो प्रभाव रहेको मान्न सकिन्छ। वस्तुत: मगरहरूको सांस्कृतिक इतिहासले उनीहरूको विविध पृष्ठभूमिबारे प्रकाश पारेको मान्न सकिन्छ।

---

[75] सन्तोष आले, सन् २००३, पूर्ववत् , पृ ७०

[76] पूर्ववत्, पृ.९

### ३.३.३ विवाह संस्कार

मगर जातिमा पनि अन्य समुदायमा जस्तै विवाहका विविध प्रकारहरू छन्। विशेष गरेर मगर जातिमा दुई प्रकारको विवाह पाइन्छ-

(क) लगन्या विवाह र

(ख) औधान्या विवाह

**(क) लगन्या विवाह**

मगर जातिमा विवाहको निम्ति कुनै निश्चित उमेर तोकिएको पाइँदैन। आमा बाबुले तय गरेको विवाह अर्थात् मागी विवाहलाई 'लगन्या विवाह' भनिन्छ। लगन्या विवाह मूलत: लगन आएपछि दुवैको नाम र राशि जुटाइ शुभ साइतअनुसार साधु पुरोहितद्वारा सम्पन्न गराइन्छ। केटा पक्षबाट मगनी गर्न छोरीको आमा बाबाको घरमा 'कलिया' पठाइन्छ। केटी माग्न जाँदा एक ठेकी दही लिएर जान्छन्। यस चलनलाई 'ठेकी काकै' भनिन्छ।[77] केटीको सहमत भए, केटाबाट ल्याएको दही ठेकी स्वीकार गरिन्छ। यसरी स्वीकार गरेपछि केटाको बाबुलाई दोस्रोपल्ट बोलाई कोसेली पातबारे छिनाफाना गरिन्छ।

त्यस बेला कलियाको पनि सहभागिता हुन आवश्यक हुन्छ। सबै कुरा मिलाइसकेपछि सबैको सहमितमा छोरीलाई कलियाहरूका साथ लगाई हुनेवाला ज्वाइँको घर पठाइन्छ।[78] यसपछि दुवै परिवारको सहमतिमा विवाहको मिति तय गरिन्छ। विवाह संस्कारको यस पद्धतिअनुसार मगर जातिमा एकातिर खस संस्कृतिको प्रभाव पाइन्छ भने अर्कोतिर आफ्नै पुरातन संस्कार पद्धति पनि रहेको पाइन्छ। यस किसिमका विवाहसम्बन्धी रहेका विधिविधानले उनीहरूको ऐतिहासिक पक्षलाई पनि चिनाएको मान्न सकिन्छ।

**(ख) औधन्या विवाह**

औधन्य विवाह लगन्य विवाहको विपरीत विवाह हो। यसअन्तर्गत निम्न किसिमका विवाह पर्दछन्-

(क) प्रेम विवाह र चोरी विवाह

(ख) जारी विवाह र

---

[77] उही , पृ.७३-७९

[78] उही, पृ. ७५

(ग) विधवा विवाह

### (क) प्रेम विवाह वा चोरी विवाह

बाबु-आमा अथवा परिवारको सहमतिबिना गरिने विवाहलाई 'प्रेम विवाह' वा 'चोरी विवाह' भनिन्छ। मगर जातिमा चोरी विवाह वा प्रेम विवाहको प्रथा पनि पाइन्छ। चोरी विवाह आफ्नै सजातिभित्र भएको छ भने मात्र नियम नीतिसँग रीत बुझाउँदै जन्तीसित विशुद्ध विवाह सम्पन्न गरिन्छ। अजात केटी भए घर भित्र्याइएको दिन केटाको कुल गोत्रमा लगाइन्छ अनि तिन दिनपछि केटीको बाबु-माइतीकहाँ 'जाहेरी' पठाइन्छ।[79] त्यसदिन केटाबाट आवश्यक सामग्री मिलाई केटाकेटी बुढ्यौली र केटाको बाबु माइतीहरू कुरा मिलाउन जान्छन्। केटीका बाबु माइतीले 'जातदण्ड' भनी विशेष रकम तोक्छन्। रीतिअनुसार 'जातदण्ड' रिवाज गर्दा उनीहरूले भलापञ्चसित मिलेर एउटा 'अकर्नाम' तयार पार्छन् अनि उपस्थित समूहलाई सहीछाप गराउँछन्।[80]

जातदण्ड तिरिसकेपछि केटी लिएर आफ्ना घर फर्कन्छन्। त्यस दिनदेखि मात्र केटी पक्का 'मगरनी' भएको मानिन्छ। यसरी नै मगर परिवारबाट कुनै केटी अजात केटाले भगाएर लगे उनीहरूका बाबु-माइतीलाई रीतिअनुसार बाह्रथरी मगरहरूलाई बोलाएर एउटा 'अकर्नाम' तयार पारी सहीछाप गरिन्छ।[81] विवाहको यस रीतिले पनि मगरहरूको सांस्कृतिक इतिहासलाई दर्साएको मान्न सकिन्छ। यस किसिमका नीतिनियम सिक्किमका अन्य केही पुराना जातिमा पनि पाइएकाले यी जातिहरूसित उनीहरूको सांस्कृतिक सम्पर्कलाई यसले बुझाउँछ।

### (ख) जारी विवाह

कसैको स्वास्नीले पर-पुरुषसित बिहे गरे त्यसलाई जारी विवाह भनिन्छ। यस प्रकारको विवाह मगर जातिको प्रचलनमा रहेको पाइन्छ। जारीको रूपमा पहिलो लोग्नेले तोकेको रकम स्वास्नी लाने व्याक्तिले गाउँका बुढ्यौली अघाडि तिर्नु पर्ने हुन्छ। पहिलो लोग्नेले किनिदिएको सुन चाँदी छ भने त्यो पनि उसैलाई

---

[79] उही, पृ. ७८-८१

[80] वासुदेव पुलामी, सन् २००९, *मगर जाति र मगर भाषा*, सिलगढी : सिस्टम्याटिक डिजाइनर्स एन्ड प्रिन्टर्स, पृ. ४१

[81] उही, पृ. ८९

फिर्ता गर्नु पर्ने हुन्छ। अन्तमा मेलपत्र बनाएर त्यसमा सहीछाप गरी जारी उठाउनेले तिर्नेलाई मेल पत्र सुम्पिन्छन्, जसलाई 'फारगति' भनिन्छ।[82]

### (ग) विधवा विवाह

लोग्ने मरेको स्वास्नीलाई कुनै पुरुषले विवाह गरे त्यसलाई 'विधवा विवाह' भनिन्छ। मगर समाजमा विधवा विवाहको पनि प्रचलन पाइन्छ। विधवा विवाहमा माइती वा बाबु-आमालाई 'गाग्रो बाख्रो' भनेर अलिकति गाग्री वा कुँडामा जाँड र सानो खसी बुझाउनु पर्दछ। त्यसपछि बाबु माइतीले दसैँको छेक पारेर टिकाटालो गरेर बिहेको छिनाफाना गरिदिन्छन्।[83]

आफ्नी स्वास्नी मरेको व्यक्तिले पुन: कन्ने केटी बिहे गरेर ल्याए पूर्ण रीतिथितिसँग भव्य रूपमा बिहे गराइन्छ। बहु-विवाहलाई मगर समाजमा त्यस्तो मान्यता दिइँदैन। कति मगरले एकभन्दा धेरै स्वास्नी बिहे गरी एकसाथ बसेको पनि पाइन्छ। परम्पराअनुसार मगर जातिमा एकभन्दा धेर स्वास्नी अनि एकभन्दा धेर लोग्नेसित बिहे गर्न निषेध छ।

### ३.३.४ मृत्यु संस्कार

मगर जातिको मृत्यु संस्कार नेपाली सांस्कृतिक समूहभित्रका खसेतर जातिसित मिल्दोजुल्दो पाइन्छ। यद्यपि उनीहरूमा राई, लिम्बू वा लेप्चा जातिमा झैँ दफ्नाउने संस्कार रहेको पाइँदैन। उनीहरू लासलाई मसानघाटमा लगेर जलाउने गर्दछन्। यस किसिमको संस्कारले मगर जातिमा हिन्दू सनातनी संस्कृतिको प्रभाव रहेको मान्न सकिन्छ। उनीहरूको सांस्कृतिक इतिहासको अध्ययन गरिए प्राचीन सांस्कृतिक अन्तरमिश्रण रहेको पाउन सकिने सम्भावना राख्न सकिन्छ। सम्भवत: अघि उनीहरूले लासलाई दफ्नाउने गर्थे।[84] कालान्तरमा भएको सांस्कृतिक अन्तरमिश्रण र हिन्दू सभ्यताको प्रभावका कारण उनीहरूको समाजमा यो प्रथा हटेर गएको हुन सक्छ। मृत्यु संस्कार धरती किन्ने लासको मुखधुने, कपाल कोर्ने, नङ काटिदिने, लुगा फेरिदिने, निधारमा सेतो चन्दनको टिका लगाइदिएर त्यसमाथि चाँदीको रुपियाँ राखिदिने। चलन रहेको पाइन्छ।[85] यसरी नै बाबु-आमाको मृत्यु भए छोराहरूले कपाल खौरने गर्दछन्। यसरी नै

---

[82] उही, पृ४२

[83] सन्तोष आले, सन् २००३, पूर्ववत्, पृ. ८३

[84] रूद्रराज मास्के, सन् २०००, *मगरका केही संस्कारहरू*, दार्जिलिङ : कोशेली मगर समाज मुखपत्र, पृ. ४९

[85] वासुदेव पुलामी, सन् २००९, पूर्ववत्, पृ ५३-५४

श्राद्धकार्य गर्दा पितृलाई अञ्जुली पानी चढाउने अनि उल्टो केराका पातमा खाने चलन पनि पाइन्छ। दसदेखि बाह्र दिनसम्म नुनतेल बार्ने चलन पनि पाइन्छ।

अन्तिम संस्कार वा अन्त्येष्टि कार्यमा कसैले बाहुन पुरोहित चलाउने गरेको पाइन्छ भने कसैले अन्तिम दिन मात्र पुरोहित चलाएर रहल दिनहरूमा कुटुम्बले नै काम चलाउने गरेको पाइन्छ। गाईको गौँतले घर परिवार, समाज र छिमेकलाई चोख्याउने प्रचलन अझै पनि मगर जातिमा पाइन्छ। बाहुन-पुरोहितलाई बोलाएर 'गरुड-पुराण' पाठ गराउने चलन पनि रहेको छ।[86] अन्त्येष्टिको दिन पण्डितलाई गौदान र दक्षिणा दिने चलन रहेकाले आर्य संस्कृतिको स्पष्ट प्रभाव मगर संस्कृतिमा रहेको थाहा लाग्दछ। कतिपय मगर जातिमा चेलीद्वारा कुखुराको मासु पकाएर नुनतेल चोखाउने कार्य पनि गर्ने गरेको पाइन्छ। कतिपय ठाउँहरूमा दिनभरिको क्रियाकर्म सकिएपछि बेलुका धामी बोलाएर 'चिन्ता' राख्ने चलन पनि पाइन्छ।

### ३.३.५ मगर जातिको चाडपर्व

नेपाली समाजले विभिन्न समय र ऋतुमा चाडपर्व मनाउने गर्दछन्। कुनै पनि जातिले मनाउने चाडपर्व आदिको सर्वेक्षणद्वारा उनीहरूको ऐतिहासिक परम्परा बुझ्न सहयोग मिल्दछ। मगरहरूले मनाउने विशेष चाडपर्वहरू यस प्रकार छन्-

(क) माघे सङ्क्रान्ति

(ख) चैते दसैँ

(ग) बडा दसैँ, तिहार अनि साउने सङ्क्रान्ति

(च) घिवा सङ्क्रान्ति।

#### (क) माघे सङ्क्रान्ति

मगरजातिका पुर्खाहरू भनिन्छ : माघे सङ्क्रान्ति मगरहरूको विशेष चाड हो। उनीहरूको पुर्खा जङ्गल फाँडेर, गोठ पालेर बस्थे। जङ्गलका जङ्गली कन्दमूल, फलफुल आदि खादँथे। यसका निम्ति जङ्गल सयौँ कोश यात्रा समेत गरेका लोककथाहरू पनि पाइएको छ। मगरहरूको मुख्य खाना गिट्ठा-भ्यागुर हो। यसैले "गिट्ठा-भ्यागुर पलायो, मगर बुढा रमायो" भन्ने लोकप्रचलित उखान पनि पाइन्छ। यस प्रसङ्गले

[86] उही, पृ.५३

मगर जातिको रहनसहन र खानपानको सभ्यताको ऐतिहासिक झलक प्रस्तुत गर्दछ। नेपाली जातिमा प्रचलित माघे सङ्क्रान्तिको पर्व मगर जातिबाट आएको मानिन्छ। यसमा एउटा किंवदन्ती यस्तो छ- “मगर जातिले वनतरुल, गिट्ठा भ्यागुर र अन्य कन्दमूल खोजी खानलाई कुसुन्डालाई राजा बनाए। राजा भएपछि काम गर्न स्वभावले नदिएका हुनाले सालमा एकपल्ट माघ महिनामा आफ्ना प्रजाहरूलाई जङ्गलको वनतरुल, र गिट्ठा-भ्यागुर खन्न लगाई पकाएर खाने र खान लाउने परम्परा सुरु गरे।” समयको गतिसँगै यसले चाडको रूप धारण गऱ्यो जसलाई आज माघे सङ्क्रान्तिका रूपमा बर्सेनी मान्ने गरिन्छ। यसबाट माघे सङ्क्रान्तिको चाड अरू नै परम्पराबाट नेपाली समाजमा आएका हुन सक्ने भए तापनि यस चाडमा गिट्ठा-भ्यागुर र फलफुल खाने चलनचाहिँ मगरबाट आएको हो भन्ने मत निक्कै बलियो देखिन्छ। सिक्किमको नेपाली समाजमा परापूर्व कालदेखि चलेर आएको माघे सङ्क्रान्तिको चाड र फलफुल खाने परम्पराले सांस्कृतिक र ऐतिहासिक पृष्ठभूमिमा मगरहरूको विशेष उपस्थिति र महत्त्व रहेको मान्न सकिन्छ।

### (ख) चैते दसैँ

यस चाडलाई सबै नेपालीहरूले मनाउने गर्दछन्। मगर जातिमा पनि यस चाडलाई प्राथमिकता दिइन्छ र यही चाडलाई बडा दसैँको सानो रूप पनि मानिन्छ। चैतको शुक्लपक्षको अष्टमीको बिहान मगर जातिहरूले ‘कोत’-को पूजा गर्दछन्। यसमा भैरवलाई कोतका देवता मान्ने गरेको पाइन्छ। बलि चढाउँदा पहिले एकजना पुजारीले मार हान्ने गर्दछन्। कोतको पूजा सकेपछि घाटु नचाउने गर्दछन्।[87] कोत भैरव र बलिको प्रसङ्गले पनि मगरहरूको इतिहासलाई नेपाल अनि भारतको हिमाली क्षेत्रसित सम्बद्ध रहेको देखाउँदछ।

### (ग) बडा दसैँ, तिहार अनि साउने सङ्क्रान्ति

बडा दसैँ हिन्दूहरूको विशुद्ध चाड हो। यस दिन मगरहरू आफ्ना बुजुर्ग व्यक्तिबाट दही-चामलको टिका लगाउने गर्दछन्। आफूभन्दा ठुला बडालाई ढोगेर आशीर्वाद प्राप्त गर्दछन्। यसरी नै उनीहरूले तिहार चाड पनि खुबै प्रेमपूर्वक मनाउने गर्दछन्। प्राचीन परम्पराअनुसार बलिहाङ नाम गरेको नामी, धर्मी न्यायप्रेमी मगर राजा थिए। तिहारमा उनको स्मरणस्वरूप पूजा गर्दै आइरहेको हो भन्ने कथन मगरहरूमा पाइन्छ।[88]

---

[87] वासुदेव पुलामी, सन् २०१९, पूर्ववत्, पृ. ४६

[88] सन्तोष आले, सन् २००३, पूर्ववत्, पृ.१०६

पुरुषहरू देउसी र स्त्रीहरू भैलेनी खेल्दा 'बलि राजाको हुकुममा हुँदा, आएका हामी' भन्दै भट्याउने प्रचलन पाइन्छ। यी सबै चाड पर्वको प्रसङ्गले एकातिर मगरहरूको सांस्कृतिक चिनारी झल्काउँदछ भने अर्कोतिर प्राचीन तथा मध्यकालीन भारतमा भएको सांस्कृतिक अन्तरमिश्रणलाई चिनाउँदछ, जसले भारतमा मगरहरूको प्राचीन इतिहास स्थापित गर्दछ।

**(घ) घिवा सङ्क्रान्ति**

मगर समाजमा भाद्र १ गतेलाई घिवा सङ्क्रान्ति पनि भनिन्छ। त्यस दिन मिठा-मसिना खाना पकाएर छोरी-चेलीहरूलाई खुवाइन्छ। विवाहित छोरीहरू त्यस दिन माइत नआएमा उनीहरूको भाग घर घरमा कोसेली पठाइदिने चलन पनि पाइन्छ। यो चाड पनि हिन्दू खसहरूको तिजसित मिल्दोजुल्दो रहेको पाइन्छ। खसहरूमा विद्यमान तिजमा चेलीलाई दर खुवाउने परम्परासित घिवा सङ्क्रान्ति एकै लाग्छ।

### ३.३.६ मगर जातिको कुल पूजा

मगरहरू मूल रूपमा प्रकृति पूजक वा पशु धर्मावलम्बी हुन्। तान्त्रिक वा बोन धर्म पनि उनीहरूको पौराणिक धर्म हो। उनीहरू आत्मवादमा विश्वास गर्छन्। तन्त्र-मन्त्र, टुना विद्या पनि मगरहरूमा विद्यमान रहेको पाइन्छ। प्रायः सबै कर्महरू धामी-झाँक्रीद्वारा सम्पन्न गर्दछ। मगरहरूले मान्ने धर्मलाई झाँक्रीवाद पनि भन्ने गरिन्छ। आफ्ना वंशज पुर्खाहरूको आत्माको स्मरणमा आत्मा-शान्ति र पारिवारिक कल्याणको भाव राखेर गरिने पूजालाई 'कुल पूजा' भनिन्छ। मगर जातिले मान्ने पूजाहरूमध्ये कुल पूजा मुख्य मानिन्छ। विभिन्न स्थान र थर, उप-थरअनुसार पूजा विधि, पूजा समयावधि नाम आदिमा भिन्नता पाइए तापनि यो पूजा मगरहरूले आफ्ना पूर्खाहरूको स्मरणमा नै गरेको पाइन्छ। कुल पूजा गर्दा सुरुमा गाईको बलि चढाइने भए पनि वर्तमान समयमा गाईको प्रतीक पिठोको गाई बनाएर गाईका पुच्छरका रौँ र खुर पूजा स्थलमा राखी बोका, सुँगुर, साँढे, राँगो, बाख्रो, कुखुरा, हाँस, परेवा आदि अन्य पशु तथा पन्छी बलि दिने गरेको पाइन्छ। एकातिर कुल पूजा र धार्मिक आस्थाले उनीहरूलाई हिमाली मूलका जातिका रूपमा चिनाएको छ भने अर्कोतिर गौहत्या गर्न नहुने हिन्दू सनातनी आस्था पनि पछिबाट उनीहरूमा भित्रिएको पाइन्छ।

**(क) बाराहीमीजोङ**

मगरहरूले मनाउने चाडहरूमध्ये सबैभन्दा मुख्य चाड 'बाराहीमीजोङ' हो। यो शब्द 'बाहारी' र 'मीनाट' को मेलबाट बनेको मानिन्छ। मगर भाषामा ईश्वर वा देवतालाई 'बाहारी' अनि पूजा वा आराधनालाई 'मीनाट' भनिन्छ।[89] आफ्नो परिवार, छरछिमेक एवम् समस्त मानव जातिको हित र सुरक्षाका लागि आफ्नो इष्टदेव, पुर्खा तथा कुलदेवताको पूजा-आराधना गरिने दिनलाई 'बाराहीमीजोङ' भनिएको हो। यस चाडलाई सिक्किमका मगरहरूले बर्सेनी मनाउने गरेको पाइन्छ। यो चाड सामान्यत: मङ्सिरको पूर्णिमादेखि सुरु भएर पञ्चमीको दिन भव्यताका साथ समापन हुन्छ। वर्षभरिको दु:ख, पिर-मर्कादेखि उन्मुक्त भई, हार्दिक कृतज्ञता व्यक्त गर्दै आउने समयमा पनि सुख शान्ति बनिरहोस् भनी बाराहीमीजोङको दिन पूजा-आराधना गर्दै प्रार्थना गरिन्छ। बाराहीमीजोङ पूजाका विधिहरू यस प्रकारका छन्- वर्षभरि लगाएको अन्नबाली र फलफुल मङ्सिर महिनामा उठाएर ती सबैको केही अंशसहित विभिन्न कन्दमूलहरू देवतालाई चढाइन्छ। यस चाडलाई विशेष गरेर घर परिवारमा कहिलेकाहीँ सार्वजनिक रूपमा पनि मनाउने गरिन्छ। यो पूजा घरका मूल अथवा गाउँका मूल मगर पुजारी भुसालले सञ्चालन गर्ने गर्छन्। सात तला भएको त्रिकोणीय आकारमा निर्माण गरिएको बाराहीममा फलफुल, कन्दमूल र बिउ-पलबिउ, चामल, अन्डा आदि अर्पण गरि धूप र दीप बालिन्छ। मङ्सिर पूर्णिमाको दिन नै 'बारही-जल, धूप दीप र पाती चढाएर चार-दिनसम्म दिनहुँ आराधना गरेर समापन गरिन्छ।'[90]

सिक्किमका सन्दर्भमा बाराहीमीजोङको विशेष महत्त्व छ। वास्तवमा यही चाडको माध्यमबाट सिक्किमका मगर जातीय तथा सांस्कृतिक र राजनीतिक चेतनाको सुइरो लागेको मानिन्छ। आजको सिक्किममा मगर जातिले सामूहिक रूपमा पालन गर्ने सबैभन्दा ठुलो चाड बाराहीमीजोङ नै हो। यस पर्वको माध्यमद्वारा राज्यस्तरीय रूपमा मगरहरूले आफ्नो जातीय संस्कृति तथा ऐतिहासिक चिनारीलाई प्रभवकारी ढङ्गमा स्थापित गरेको पाइन्छ। यसका साथै सिक्किमको समाज सांस्कृतिक र राजनीतिक परिप्रेक्ष्यमा आफूलाई पूर्णत: स्थापित गर्ने चेतना सञ्चारित गरेको पाइन्छ।

[89] उही, पृ.१०३-१०७

[90] उही, पृ. १०३

**(ख) भीमसेन पाती**

मगरहरूले मनाउने चाडहरूमध्ये भीमसेन पाती पनि एउटा हो। जसरी आर्यहरूले 'तुलसी'-लाई पवित्र मानी पूजा गर्दछन्, त्यसरी नै बौद्ध धर्मका महायान शाखाका बौद्धहरूले भीमसेन पाती पूजा गर्दछन्। मगरहरूमा विद्यमान यस पूजाको परम्पराले उनीहरूमा बौद्ध महायान शाखाको प्रभावलाई स्पष्ट पार्दछ।

### ३.३.७ सोरठी

सोरठी मगरहरूको एउटा चर्चित अनि महत्त्वपूर्ण नृत्य नाटक हो। यसमा जयसिंह राजा र  हैमन्ती रानीको कथा पाइन्छ। वास्तवमा जयसिंह र हैमन्ति रानी को थिए? के तिनीहरू मगर जातिका प्राचीन राजा रानी थिए? यस्ता प्रश्नहरूको उत्तर आजसम्म पाइएको छैन। यो एउटा नयाँ शोधको विषय देखिन्छ। तथापि यस कथालाई मगरहरूले आफ्नै प्राचीन ऐतिहासिक प्रसङ्गसित जोडेर हेर्ने गरेको पाइन्छ। मगरहरूको लोक ऐतिहासिक अध्ययनमा सोरठीको प्रसङ्ग पनि लाभकारी हुन सक्ने मानिन्छ।

## ३.४ निष्कर्ष

भाषा, साहित्य, संस्कृति अनि इतिहास कुनै पनि जातिको चिनारीमा पछि रहने मूलभूत आधार हो। लोकइतिहासको सन्दर्भमा लोकसंस्कृतिको अध्ययन पनि त्यतिकै महत्त्वपूर्ण देखिन्छ। इतिहास श्रुतिमा बाँचेको हुन्छ भने अर्को लेखनमा बाँचेको हुन्छ। लेखन परम्पराको इतिहासले कुनै पनि पछौटे वर्ग वा जातिको इतिहासलाई पूर्णत: लिखित इतिहासले समेटेको पाइँदैन। त्यसैले ती जातिको इतिहास ऐतिहासिक सन्दर्भको खोजीका निम्ति लोकइतिहास जति आवश्यक रहन्छ त्यति नै लोकसंस्कृतिको अध्ययन पनि महत्त्वपूर्ण रहन्छ। इतिहासले विभिन्न समयमा घटेका घटना अथवा लोकइतिहासले जातिसम्बन्धी रहेका ऐतिहासिक अनुभवहरूको चर्चा गर्दछ। संस्कृतिले सांस्कृतिक पर्व, सांस्कृतिक धरोहर, सांस्कृतिक विभिन्न विधिविधान एवम् सांस्कृतिक चाडपर्व यस्ता यावत् कुराहरूमा प्रयोग गरिने अनि ती चाडपर्व, उत्सव, मेला र भेला आदिमा प्रयोग गरिने यसका भाषिक सङ्कथन, गाथा, मन्त्र र मुन्धुम सँगसँगै विभिन्न ठाउँसित जोडिएका वस्तुहरू, निश्चित प्रकृतिसित जोडिएका कुनै हिमाल, पहाड, पोखरीसितको सम्बन्ध यस्ता सांस्कृतिक उत्सव आदिले स्थापित गर्ने भएकोले गर्दा सांस्कृतिक अध्ययन पनि लोकइतिहासको अध्ययनमा एउटा अत्यन्तै महत्त्वपूर्ण पक्ष रहेको पाइन्छ।

मगरहरूको लिखित इतिहास थोरै पाइन्छ अनि लोक ऐतिहासिक सन्दर्भ र स्मृतिमा रहेका कुराहरू धेरै पाइन्छ। जसलाई चौथौ अध्यायमा विस्तृत रूपमा चर्चा गरिएको छ। मगरहरूका सांस्कृतिक अध्ययन र संस्कृति कुन-कुन समयमा कसरी परिवर्तन भएको छ वा कुन समयमा कस्तो किसिमको सांस्कृतिक परिवर्तन आए आदि यावत् कुराहरूको चर्चा यस अध्यायमा गरिएको छ। यसबाहेक उनीहरूको परम्परागत सांस्कृतिको सार्थकता कस्तो छ अनि उनीहरूको संस्कृति कुन ठाउँसित र कुन परिवेशमा आएको छ? जस्ता कुराको अध्ययनले उनीहरूको ऐतिहासिकतालाई पनि प्रस्ट पारेको देखिन्छ। मूलतः मगरहरू सांस्कृतिक रूपले हिमाली जाति भएको मानिन्छ तर उनीहरू प्राचीन कालमा आर्य, खस अनि अन्य किरातीहरूसित पनि सम्पर्कमा आएको र यस किसिमको सांस्कृतिक सम्मिश्रण भएको ऐतिहासिक प्रमाण मगरहरूको सांस्कृतिक अध्ययनद्वारा थाहा लाग्दछ।

# चौथो अध्याय

## मगरजोङ : लोकस्मृति अनि इतिहास

## चौथो अध्याय

## मगरजोङ : लोक स्मृति अनि इतिहास

### ४.१ मगरजोङको परिचय

सिक्किम विशेष गरेर लेप्चा, भोटिया र नेपालीहरूको बसोबास भएको राज्य हो। नेपाली एउटा सांस्कृतिक समूह हो जसअन्तर्गत विभिन्न जात जातिहरू पर्दछन्। मगरहरू सिक्किमका पुरानो जातिहरूमध्ये एक हुन्। मगर जातिको इतिहास, परम्परा, संस्कार-संस्कृतिबारे अध्ययन तेस्रो अध्यायमा गरिएको छ। मगरजोङसित जोडिएको इतिहास र स्मृतिको चर्चा यस अध्यायमा गरिएको छ।

वर्तमानमा सिक्किमको छवट्टै जिल्लाहरूमा मगर जातिको बसोबास रहेको पाइन्छ। सन् १८९१ को जनगणनाअनुसार सिक्किममा मगरहरूको जनसङ्ख्या जम्मा ९०१ रहेका थियो भने सन् २००६ डिस्मेको रिपोर्टअनुसार सिक्किममा मगरहरूको जनसङ्ख्या १५,७०२ रहेको छ।[91] मगर जातिलाई सिक्किमका प्राचीन जाति मानिन्छ। उनीहरूको इतिहास थोरै लेखिएको पाइए तापनि लोकपरम्परा, लोकसंस्कृति, कथा अनि गाथाहरूमा सिक्किमका मगरहरूको प्राचीन उपस्थिति रहेको पाइन्छ। धेरैजसो यस्ता ऐतिहासिक सन्दर्भहरू उनीहरूको स्मृतिमा बाँचेको पाइन्छ। डोनाल्ड ए रिची (सन् २००३) भन्छन् : जन-स्मृति सामूहिक वा स्मृतिले कुनै पनि समाजको विगतको सामूहिक अवस्थालाई प्रस्तुत गर्दछ। जनगनका स्मृतिमा विभिन्न किसिमका विम्ब, सङ्केत अनि कथाहरू समावेश रहेको हुन्छ जसले समुदायलाई विगतका स्मृतिका आधारमा वर्तमानलाई परिभाषित गर्न, बुझ्न र बुझाउन सहयोग गर्दछ।[92]

इतिहासको लेख लिखित परम्पराले विश्वका धेरै जाति, विशेष गरेर आदिवासीको इतिहास र चिनारीलाई अदेखा गरेको पाइन्छ। यस्ता जातिहरूको इतिहास बुझ्न उनीहरूको समाजमा बाँचेको श्रुतिआख्यानले सहयोग गर्दछ। विगतका सन्दर्भमा आगतलाई बुझ्ने दृष्टि विभिन्न जनभेला, सांस्कृतिक उत्सव, सांस्कृतिक पर्व, स्मारक एवम् भौगोलिक, धार्मिक तथा सांस्कृतिक स्थल आदि जस्ता कुराहरूद्वारा पनि व्यक्त भएको हुन्छ।[93]

[91] ………, सन् २००६, सोसियो इकोनोमिक्स सर्भविसन्, डिस्मे : रिपोर्ट सिक्किम सरकार गान्तोक

[92] डोनाल्ड ए रिची, सन् २००३, डुविङ ओरल हिस्ट्री, न्युयोर्क : अक्सफोर्ड युनिभर्सिटी प्रेस, पृ. ३६

[93] उही, पृ.३६

सिक्किमका मगर जातिको इतिहासलाई उनीहरूका उत्सव, सांस्कृतिक चाडपर्व, स्मारक तथा भौगोलिक, धार्मिक र सांस्कृतिक स्थल आदिको अध्ययनद्वारा स्थापित गर्न सकिन्छ। यस्ता ऐतिहासिक पुरातात्त्विक प्रभावका रूपमा सिक्किममा धेरैवटा मगरजोङका अवशेष पाइएका छन्। यस मगरजोङको सन्दर्भलाई केन्द्रमा राखेर मगरहरूको लोक ऐतिहासिक अध्ययन गरिएको छ।

'जोङ' शब्द भोटबर्मेली शब्दबाट आएको हो, यसको अर्थ 'किल्ला' वा 'गढी' हो। अङ्ग्रेजी भाषाको 'फोर्ट' शब्दको समानान्तर नेपालीमा 'किल्ला' वा 'जोङ' शब्दको प्रयोग गरिएको छ। *प्रयोगात्मक नेपाली शब्दकोश*अनुसार 'किल्ला' वा 'जोङ' भन्नाले 'शत्रुबाट बचाउ गर्न चारैतिर घेरी सुरक्षित पारिएको ठाउँ, दुर्ग, गढ, कोट'[94] भन्ने अर्थ हुन्छ। सिक्किमको इतिहासमा मगरहरूका राजा सिन्तुपति सेनलाई विशेष उल्लेखनीय मानिन्छ। कतिपय विद्वान्हरूले गढी वा जोङलाई एउटै अर्थमा हेरेको पाइए तापनि तथापि जोङ भन्नाले राजा बस्ने ठाँउ वा दरबार हुन्छ भने 'गढी' शब्दले 'सेनाहरूले अभ्यास गर्ने ठाउँ वा सैनिकहरू बस्ने स्थान भन्ने हुन्छ।[95]

इतिहासकार सन्तोष आलेले सिक्किममा मगरहरूको उपस्थिति लगभग पाँचौँ शताब्दीदेखि हुनु पर्छ भनी बताएका छन्। एघारौँ शताब्दीभन्दा अघिदेखि मगरहरूले मगरजोङ स्थापना गरेर राजकाज गर्दै आएका थिए भन्ने कथाहरू पाइए तापनि तिनताक कुनै मगर राजाहरूको कतै उल्लेख छैन भन्ने मत सन्तोष आलेले *मगर जातिको इतिहास अनि संस्कृति* (सन् २००३)-मा प्रस्तुत गरेका छन्। यद्यपि सयौँ वर्ष यता सन् १६०० तिर मङ्सारी मगरजोङमा मगर राजा सिन्तुपति सेनले मगर राज्य स्थापना गरी शासन चलाएको इतिहासमा उल्लिखित छ।[96] इतिहासमा मगरहरूको राजा सिन्तुपति सेनलाई विशेष उल्लेखनीय मानिन्छ। उनीपछि पनि मगर राजाहरूले सिक्किमका विभिन्न ठाउँहरूमा साना साना जनपद वा राज्यहरू स्थापना गरी शासन चलाएका थिए। ती मगरजोङहरू- मङ्सारी मगरजोङ, बर्थाङ-बर्फोक मगरजोङ, सुल्डुङगढी, मगरथाङ मगरजोङ, रातेपानी-कटेङ मगरजोङ, कामराङ मगरजोङ, फामताम मगरजोङ, सुदुङलाखा मगरजोङ, मगरदलाम, कितामगढी, आदि हुन्।[97] यी मगरजोङहरूमध्ये कतिपय मगरजोङहरूको भग्नावशेष आज स्पष्ट पाउन सकिन्छ। कतिपय जोङहरूको संरक्षण नगरिएकाले यस्ता

---

[94] हेमाङग राज अधिकारी, बद्री विशाल भट्टराई, सन् २०१३, पूर्ववत् पृ. २५६

[95] विष्णु राणा, पुरुष, चानमारी, मिति २६/०५/२०२२ का दिन लिएको अन्तर्वार्ता

[96] सन्तोष आले, सन् २००३, पूर्ववत्, पृ. १५

[97] उही, पृ. १५

धरोहर आज इतिहासदेखि विलिन हुन पुगेको हुन्। यसबाहेक कतिपय मगरजोडहरू दुगर्म स्थानमा रहेकाले यस्ता जोडहरूको खोजी समेत हुन सकेको छैन। सिक्किममा यी दसवटाबाहेक अरू पनि मगरजोडहरू छन् भन्ने कुराको जानकारी कतिपय स्थानीयहरूबाट प्राप्त भएको छ यस दिशामा अनुसन्धान गर्नु पर्ने आवश्यक देखिन्छ। वास्तवमा यी मगरजोडहरूबारे धेरै अघि अध्ययन गरिनु पर्ने आवश्यकता बोध हुँदछ। प्रशासनिक उदासीनता अनि संसाधनहरूको अभावका कारण यसो हुन नसकेको मान्न सकिन्छ। लेवी स्ट्रास (सन् २००१) लेख्छन् मिथकहरू कहाँदेखि सुरु हुन्छ अनि कहाँ पुगेर अन्त हुन्छ अथवा इतिहास कहाँबाट सुरु हुन्छ भन्ने कुरा बुझ्न आवश्यक रहन्छ।[98] उनी भन्छन् इतिहास लेखनमा धेरजसो विद्वान्हरूले मिथक र इतिहासका बिचमा कुनै भिन्नता नरहेकाले यसलाई इतिहासको आवश्यक तत्त्व ठान्दैनन् यद्यपि यी दुई बिचमा केही दुरी वा रिक्तता हुने गर्दछ। जसको निराकरण लोकइतिहासको मिथकीय अध्ययनबाट थाहा लाग्दछ।[99]

## ४.२ मगरजोडबारे सर्वेक्षणात्मक अध्ययन

सिक्किममा मगर जातिको इतिहासबारे अध्ययन गर्दा थुप्रै यस्ता वैज्ञानिक तथ्यहरू पाइन्छन्। यसले सिक्किममा मगरहरूको उपस्थिति प्राचीन कालदेखि नै रहेको थियो भन्ने प्रमाण पाइन्छ। जसमध्ये मगरजोड एउटा हो। सिक्किमका मगरजोडबारे विभिन्न विद्वान्हरूको लेखहरूमा उल्लिखित विवरण यस प्रकार छन्-

शरदचन्द्र दासको *अ जर्नी टु ल्हासा एन्ट सेन्ट्रल टिवेट* (सन् १९९८) पुस्तकमा प्रागैतिहासिक कालमा मगरहरू सिक्किमको उत्तरतिर काङ्पाचेन नदीको उत्पत्यकामा थिए। यस उपत्यकाललाई मगरहरूको क्षेत्र पनि भनिन्थ्यो। यस क्षेत्रमा मगर राजा सिन्तुपति सेनको किल्ला वा जोड थियो।[100]

यसरी नै धरणीधर दाहालको *सिक्किमको राजनैतिक इतिहास* (सन् २०२०) पुस्तकमा नामग्याल शासनपूर्व मायल जातिका जनपदमा १५औँ शताब्दीदेखि नै मगरहरू संरक्षकका रूपमा रहिआएका हुन्। भारतको उत्तर पश्चिमको तुर्क लुटाहारले हमला गरेको समयमा मत्स्येन्द्रनाथका चेला गोरखनाथले हिमाली जनपदको सुरक्षाका लागि विभिन्न ठाउँहरूमा सेनाहरूको गठन गरेका थिए। त्यसबेला हिमाली

---

[98] लेभी स्ट्रास, सन् २००१, *मिथ एन्ड मिनिङ*, लन्डन एन्ड न्युयोर्क : रुटलेज, पृ. ३

[99] उही, पृ.३

[100] शरदचन्द्र दास, सन् १९९८, *अ जर्नी टु ल्हासा एन्ट सेन्ट्रल टिवेट*, दिल्ली: बुक फेत इन्डिया, पृ.२३

जनपदको सुरक्षा गर्नाका लागि मगर जनसेनाका तिनवटा टोली सिक्किममा राखिएका थिए। यी टोली पूर्वमा रिनाक, दक्षिणमा खर्साङ र पश्चिम सिक्किमको माङसारी मगरजोङ भन्ने ठाउँहरूमा थिए।[101]

सन्तोष आलेले आफ्नो पुस्तक मगर *जातिको इतिहास अनि संस्कृति सिक्किमको सन्दर्भमा* (सन् २००३)-मा सिक्किमका मगरजोङबारे विस्तृत रूपमा पुस्तक अध्ययन गरेका छन्। उनले सिक्किममा मात्र जम्मा दसवटा मगरजोङको अवशेषहरू रहेको बताएका छन्। उनले- मङ्सारी मगरजोङ, बर्थाङ-बर्फोक मगरजोङ, सुल्डुङगढी, मगरथाङ मगरजोङ, रातेपानी-कटेङ मगरजोङ, कामराङ मगरजोङ, फाम्ताम मगरजोङ, सुदुङलाखा मगरजोङ, मगरदलाम, कितामगढी आदिको उल्लेख गरेका छन्। यस पुस्तकमा आलेले जनश्रुतिमा रहेको लोककथा, लोकगाथा, लोकविश्वास आदिलाई आधार मानेर यी कुराहरूको सङ्कलन गरी सिक्किमका मगरहरूको इतिहास लेख्ने प्रयास गरेका छन्।

सन्तोष आलेकै अर्को पुस्तक *सिक्किमेली मगर, मगरजोङ-मङ्सारी अनि बाराहीमीजोङ एक सङ्क्षिप्त पृष्ठभूमि* (सन् २०१९)-मा पनि मगरजोङसम्बन्धी चर्चा गरेका छन् भने उनकै लेख विभिन्न पत्र पत्रिकामा पनि प्रकाशित भएको पाइन्छ।

अभिमाया मगरले *भारतीय भाषा लोक सर्वेक्षण सिक्किमका भाषाहरू* खण्ड २६ भाग ३ (सन् २०१८)-मा *मगर भाषा* नामक सङ्कलित लेखमा शीर्षकमा सिक्किमका जम्मा दसवटा मगरजोङको सङ्क्षिप्त रूपमा चर्चा गरेका छन्।

जे आर सुब्बाले *हिस्ट्री, कल्चर एन्ड कस्टम अव् सिक्किम* (सन् २०१६) पुस्तकमा सिक्किम भारतमा गाभिनु अघि सिक्किम साना साना किल्ला वा जोङमा विभाजित थियो। उनले मगरजोङको विस्तृत रूपमा चर्चा नगरी सङ्क्षिप्तमा सिक्किम र दार्जिलिङ क्षेत्रको मगरजोङको चर्चा गरेका छन्।[102]

*नेपाली अकादमी जर्नल, लोकवार्ता* अङ्क, वर्ष १६ अङ्क १७-१८ (सन् २०२०)-मा प्रकाशित वासुदेव थापाको लेख *मगर जाति र मगरजोङ (सन्दर्भ-दार्जिलिङ)*-मा सिक्किम अनि दार्जिलिङ क्षेत्रको मगरजोङबारे सङ्क्षिप्त चर्चा पाइन्छ। मगरजोङसम्बन्धी उनका अन्य विभिन्न लेखहरू

---

[101] धरणीधर दाहाल, सन् २०२०, *सिक्किमको राजनैतिक इतिहास*, वनारस: सरस्वती साहित्य सदन, पृ.२४

[102] जे आर सुब्बा, सन् २०१६, *हिस्ट्री, कल्चर एन्ड कस्टम अव् सिक्किम*, दिल्ली: ज्ञान पब्लिसिङ्ग हाउस, पृ.३३९

प्रकाशित पाइन्छ। सिक्किमका विभिन्न मगरजोङ अनि तिनका लोक ऐतिहासिक पक्षबारे तलका उपशीर्षकहरूमा चर्चा गरिएको छ।

### ४.२.१ मङ्सारी मगरजोङ

सिक्किम भूमिमा बसोबास गर्ने आदिम जातिहरूमध्ये मगर जाति पनि एक रहेको ऐतिहासिक तथ्यबारे अघिल्लो अध्यायमा चर्चा गरिएको छ। सिक्किमका विभिन्न ठाउँमा मगर राजाहरूले मगरजोङ स्थापना गरी शासन गर्दै आएका थिए। सिक्किमका विभिन्न मगरजोङहरूको इतिहास ओझेलमा परेको थाहा लाग्दछ। यी मगरजोङहरूको संरक्षण गर्न नितान्त आवश्यक देखिन्छ। मङ्सारी मगरजोङ पश्चिम सिक्किमको सोरेङ क्षेत्रमा पर्दछ। त्यहाँको जनश्रुतिअनुसार 'मङ्' भन्नाले 'मन्साउनु' 'सारी' भन्नाले 'ठाउँ' वा 'मन्साएको ठाउँ'[103] भन्ने हुन्छ। मङ्सारी यस ठाउँमा 'धैरै मानिसहरू मारिएको'[104] हुनाले यस ठाउँलाई मान्छे मासिएको ठाउँ पनि भनिन्छ। स्थानीय जनश्रुतिअनुसार यस ठाउँको नामकरण मगर राजा सिन्तुपति सेन अनि  मगरनी रानीद्वारा गरिएको हो।

सिक्किमको इतिहास अनि जनश्रुतिअनुसार सन् १६०० तिर पश्चिम सिक्किम मङ्सारी मगरजोङमा मगर राजा सिन्तुपति सेनले आफ्नो राज्य स्थापना गरेका थिए। सन् १६४२ मा सिक्किमका पहिलो राजा फुन्सोक नामग्याल राजा बनेपछि मगर मुखिया वा राजामाथि आक्रमण गरे। त्यसबेला मगर राजा सिन्तुपति सेन युद्धको लागि तयार नभएको अनि उनीहरूमाथि अकस्मात् भएको आक्रमणको कारणले धैरै सङ्ख्यामा मगर सेनाहरू धैरै मारिए। यस मगरजोङ सन्दर्भमा चारवटा मुख्य विषय अनि कथा रहेका छन्-

(क) मगरजोङ

(ख) रानी खोला

(ग) राजाटार

(घ) गाढधने भीर।

यस मगरजोङबारे केही लिखित दस्तावेज पाइए तापनि यससित जोडिएका धैरै विषयहरूको विवरणका लागि लोक सन्दर्भलाई लिनु पर्ने देखिन्छ। यसैले प्रस्तुत अध्ययनमा लोकवार्ता र लोकइतिहासलाई प्रमुख

---

[103] एस बा सुब्बा, ५५ वर्ष, पुरुष, थर्पु, मिति २१/०५/२०२२ का दिन लिएको अन्तर्वार्ता

[104] विष्णु राणा, पुरुष, चानमारी, मिति २६/०५/२०२२ का दिन लिएको अन्तर्वार्ता

आधार मानिएको छ। वास्तवमा लोकवार्ताविज्ञानले समुदायका परम्परागत कथा, गीत अनि अन्य किसिमका अभिव्यक्ति सङ्कलन गर्दछ भने लोकइतिहासकार ऐतिहासिक सन्दर्भका आधारमा वैयक्तिक अनुभवको सङ्कलनमा केन्द्रित रहन्छ।[105] प्रस्तुत अध्ययनले वैयक्तिक अनुभव र अन्तर्वार्तालाई मूल स्रोत मानेको छ।

मङ्सारी मगरजोङबारे २१ मे सन् २०२२ का दिन पश्चिम सिक्किम मङ्सारी निवासी मनबहादुर तामाङसँग एउटा अन्तर्वार्ता लिइएको थियो। मङ्सारी मगरजोङबारे उनको मत यस्तो रहेको छ- 'मङ्सारी मगरजोङमा मगरहरूका एकजना राजा थिए जसको नाम सिन्तुपति सेन थियो। हाम्रा बाजे-बोजूहरूको भनाइअनुसार राजाको दरबारमाथिको भागमा मगर सेनाको गढी थियो जसलाई 'गढीडाँडा' नामले चिनिन्थ्यो। पछि स्थानीय तामाङहरूले उक्त ठाउँमा शव जलाउने गरेकाले हालमा यसलाई 'च्यानेडाँडा' नामले चिनिन्छ। म छ सात वर्षको छँदा उक्त मगरजोङ डाँडामा ठुलो ढुङ्गाको पर्खाल भएको घर थियो। त्यति बेला यस मगरजोङ डाँडामा कोही पनि बसोबास गर्ने गरेको थिएन। सोरेङ निवासी लालबहादुर जोगी नामक एकजना व्यक्ति पछि आएर बसेका थिए। उनले त्यस पुरानो ठाउँलाई भत्काएर अलिक सानो ढुङ्गाकै घर बनाएर लगभग दस वर्ष त्यहाँ बसे। मगरजोङदेखि आठ फुटे ढुङ्गा ठाडो पारेर रानी खोला र लाले खोलासम्म सिमानाको रूपमा गाडिएको थियो। पछि स्थानीय बासिन्दाहरूले आफ्नो घर बनाउन सबै ढुङ्गाहरू उखेलेर लगेका थिए।'[106] उनको यस कथनले कसरी उक्त ऐतिहासिक धरोहर बिस्तारै विलुप्त हुन पुग्यो भन्ने कुरा दर्साउँछ। यी ऐतिहासिक धरोहरकै कारणले सिक्किममा मगरहरूको अस्तित्वबारे थाहा लाग्दछ। वर्तमानमा विभिन्न मगर संस्थाहरूले त्यसको जीर्णोद्धार गर्ने कार्य चलिरहेको छ। यस कार्यक्रममा वर्तमान सरकारले पनि ठुलो योगदान दिइरहेको कुरा 'मङ्सारी मगरजोङ र रानी खोला'-को निर्माण कार्यले पुष्टि गर्दछ।

सिक्किमको इतिहासलाई हेर्दा विशेष रूपमा मङ्सारी मगरजोङ र यहाँका राजा सिन्तुपति सेनको मात्र उल्लेख भएको पाइन्छ। सन् १६४२ मा सिक्किमका प्रथम राजा फुन्सोक नामग्याल राजा भएपछि सिक्किमका बासिन्दाहरूलाई आफ्नो अधीनमा राख्नका निम्ति "लो-मेन-चोङ-सुम" सन्धि गरे। उक्त सन्धिमा मगरहरूलाई समावेश गरिएन। मगर राजाहरूले नामग्याल शासनको समर्थन गर्न नचाहेको

[105] डोनाल्ड ए रिची, सन् २००३, पूर्ववत्, पृ. ३६

[106] मनबहादुन तामाङ, ७५ वर्षीय, पूरुष, मङ्सारी, मिति २१/०५/२०२२ का दिन लिएको अन्तर्वार्ता

कारणले मगरहरूलाई यस सन्धिबाट बहिष्कृत गरियो भनि मान्न सकिन्छ। मगर जातिहरू स्वभावले एउटा निडर/ बहादुर/ वीर जाति भएकाले उनीहरू आफ्नो स्वतन्त्र राज्य चलाउन चहान्थे। तर उक्त कुरा नामग्याल शासनको विरुद्ध थियो। यही कारणले नामग्याल राजाले मगर राजा सिन्तुपति सेनमाथि आक्रमण गरे भन्ने प्रचलन जनश्रुतिमा पाइन्छ। त्यस समयमा मगर सेना र भोटिया सेना माझ घमासान युद्ध भएको मानिन्छ। विपक्षी सेनाको विशाल सेना अघि राजा सिन्तुपति सेनका थोरै सेनाको केही जोर नचलेकाले अन्तमा उनलाई थर्पु मुनिको ठुलो टारमा हत्या गरियो। यी ऐतिहासिक घटनाका कारण उक्त टारलाई आज ‘राजाटार’ नामले चिनिन्छ जसलाई ‘अम्बेटार’ पनि भन्ने गरिन्छ। हत्याकाण्ड पछिका केही घटनाहरू पनि लोकस्मृतिमा आलै रहेको पाइन्छ। यस्ता कथाहरू मिथकका रूपमा सिक्किमको मगर समाजमा बाँचेको पाइन्छ। वीरेन्द्रनाथ दत्तअनुसार इतिहास एक किसिमको वाकोवाक्य हो, यसअन्तर्गत पुराना वा मिथक कथा र गाथा पनि पर्दछन्।[107] इतिहास र लोकइतिहासका सन्दर्भमा रहेको यस धारणाका आधारमा सिन्तुपति सेनको हत्या र त्यससित जोडिएका विषयहरूको अध्ययन मगरहरूको इतिहासका सन्दर्भमा सार्थक देखिन्छ।

लोकाख्यानअनुसार राजा सिन्तुपति सेनको हत्या भएको खबरले रानीले आफ्नो सबै धन सम्पतिहरू मगरजोङ मुनि अवस्थित एउटा भीरमा लुकाई राखिन् जसलाई आज ‘गाडधने भीर’ नामले चिनिन्छ। केही जानकारीअनुसार सन् १९५० सालसम्म पनि यस भीरमा गाडधन रहेको थियो भन्ने जनश्रुति पाइन्छ। सन् १९५७ मा यस ठाउँमा सडक निर्माण भएपछि उक्त निसानी पनि हराएर गएको मानिन्छ। जनश्रुतिअनुसार राजाको हत्यापछि रानीले आफ्नो सतीत्व जोगाउन उनले घोडा सँगसँगै ठाडे खोलाको सिरानबाट पोखरीमा हामफालेर आत्महत्या गरेका थिए। त्यस ठाउँलाई आज ‘रानीखोला’-को नामले चिनिन्छ। यस सन्दर्भबाट पनि सिक्किमका यस्ता कतिपय ठाउँहरूको नामकरण मगर राजा र रानी तथा मगरजोङ आदिका नाममा राखिएका हुनाले सिक्किममा मगरहरूको इतिहासलाई बुझ्न अझ थप योगदान दिइएको कुरा पुष्टि हुँदछ। यसबाहेक मगरजोङ र यहाँका मगर राजा र रानीको इतिहासलाई अझ जीवन्त राख्न वरिपरिका धामी झाँक्रीहरूको पनि ठुलो भूमिका निर्वाह गरेका छन्। स्थानीय झाँक्रीले

[107] विरेन्द्रनाथ दत्त,सन् २००२, *फोकलोर एन्ड हिस्टोरियोग्राफी*, इन्डिया: नेस्नल फोकलोर सपोर्ट सेन्टर, पृ.५

कसैको उपकार गर्दा मगर राजा र रानीको नाउँ पुकार्ने गर्दछन्।[108] यस प्रकारका लोककथा, गाथाहरूले सिक्किमका मगरहरूको इतिहास बोकेको पाइन्छ।

### ४.२.२ बर्थाङ-बर्फोक मगरजोङ

बर्थाङ-बर्फोक मगरजोङ पश्चिम सिक्किमको लेगसेप नजिक पर्दछ। यहाँको कलेज खोला र राङ्साङ खोलाको दोभानदेखि मास्तिर उक्त मगरजोङ थियो भन्ने श्रुति स्थानीय बासिन्दाहरूको लोकस्मृतिमा पाइन्छ। यस मगरजोङका राजा दलकिनारी खपाङ्गी मगर थिए।[109] उनको राज्यकाल सन् १८०० सम्म रहेका देखिन्छ।[110] यसै कालमा भोटियाहरूले मगर राजामाथि आक्रमण गरी राजाको निर्मम हत्या गरेका थिए भन्ने एक दुईवटा लेख र जनश्रुतिमा रहेको पाइन्छ। स्थानीय जनश्रुतिअनुसार मगर राजाले प्राण त्याग्ने समयमा भोटियाहरूलाई 'तिमीहरूले म र मेरा प्रजामाथि अत्यचार गरेकाले अब उप्रान्त तिमीहरूको जातिले यस मगरजोङमा पाइला टेक्यौ भने तिमीहरूको वंश मासिएर जाओस्" भन्दै श्राप दिए।[111] यसै कारण भोटियाहरू पनि यस ठाउँमा आजपर्यन्त जाँदैनन् भन्ने जनश्रुति पनि पाइएको छ। यसैको सन्दर्भमा अर्को जनश्रुति उत्तिकै प्रचलित छ। यो जनश्रुति यस्तो छ- राजाकी एकजना बहिनी पनि थिइन्, जसको नाम चन्द्रकुमारी थिइन्। भोटिया आक्रमणका कारण राजाको हत्या भए पछि चन्द्रकुमारीले यस मगरजोङदेखि अलिक पर स्थित ठुलो ढुङ्गाबाट हामफालेर आत्महत्या गरिन्। आज पनि त्यस ठाउँलाई 'चन्द्रकुमारी देवीथान' भन्ने गरिन्छ। आज पनि यस ठाउँलाई मगर सम्प्रदायले पवित्रस्थान मानेर पूजा-पाठ गर्दै आइरहेका छन्।

२५ जनवरी सन् २०२२ का दिन बर्फोक निवासी दलबहादुर मगरसँग लिइएको अन्तर्वार्तामा उनी यसो भन्छन्- "उहिल्यै हाम्रा आमा बाबाले भन्नु हुन्थ्यो यस मगरजोङमा मगर राजाका हातहतियारहरू भोटेबार[112] जस्तो गरेर राखिएको थियो। राजाको ढाल पनि यहाँ थियो तर पछि सबै त्यही मगरजोङमा दबिएर गयो। यसको सुरक्षा गर्न सर्पदेवहरू थिए भन्ने विश्वास पनि रहिआएको थियो।" त्यसैले आज पनि स्थानीय बासिन्दाहरू मिलेर यहाँ मङ्सिर पूर्णिमाको दिन चामल, कुखुरा, अन्डा,

---

108 सन्तोष आले, सन् २०२१, "सिक्किमेली मगर, मगरजोङ-सङ्सारी अनि बाराहीमीजोङ: एक संक्षिप्त पृष्ठभूमि, विष्णु राणा मगर (सम्पा), *मगरजोङ,* अङ्क : २ वर्ष : २, पृ.१७

109 सन्तोष आले सन् २००३, पूर्ववत, पृ.५४

110 उही, पृ.५४

111 उही, पृ.५४

112 भोटेबार- भोटेबार विशेष गरी बाँसले बनाएको हुन्छ। यो बाँसलाई चिरेर भाटाहरू बुनेर बनाएको हुन्छ। घरहरू बनाउँदा यसको प्रयोग गरेको हुन्छ।

फुलपाती, फलफुल आदि चढाइ बाप्पाद्वारा पूजा सम्पन्न गराउँछन्।[113] यस ठाउँलाई 'राजा बाजे धाम' पनि भन्ने गरिन्छ। सम्भवत: राजा बस्ने घमाइलो ठाउँ भएकाले यस्तो नाम रहेको हुन सक्छ।

यस मगरजोङको जनश्रुतिले पनि के पुष्टि गर्दछ भने सिक्किममा मगरहरूको उपस्थिति र शासन प्राचीन कालदेखि नै थियो। इतिहासमा यस्ता कतिपय कुराहरू नलेखिएकाले गर्दा यस्ता तथ्यहरूको खोज अनुसन्धानका लागि लोकइतिहासको सन्दर्भ र परम्परालाई खोजी स्थापित गर्नुपर्ने देखिन्छ। जनश्रुतिबाहेक स्थान नामद्वारा कुनै पनि जातिको इतिहास बुझ्न सकिन्छ। यस ठाउँमा स्थित मगरजोङ र चन्द्रकुमारी देवीथान नामले समेत यस ठाउँसित रहेको मगर जातिको प्राचीन ऐतिहासिक सम्बन्धलाई स्थापित गर्दछ। कुनै न कुनै समयमा घटेका घटनाहरू नै लोककथामा बाँचेको हुन्छ। यसैले सिक्किममा मगर लोकमा बाँचेका संस्कृति, लोककथा, गाथा आदि नै सिक्किममा उनीहरूको आदिम इतिहासको प्रमाण हुन्। मगरजोङ तथा अन्य अवशेषहरू नै मगर जातिको प्राचीनताको तथ्य पनि हुन्। यी अवशेषहरूको संरक्षण आवश्यक देखिन्छ।

### ४.२.३ सुल्डुङगढी (मगरजोङ)

सिक्किम राज्यमा बहुसङ्ख्यामा मगरहरूको बसोबास भएको ठाउँ सुल्डुङ बस्ती हो। यही गाउँ छेवैमा सुल्डुङगढी अवस्थित छ। यो गढी पश्चिम सिक्किमअन्तर्गत रङ्गीत नदीको किनार मास्तिरको भिरालो ठाउँमा पर्दछ जो काम्लिङ बस्ती र तिन्जेरबुङको बिचमा अवस्थित छ। यहाँ केप्छाकी, डङ्गाली, खपाङ्गी, रिखाम, घले, रैका, बलाम्पाकी, समाल, ल्हायो, लुङ्गेली, आले, राणा, लामिछाने, बहै, दर्माली, मास्की, पुँवार, बुढाथोकी, खुलाल आदि थरका मगरहरू बसोबास गर्दै आइरहेका छन्।[114] यस ठाउँमा यति धेरै थरी अनि सङ्ख्या रहेकाले पनि यो ठाउँ उनीहरूको केन्द्र थियो भन्ने अनुमान सहजै लगाउन सकिन्छ। यस ठाउँ र गढीका राजा र उनको शासन कालबारे धेर जानकारी पाइँदैन। तथापि लोकगाथा र कथामा यस जोङको सन्दर्भ पाइन्छ। राजाको निश्चित नामबारे केही अन्योलता रहे तापनि यो किल्ला सिन्तुपति सेन अथवा दलकिनारी खपाङगीले नै बनाएको हुन सक्ने एकाधिक मत पनि फेला परेका छन्। सिक्किमका मगरजोङहरूमध्ये सुल्डुङगढीको निर्माण केही भिन्दै किसिमले गरिएको पाइन्छ। सुल्डुङ बस्ती मास्तिर स्थित सानो पहाड जस्तो उठेको ठाउँलाई सुल्डुङगढी भनिन्छ। जहाँबाट चारैतिर

[113] वासुदेव थापा, सन् २०२०, पूर्ववत्, पृ. ६०
[114] सन्तोष आले, सन् २००३, पूर्ववत्, पृ. ६३

देख्न सकिन्छ। यस गढीलाई चारैतिरबाट ढुङ्गाले बारिएको छ। गढी जाने बाटो पनि ढुङ्गाको पर्खाल लगाएर बनाइएको छ। यसको टुप्पोमा ठुल्ठुला चप्लेटी ढुङ्गा राखिएका छन्। जहाँ तिब्बती भाषामा मन्त्रहरू लेखिएको छ साथै यसका वरिपरि मानेहरूको निर्माण पनि गरिएको पाइन्छ। मगर राजा र सेनामाथि विजय गरेपछि भोटिया राजाको आदेशमा उक्त मन्त्र खोपिएको ढुङ्गा र माने ठड्याइएको हो। हालसम्म यस मन्त्रहरूको अनुसन्धान नभएकाले उक्त मन्त्र वा लेखबारे कुनै शोध अनुसन्धान हुन बाँकी नै छ। सम्भवत: यस लेख वा मन्त्रमा मगर राजालाई जित्न निक्कै नै कठिन परेका हुन सक्छ वा मगर सेनाहरूको पराक्रमको चर्चा गरेका हुन सक्छ भन्ने अनुमान गर्न सकिन्छ। यी मगर राजा र मगर सेनाहरूका शौर्यलाई यहाँका स्थानीय राईहरूले हरेक मङ्सीर महिनामा पूजा गरेको देखिन्छ।

सुरुदेखि नै मगरहरू खानी खन्नु, ढुङ्गाको देवल लगाउनु, किल्ला बनाउनु आदिमा सिपालु थिए भन्ने कुरा मगरजोङका वास्तुकलाले यसको पुष्टि गर्दछ। यस्तै वास्तुकला सिक्किमका सुल्डुङगढीमा निर्मित मगरजोङको भग्नावशेषले पनि स्पष्ट रूपमा देखाउँछ। सुल्डुङगढी मगरजोङका निर्माणमा ढुङ्गाकै किल्ला बनाएको देखिन्छ। लोकवार्ताविज्ञानले समुदायका परम्परागत कथा, गीत अनि उनीहरूका अन्य किसिमका अभिव्यक्ति सङ्कलन गर्दछ भने लोकइतिहासकार ऐतिहासिक सन्दर्भका आधारमा वैयक्तिक अनुभवको सङ्कलनमा केन्द्रित रहन्छ।[115] यसैले यस गढीबारे वा गढीको निर्माणबारे रहेको यावत् कुराहरूबारे यस किसिमका विषयको खोजी रोचक लाग्न सक्छ।

### ४.२.४ मगरथाङ मगरजोङ

मगरथाङ पश्चिम सिक्किमअन्तर्गत रेसी बजार र मङ्गलबारे बजारको माझमा रिन्चेबुङ समष्टिमा अवस्थित छ। मगरथाङ शब्द 'मगर' र 'थाङ'-को मेलबाट भएको हो। भोटे भाषामा 'थाङ' भन्नाले 'मैदान परेको ठाउँ' भन्ने बुझिन्छ।[116] भोटिया जातिहरू यस ठाउँमा आउँदा उनीहरूले मगरहरूको बस्ती देखेपछि यस ठाउँलाई मगरथाङ अर्थात् मगरहरू बस्ने ठाउँ भन्न थालिएको हो भन्ने मानिन्छ। यस स्थानको नामले ज्ञात हुन्छ कि सिक्किममा मगरहरूको जोङमध्ये मगरथाङ पनि एउटा हो। तथापि यस मगरजोङ राजा र उनको शासनकालबारे निश्चित केही भन्न सकिँदैन। तथापि यस ठाउँसित जोडिएका धेरै कर्खा-गाथा अनि सांस्कृतिक पक्ष र पर्व आदिले यस ठाउँमा उनीहरूको प्राचीन उपस्थिति रहेको मान्न

---

[115] डोनाल्ड ए रिची, सन् २००३, *डुविङ ओरल हिस्ट्री*, न्युयोर्क : अक्सफोर्ड युनिभर्सिटी प्रेस, पृ. ३६

[116] सन्तोष आले, सन् २००३, पूर्ववत्, पृ. ६८

सकिन्छ। ग्राम्सीले संस्कृतिलाई आभ्यान्तरीक विषय नभएर सिकिएका समग्र क्रियाकलापको अर्थमा चिनाएका छन्, जुन सिकाइएका विविध माध्यम एउटा पुस्तादेखि अर्को पुस्तामा हस्तान्तरित हुँदछ।[117] धेरैजसो मानवीय क्रियाकलापद्वारा निर्मित उत्पादलाई भौतिक संस्कृति भनेर चिन्ने गरिन्छ।[118] यस व्याख्याले लोकसंस्कृतिअन्तर्गत कार्य-कारणको स्थापना रहन सक्ने सम्भावना देखिन्छ। ग्राम्सीको उक्त मतको आधारलाई समातेर के भन्न सकिन्छ भने यी कथा-गाथा र ऐतिहासिक सन्दर्भ वास्तवमा सिक्किममा मगरहरूको जीवन अनुभवसित सम्बन्धित छ।

### ४.२.५ कामराङ मगरजोङ

दक्षिण सिक्किमको नाम्चीदेखि लगभग पाँच किलोमिटर तल कामराङ बस्तीको पुच्छरमा रङ्गित नदी नजिकै एउटा ठुलो भिरालो परेर उठेको डाँडा छ। त्यसलाई नै 'कामराङ मगरजोङ' भनिन्छ। यस ठाउँमा पनि प्राचीन अवशेष पाइएको मानिन्छ। जसलाई मगर राजाको किल्ला मानिन्छ। यस मगरजोङदेखि चारैतिर देख्न सकिन्छ। यस मगरजोङ नजिकै पर्ने गाउँहरू पक्जेर, कामराङ, सिक्किप आदि हुन्।

केही लेख अनि लोक श्रुतिअनुसार यस जोङका मगर राजा दलसिंह मगर हुन्। भनिन्छ, उनले लेप्चा मुखियाको छोरीलाई विवाह गरेका थिए अनि आफ्नी छोरीलाई बिहे गरेर लगेको प्रतिशोधमा लेप्चा मुखियाले भोटियाहरूको सहयोगमा मगर राजामाथि आक्रमण गरे।[119] यस लडाइँमा मगर राजा पराजित भई यसै मगरजोङमा प्राण त्यागे र रानी आफ्नो पिताको साथमा जान नरुचाएका कारण पारिपट्टि रोबोङ भीरमा गई आत्महत्या गरिन्। वास्तवमा सबै राजाहरूको हत्या भएपछि रानीहरूले आत्महत्या गरेको कुरा अविश्वासनीय लाग्दछ। यसबारे अझ बढी अनुसन्धान हुनु पर्ने देखिन्छ।

यस मगरजोङको सर्वेक्षणका अवसरमा ३ मार्च सन् २०२२ का दिन गङ्गाबहादुर राणासँग लिइएको अन्तर्वार्तामा उनी भन्छन्- हामी साना छँदादेखि नै यस मगरजोङमा पूजा गर्ने गर्थ्यौं। यहाँ वरिपरिका गाउँहरू मिलेर बर्सेनी पूजा गर्ने गर्छौं यस पूजामा हामी मगर राजा र रानीलाई पनि पुज्ने गर्छौं उहिल्यै यहाँ मगर राजा र रानी बस्ने ठाउँ थियो। युद्धमा मगर राजा मारिएपछि रानीले पनि यसै मगरजोङमा आत्महत्या गरी मरेकी थिइन् भन्ने कुरा हाम्रो पुस्तौनी कथा परम्परामा रहिआएको छ। जनश्रुतिअनुसार

[117] केट क्रेहन, सन् २००२, ग्राम्सी, कल्चर एन्ड एन्थ्रोपलजी, लन्डन : प्लुटो प्रेस, पृ. ४८
[118] उही पृ. ४८
[119] सन्तोष आले, सन् २००३, पूर्ववत्, पृ. ५९-६०

पक्जेर निवासीहरूले राति यस जोडमा निलो बत्ती बलेको देख्यो अरे अनि त्यस बत्ती बलेको ठाउँमा मगर राजाले गाडधन राखेका थिए रे भन्ने लोकविश्वास पाइन्छ।

उल्लेख्य यस जोडको आकार अरू मगरजोडहरूको जस्तै छ। अभाग्यवश यसलाई संरक्षण गरिएको छैन। ३ मार्च सन् २०२२ मा यस मगरजोडको सर्वेक्षण गर्ने क्रममा थाहा लागेअनुसार यस जोडमा जाने कुनै बाटो छैन। यो मगर राजा र मगर जातिको ऐतिहासिक गरिमासित जोडिएकाले यसको संरक्षण आवश्यक देखिन्छ। यस मगरजोडसित सम्बन्धित केही लोककथाहरूले पनि सिकिकममा मगरहरूको प्राचीन उपस्थितिलाई झल्काउँछ।

### ४.२.६ कितामगढी मगरजोड

ग्राम्सीले सवाल्टर्न संस्कृतिको प्रश्नलाई लोकवार्ताका अवधारणाद्वारा व्याख्या गर्ने प्रयास गरेका छन्। उनको मतअनुसार लोकवार्ताको अध्ययन अत्यन्त अनिवार्य छ। उनी आफ्नो लेख ‘अब्जर्वेसन अन फोकलोर’-मा लेख्छन्- आजसम्म लोकवार्तालाई एउटा सुरम्य तत्त्वका रूपमा अध्ययन गरिन्छ। तर वास्तवमा यसलाई जीवन अनि जगत्को एउटा विशिष्ट अवधारणाका रूपमा पढिनु पर्छ जो आधिकारिक बुझाइको विरुद्ध एउटा सग्लो पक्ष हो।[120] ग्राम्सीको यस धारणाले लोककथा-गाथा र स्मृतिलाई महत्त्व दिएको देखिन्छ। यसै परिप्रेक्ष्यमा क्षेत्रकार्य गर्दा प्राप्त कितामगढीको कथालाई यहाँ प्रस्तुत गरिन्छ। सिक्किमका विभिन्न मगरजोड वा गढीहरूमध्ये कितामगढी पनि एउटा हो। नाम्चीदेखि केही तल्तिरको मिक्खोला बस्तीको छेउमा कितामगढी अवस्थित छ। किताम निवासी बिके राणाअनुसार यस ठाउँमा उहिल्यै मगर राजाको दरबार थियो। राजा र रानीको नाम अज्ञात रहेको उनी बताउँछन्। उनी भन्छन्- “हालमा म बसेको घर र जमीन मगर राजाको बास्थान थियो, जसलाई आज मगरजोड भनिन्छ। यहाँका गढीचाहिँ यस जोडदेखि लगभग एक डेढ किमी टाढामा पर्ने गर्दछ, जुन ठाउँलाई अहिले सखुवाका रुखहरूले ढाकिसकेको छ। यही गढीमा मगर सेनाहरूको अभ्यास गर्ने ठाउँ वा बसोबास गर्ने स्थल पनि थियो। मेरो घरमाथि एउटा अग्लो डाँडा छ जहाँबाट पारी पश्चिम बङ्गालको बदामताम चियाकमान पर्दछ।[121] अहिले यस डाँडामा सरकारी माध्यमिक पाठशाला रहेको पाइन्छ।” उनी अझ भन्छन्- “उहिल्यै यही डाँडाबाट मगर सेनाहरूले विभिन्न हातहतियारका साथ शत्रुमाथि लडाइँ गर्थे। उनीहरूले ठुलो

[120] केट क्रेहन, सन् २००२, ग्राम्सी, कल्चर एन्ड एनेथ्रोपलजी, लन्डन : प्लुटो प्रेस, पृ. १०५-१०६

[121] बिके राणा, ७३ वर्षीय, पुरुष, किताम, मिति ११/०३/२०२२ का दिन लिएको अन्तर्वार्ता

सुकेका बाँसमा भैँसीको छाला बाँधी त्यसमा मेटा[122] पोलेर शत्रुमाथि प्रहार गर्थे। त्यसबेला प्रहार गरिएकाले पारि बदामताममुनि बच्चाबारी भन्ने ठाउँमा धेरै घरहरू जलेको थियो र नै त्यो ठाउँको नाम डडुवा-गारुत भन्ने रह्यो। मेरी आमा भन्नु हुन्थ्यो उनले थाहा पाउँदासम्म पनि यस ठाउँमा घोडाका ठुल्ठुला अस्तबल थियो।"[123] उनी अझ भन्छन्- "मेरा बाजेले भन्नु भएको थियो कि सिक्किममा लेप्चाहरू सँगसँगै मगरहरू पनि थिए। भोटियाहरू धेरै पछि आएका हुन्। लेप्चाहरूले 'मकरबुक' भन्छ जसको अर्थ 'मगरले चिह्नाएको फल' भन्ने हुन्छ। उनी भन्छन्- प्राचीन समयमा मगरहरूले लेप्चालाई धेरै कन्दमूल खान सिकाए होलान्? मगरहरूले नै उनीहरूलाई मकै, लौका, सिमी आदि रोप्न सिकाएका थिए।"[124] सिक्किममा मूल जनजातिहरूमध्ये मगरहरू पनि हुन् भन्ने प्रमाण पनि यस कुराले दिँदछ।

हालैमा कितामगढीमा जम्मा बिस घर मगरहरू छन्। यहाँ राणा, लुङ्गेली, सिँजाली, मग्राँती र रजान आदि थरका मगरहरूको बसोबास रहेको पाइन्छ। जनश्रुतिअनुसार कितामगढी पनि एउटा महत्त्वपूर्ण मगरजोङ हो। भोटिया र मगरहरूको लडाइँमा मगरहरू पराजित भएपछि भोटिया सेनाले यहाँका सबै जोङहरू तहसनहस पारिदिएका थिए। हालमा यहाँ कुनै जोङ वा गढीहरूको निसानी पाउन गाह्रो भएको मानिन्छ। उल्लेख्य इतिहासबाट किनारीकृत भएकाले मगरजोङका इतिहासलाई जान्नका निम्ति यहाँका जनश्रुतिमा बाँचेको लोककथा, गाथा तथा किंवदन्ती आदि कुराहरूलाई केलाउनु पर्ने हुन्छ र यही लोकस्मृतिमा बाँचेको कथा वा गाथा नै यी जोङ वा गढीको ऐतिहासिक प्रमाण हुन सक्ने मान्न सकिन्छ।

### ४.२.७ कटेङ मगरजोङ

कटेङ मगरजोङलाई रातेपानी कटेङ मगरजोङ पनि भन्ने गरेको पाइन्छ। यो मगरजोङ दक्षिण सिक्किमको मल्ली बजारदेखि मास्तिर फोङ, सुइराम क्षेत्रमा पर्दछ। नाम्ची तारेभीरको सिरानमा मगरहरूको गढी थियो भन्ने किंवदन्ती पाइन्छ। काली खोला र रबी खोलाका दोभान छेउ केही अग्लो परेको भूमिलाई नै कटेङ मगरजोङ भनिन्छ।

[122] मेटा- भन्नाले मगरहरूले युद्धका निम्ति चलाएको बारुदको गोला हो। यस गोलाभित्र केही विस्फोटक बारुदहरू हालेर त्यसलाई लुगाले बेह्रेर माथिबाट भैँसीको बोसो दलेर बनाएको हुन्छ। यदि किल्ला वा गढीमाथि कुनै शत्रुले आक्रमण गरे त्यसैमा आगो लगाएर बाँसको घुयँत्रोमा हालेर शत्रुमाथि प्रहार गर्ने गर्थे।

[123] बिके राणा, ७३ वर्षीय, पुरुष, किताम, मिति ११/०३/२०२२ का दिन लिएको अन्तर्वार्ता

[124] उही

३ मार्च सन् २०२२ का दिन कटेङ निवासी मोहनलाल मगरसित लिएको अन्तर्वार्ताअनुसार- परापूर्व लगभग तिन सय वर्षसम्म यस क्षेत्रमा मगरहरूको राज्य थियो। उनलाई आफ्ना बाजे-बज्यैले सुनाएको कथाअनुसार उहिल्यै लडाइँ सुरु हुनअघि वा शत्रुबाट आक्रमण हुने सम्भावित विपत्तिका समयमा यस गढीमा घन्टी बजाउने गरिन्थ्यो। त्यही घन्टी आज पनि कटेङ घन्टी डाँडामा यथावत् रूपमा रहेको छ भनी उनी बताउँछन्। सम्भवतः मगर राजाले प्रयोग गरेको घन्टी पनि यही नै हुन सक्छ भनी उनी बताउँछन्।[125] अन्तर्वार्ताअनुसार यो घन्टी पहिला केही तल मगरजोङ डाँडामा थियो। पछि स्थानीयहरू पूजा गर्न जाँदा समस्या उत्पन्न हुँदा त्यस घन्टीलाई त्यही माथि सारिएको हो। उनी भन्छन्- घन्टी स्थानान्तरित गरिँदा पूजाअर्चनाका साथ डोलीमा राखी नौमती बाजा बजाउँदै त्यस ठाउँमा पुऱ्याइएको थियो।[126]

उनी अझ भन्छन्- सदामगढीबाट शत्रुहरूमाथि आक्रमण गर्न प्रयोग गरिएका विभिन्न हातहतियारहरूमध्ये बाँसको प्रयोग पनि गरिन्थ्यो। त्यस समयमा एकघना बाँसले शत्रुलाई प्रहार गर्दा कटेङ मगरजोङमा भाँसिएको थियो।[127] यिनै लडाइँ र घटनाका कारण अझै पनि यस मगरजोङ वरिपरि बाँस उँधो फर्केर पलाएको हो भन्ने किंवदन्ती रहेको पाइन्छ।

यहाँ जम्मा आठ घर मगरहरू रहेका छन्। कटेङका मगरहरूले आफ्नो भाषालाई अझ पनि बचाएर राखेका छन्। यहाँका राई, तामाङजस्ता अन्य भाषीहरूले पनि मगर भाषा नै बोलिरहेको पाइन्छ। यस कुराबाट पनि यहाँ अघि मगरहरूको आधिपत्य रहेको बुझ्न सकिन्छ। यहाँ बसोबास गर्ने मगरहरू हुन्- पिटाकोटे, आले, ग्यामी आदि यहाँको सरकारी पाठशालाको कक्षा एकदेखि आठौँ कक्षासम्म मगर भाषा पनि पढाइने गरेको पाइन्छ। यस मगरजोङ र मगर गाउँमा उनीहरूको इतिहासबारे धेरै लोक सन्दर्भ, गाथा अनि कथा पाउन सकिन्छ।

[125] मोहनलाल, वर्षीय, पुरुष, कटेङ, मिति का दिन लिएको अन्तर्वार्ता

[126] उही

[127] उही

### ४.२.८ फामताम मगरजोङ

फामताम मगरजोङ रालोङ समष्टीको बोरोङ फामताम ग्राम पञ्चायतअन्तर्गत पर्दछ। लेप्चा भाषामा ‘फामताम’ भन्नाले हारेको ठाउँ भन्ने हुन्छ।[128] ३ मार्च सन् २०२२ का दिन फामताम बस्तीका निवासी रूपनारायण राईसित लिएको अन्तर्वार्ताअनुसार- उहिल्यै यस मगरजोङमा मगर राजाहरूको दरबार थियो। उनको मतअनुसार मार्मेन बस्नेतको परिवार रहेको घडेरीमा मगर राजाको दरबार थियो। फामताममा मगरहरूको बसोबास रहेको पाइँदैन। यहाँबाट मगरहरू पूर्ण रूपले विस्तापित भएको पाइन्छ। यहाँदेखि पारिपट्टी रहेको कर्जी, माङनाम र धुप्पीमा मगरहरूको बसोबास रहेको पाइन्छ। फामतामदेखि लगभग एक दुईघन्टाको पैदल यात्राको बाटो सदामा पनि मगरहरूको धेरै मात्रा बसोबास रहेको पाइन्छ।

यहाँको ‘मगरजोङ’ फामताम गाउँदेखि अलिक तल्तिर पर्दछ। फामताममाथि ढापमा काली पोखरी छ। त्यसै पोखरीको वरिपरि मगर सेनाहरू बसोबास गर्ने गरेको गढी पाइन्छ। रूपनारायण राईअनुसार यस मगरजोङका राजाबारे सवाईहरू पनि रचिएका थिए र ती उनका बाबाहरूले भन्ने गर्थे। उनी यस्तो ऐतिहासिक सवाई नसिकेकोमा दु:खी पनि बन्छन्। यहाँको लोककथा र सवाई आदिको विवरणअनुसार यस जोङको निर्माण र यहाँका राजाको समय पाँचौँ शताब्दी अनुमान लगाउन सकिन्छ। यसैले सिक्किम भूमिको बासिन्दाहरूमा लेप्चा, लिम्बूसँगै मगरहरू पनि प्राचीन कालदेखि बस्तै आएका हुन् भन्न सकिन्छ।

### ४.२.९ सुदुङलाखा मगरजोङ

सुदुङलाखा मगरजोङ पूर्व सिक्किमको रिनाक बजारदेखि लगभग अढाई किमी पूर्वमा सुदुङलाखा बस्तीमा स्थित छ जसलाई कोप्चे पनि भनिन्छ। यस कोप्चो परेको अग्लो ठाउँमा हात्तीको पैतालाजस्तो छाप भएकाले यसलाई ‘हात्ती-पैले’ पनि भनिएको पाइन्छ। यस ठाउँमा खपाङ्गी, आले, बलाङ्पाकी, पुर्वछाने र रजान थरका मगरहरू बसोबास गरेको पाइन्छ। मगरहरूबाहेक ठकुरी, मुखिया, गुरुङ र बाहुन आदि जातिहरू पनि यस ठाउँमा धेरै अघिदेखि नै बस्दै आएको पाइन्छ। यहाँका धेरै स्थानीयहरूले यस ठाउँलाई कोप्चे भन्ने गरेको पाइन्छ।

[128] सन्तोष आले, सन् २००३, पूर्ववत्, पृ. ६१

यस मगरजोङ राजा र शासनबारे इतिहास अज्ञात रहेको छ। तथापि यस जोङको अवशेषहरूले सिक्किममा मगरहरूको प्रचीनताको प्रमाण दिँदछ।

### ४.२.१० मगरदलाम मगरजोङ

मगरदलाम दक्षिण सिक्किम रालाङ क्षेत्रको नामलुङ खण्डमा अवस्थित छ। यस स्थानको नाम मगर भाषाबाट भएको हो। मगर भाषामा 'डी' भन्नाले 'बाटो' र 'लम' भन्नाले 'पानी' हुन्छ। यसअनुसार मगरदलामबाट 'मगरडिलम' भएको पाइन्छ। यस मगरजोङका राजा र शासन काल पनि अज्ञात रहेको छ। सम्भवत: मगरहरूले भोटियाहरूद्वारा नियन्त्रित बाटोबाट उनीहरूका लागि पानी ल्याउँदा बाटो छोडनु पर्ने स्थिति रहेकाले यस ठाउँको नाम मगरदलाम भयो।[129] यस ठाउँमा जम्मा चार घर मात्र मगरहरू छन्। 'मगर' मा भोटियाहरूको बसोबास छ भने 'दलम'-मा मगरहरूको बसोबास पाइन्छ।

जातीय इतिहास अनि चिनारीको एउटा पोख्त प्रमाणका रूपमा स्थान नामलाई लिन सकिन्छ। यहाँ भएको अध्ययनले धेरैजसो यस्ता स्थान नामहरू मगर भाषामा रहेको तथ्य फेला पारेको मान्न सकिन्छ। यी स्थानका नाम मगर भाषामा भएकाले सिक्किमका मगरहरूको प्राचीनता धेरै अगिदेखि मान्न सकिन्छ।

## ४.३ सवाल्टर्नको दृष्टिकोणमा सिक्किममा मगरहरू

सिक्किमको सन्दर्भमा मगरहरूलाई सवाल्टर्न भन्न सकिन्छ। उनीहरू किनारीकृत हुन्। यी उनीहरूको आफ्नै शासन व्यवस्था थियो। उनीहरूको आफ्नै राजा वा मुखियाहरू थिए। यी मुखियाहरूले राज गरेर बसेका अनि प्रमाण स्वरूप जम्मा दसवटा मगरजोङहरू पनि सिक्किममा पाइएका छन्। सिक्किममा मात्र नभएर दार्जिलिङमा पनि विभिन्न मगरजोङहरू स्थापना भएको पाइन्छ। यस शोधकर्ता स्वयम्ले विभिन्न ठाँउहरूमा गएर मगरजोङबारे क्षेत्रकार्य गरेर केही फेला पारेको छ। लिखित सँगसँगै श्रुति अनि स्मृतिमा यति धेरै सामग्री भए तापनि सिक्किममा मगरहरूको इतिहास नहुनु, वा अत्यन्त न्यून रहनु आफैमा एउटा विडम्बना हो।

---

[129] गणेश देवी र पाण्डे, सन् २०१८, *भारतीय भाषा लोक सर्वेक्षण सिक्किमका भाषाहरू (खण्ड २६, भाग३)*,हैदराबाद : ओरियंट ब्लैकस्वांन प्रा लि, पृ. ११८

सिक्किममा मगरहरूको इतिहासबारे आजसम्म एक दुईवटा छुटपुट मात्र उल्लेख भएको छ र पूर्ण रूपले सिक्किममा मगरहरूको इतिहास नलेखिनुको कारण उनीहरूलाई किनारीकृत वा उपान्तकृत बनाएको छ। सिक्किममा विशेष गरी भोटियाहरूको आगमनपछि मगर शासन सकिएर अनि हटिएर गयो। शक्तिशाली मगर राजा सिन्तुपति सेनको हत्या गरियो। रानीले राजाको मृत्युपछि आत्महत्या गर्नु परेको थियो। तिब्बती उपनिवेशवादी इतिहास लेखनले उनीहरूलाई उपेक्षा गऱ्यो। इङ्ग्ल्यान्डमा विकसित 'लेवर हिस्ट्री' वा श्रमजीवीहरूको इतिहासबाट नै सवाल्टर्न इतिहास चेतना विकसित भएको पाइन्छ। यसले समाजमा भएका तल्लो वर्गका सत्ता र शक्तिहीनका मानिसहरू इतिहास निर्माण गर्छ। अघिको इतिहासले अदेखा गरेका सामाजिक र राष्ट्रिय विवरण छन्। ती कुराहरूलाई सवाल्टर्न चेतनाले देखाउने प्रयास गर्दछ। सिक्किमका मगरहरूको ऐतिहासिक पक्षलाई सवाल्टर्न इतिहास चेतनाबाट हेर्न सकिन्छ। सवाल्टर्न चेतनाले केवल अघिबाटै स्थापित ऐतिहासिक स्रोतहरूको सन्दर्भ मात्र लिँदैन अपितु समाजमा भएको लोकचेतना, श्रुतिपरम्परामा बाँचेका ऐतिहासिक तथ्यहरू छन्, त्यसलाई ती कुराहरूलाई महत्त्व दिइन्छ। त्यसैले सवाल्टर्नको इतिहास चेतना दृष्टिले सिक्किमका मगरहरूको ऐतिहासिक अध्ययन निकै चासोपूर्ण देखिन्छ।

**४.४ निष्कर्ष**

सिक्किमका मगरहरूबारे ऐतिहासिक कतिपय पक्षहरूको केही अध्ययन अघिबाटै भएको थियो तथापि ती पर्याप्त थिएनन्। सिक्किमका मगरहरूको सांस्कृतिक पक्षहरूबारे पनि अध्ययन भएको थियो तथापि सिक्किममा मगरहरूको इतिहास सन्दर्भको जुन पक्ष छ त्यसका लागि ती अध्ययनहरू पर्याप्त उपलब्ध थिएनन् भन्ने लाग्दछ। सिक्किममा मगरजोङहरू जम्मा दसवटा रहेको अघिका अध्ययनहरूले बताएका छन्। तर यसमा पनि एक दुईवटा मगरजोङबारे केही अध्ययनहरू सन्तोष आलेका पुस्तकमा पाइएको छ। तथापि यी दसैवटा मगरजोङहरूको सर्वेक्षणात्मक अध्ययन अनि क्षेत्रकार्य गरेर यी प्रत्येक मगरजोङबारे यस किसिमले शोध अनुसन्धान अघि भएको थाहा लाग्दैन।

प्रस्तुत अध्ययनले सिक्किममा जम्मा दसवटा मगरजोङहरू रहेको कुरा प्रमाणित गर्दछ। शोध, खोज र अनुसन्धानलाई आधार गरेर क्षेत्र कार्यमा व्यक्तिगत सर्वेक्षणद्वारा यी दसवटा मगरजोङहरू विशेष ठाउँहरूमा स्थापित रहेको यस अध्ययनले मान्न सकिन्छ। यसमा पनि जम्मा तिन चारवटा मगरजोङहरू

स्पष्ट रूपमा देखिएको अनि धेरै मगरजोङहरूचाहिँ आज झार जङ्गलले पुरेको र ती अघि मगर राजा, मगर मुखिया र शासकका निसानीहरू लगभग विस्मृतिको गर्भमा पुगिसकेको स्थिति फेला परेको पाइएको छ।

सिक्किमका मगरहरूको इतिहास मगर अनि मगर राजाहरूको इतिहासलाई स्थापित गर्ने सबैभन्दा महत्त्वपूर्ण दस्ताबेजका रूपमा यी मगरजोङका अवशेषहरू रहेको मान्न सकिन्छ। यी प्रत्येक ठाउँमा रहेको मगरजोङको जुन किसिमले अवशेषहरूको संरचना छ त्यति मात्र नभएर ती जोङसित र जोङ वरिपरि भएका ठाउँहरूसित जोडिएका लोकगाथा र कथाहरूले मगर जातिको अनि मगर राजाहरूको राज्यबारे यहाँका मगरहरूको जनसङ्ख्याबारे मगर संस्कृति र उनीहरूको प्राचीनताबारे यी अन्य वरिपरिका क्षेत्रहरूको सम्बन्धमा रहेका लोककथा, गाथाहरूको अध्ययनहरूले पनि ती कुराहरूलाई प्रस्ट पार्दछ।

मगर राजाहरूको हत्या गरिएको, रानीहरूले आत्महत्या गरेको, शत्रुहरू आएर अरू किसिमको प्रताडना गरेको अनि उनीहरूमाथि भएको अन्याय र अत्यचारमा परेको अनि उनीहरू कतिपय स्थितिमा एक ठाउँदेखि अर्को ठाउँमा विस्थापित हुन परेको यस्ता ऐतिहासिक सन्दर्भहरू आज पनि बहुसङ्ख्या मगर जातिमा बाँचेको छ। तथापि लोकस्मृति लिखित दस्तावेजमा रहेको हुँदैन। यो परिवर्तित वा हराएर जान्छ त्यसैले मगर जातिको अध्ययन धेरजसो लिखित परम्परामा जति छ त्यसभन्दा बढी यस्ता मगरजोङका अवशेष, स्मारक अनि यसै विषयसित जोडेका लोककथा र गाथा यसलाई लोक ऐतिहासिक सन्दर्भमा धेर आधारित रहेको छ। यस कार्यले मगरजोङको सन्दर्भलाई अघि राखेर गरिएको कार्यले वास्तवमा सिक्किमका मगरहरूमा रहेको लोककथा र गाथाहरूले उनीहरूको अघिको प्राचीन इतिहासलाई आज पनि बचाएर राखेको मान्न सकिन्छ।

# पाँचौं अध्याय

## उपसंहार एवम् निष्कर्ष

# पाँचौँ अध्याय

## उपसंहार तथा निष्कर्ष

### ५.१ उपसंहार

प्रस्तुत लघु शोध प्रबन्धको शीर्षक *मगरजोङका सन्दर्भमा सिक्किमका मगरहरूको लोक ऐतिहासिक अध्ययन* विषयअन्तर्गत मगरजोङ, सिक्किमका मगर अनि लोक ऐतिहासिक अध्ययन यी तिनवटा विषयहरू मुख्य रहेका छन्। प्रस्तुत शोध कार्यले यिनै पक्षहरूलाई केन्द्रमा राखेर विषयबारे विश्लेषण गर्ने अनि उपयुक्त निष्कर्ष निकाल्ने प्रयास गरेको छ। यस शोध कार्यलाई मुख्य पाँचवटा अध्यायमा विभाजन गरी अध्ययन गरिएको छ। यस शोध कार्यको अध्ययन आगमनात्मक शोध विधि अनि विश्लेषणात्मक पद्धतिद्वारा गरिएको छ। यस शोध कार्यको पहिलो अध्यायमा शोधको शीर्षक, शोध परिचय, शोध समस्या, शोधको उद्देश्य, पूर्वकार्यको सर्वेक्षण अनि समीक्षा, शोधको प्रयोजन, शोधविधि, शोध सामग्री सङ्कलन पद्धति, शोध सीमा, लघु शोध प्रबन्धको रूपरेखा र भावी शोधकर्तालाई सुझाउ उपशीर्षकहरू राखिएका छन्।

यस लघु शोधमा जम्मा तिनवटा शोध समस्याहरूलाई केन्द्रमा राखेर विश्लेषण र निष्कर्ष निकाल्ने प्रयास गरिएको छ। लोकइतिहासको अवधारणा के के हो? सिक्किमका लोक ऐतिहासिक सन्दर्भअनुसार सिक्किमका मगरहरूको इतिहास अनि चिनारी के कस्तो रहेको छ? सिक्किमका मगरजोङको अवशेष र त्यससित सम्बन्धित ऐतिहासिकताबारे मगर लोकस्मृतिमा के कस्ता कुराहरू बाँचेका छन्? जस्ता समस्याहरूको समाधान यस कार्यले गरेको मानिन्छ।

शोध कार्यको दोस्रो अध्याय ‘लोकइतिहासको परिचय’ रहेको छ। शोधको पहिलो समस्याको समाधान दोस्रो अध्यायमा गर्ने प्रयास गरिएको छ। सामान्यतः लोकइतिहास भन्नाले लोकमा भएको ऐतिहासिक चेतना भन्ने बुझिन्छ। यो अभिजात वर्गको विपरीत इतिहास हो अथवा यसलाई जनताको इतिहास पनि भन्न सकिन्छ। लोकइतिहासलाई एउटा सान्दर्भिक विषयवस्तु पनि मानेका छन्। धेरैजसो लोकइतिहासका पात्र अनि स्रोत लोक नै हुन्छन् अनि यसले समाजका मानिसहरूलाई विश्वास गर्ने वा वास्तवमा यस्तो भएको थियो भन्ने कुरामा विश्वास गर्दछ। अर्को शब्दमा विश्वसनीयता र सान्दर्भिकताको भावनालाई न्याय गर्ने प्रयास लोकइतिहासले गर्दछ। मानिस अथवा अभिव्यक्तिमा आदिमताको अवशेष

रहेको पाइन्छ। तिनै अभिव्यक्तिमा निहित सामाजिक-सांस्कृतिक विश्वास अनि परम्परामा नै लोकइतिहास बाँचेको हुनेछ। लोकवार्ता परम्परामा रहेको हुन्छ अनि परम्परामा रहेका विगतका घटनाहरूका बारेमा जानकारी दिने इतिहासको अवधारणालाई लोकइतिहास भनिन्छ। परम्पराले नै लोकइतिहासलाई बचाएर राखेको हुन्छ। मुन्दुम, लोककथा, कर्खा, आदिमा वर्णित मौखिक परम्परालाई लोकइतिहास वा ऐतिहासिक चेतना मान्न सकिन्छ। यस अध्यायमा लोकइतिहासका यिनै अवधारणालाई चिनाउँदै लोकइतिहासको विकास क्रम जस्तै मिथकीय समय वा काल, अनावर्त समय वा काल अनि नायक केन्द्री समय वा काल आदिबारे पनि चर्चा गरिएको छ। यस अध्यायअन्तर्गत लोकइतिहासको अर्थ र परिभाषा, लोकइतिहासबारे विभिन्न विद्वान्हरूका मत, लोकइतिहासको विकासक्रम, लोकइतिहास र अन्य विधासँग यसको सम्बन्ध, लोकइतिहासको विशेषता, लोकइतिहासको महत्त्व, लोकइतिवृत्त, लोकस्मृति र निष्कर्ष आदि मूल उपशीर्षकहरू रहेका छन्।

प्रस्तुत लघु शोध प्रबन्धको तेस्रो अध्यायमा 'सिक्किमका मगरहरूको ऐतिहासिक चिनारी'-को अध्ययन गरिएको छ। प्रस्तुत अध्यायमा दोस्रो समस्याको समाधान गर्ने प्रयास गरिएको छ। सिक्किमका मगरहरूको प्राचीन इतिहासबारे चर्चा गर्दै उनीहरूको श्रुतिस्मृति र संस्कृतिमा बाँचेको इतिहासलाई बुझ्ने प्रयास यस अध्यायमा गरिएको छ।

सिक्किममा मगरहरूको उपस्थिति प्राचीन कालदेखि रहेको मानिन्छ। वर्तमान सिक्किममा मूल रूपले लाप्चे, भोटे र नेपाली बसोबास गर्छन्। भाषिक एवम् सांस्कृतिक समूहका रूपमा चिनाएको नेपाली जातिअन्तर्गत धेरै जात जाति अन्तर्भूत छन् जसमध्ये मगर एक हो। सिक्किममा मगरहरूको इतिहास अनि उपस्थितिबारे अपेक्षाकृत थोरै पुष्टि भएको पाइन्छ। तथापि केही इतिहासकारहरूले लेप्चा अनि लिम्बू सरह सिक्किमको एउटा पुरानो जाति मानेका छन्। तिब्बतबाट भोटिया जातिको अनि तिब्बती लामावादमा आस्था राख्ने निङमा लामाहरूको आप्रवासनभन्दा अघि नै सिक्किममा मगर जातिको उपस्थिति रहेको केही उल्लेखहरू उपलब्ध पाइन्छ। जसलाई यस अध्ययनमा समावेश गरिएको छ। सिक्किममा नामग्याल वंशको शासनपूर्व मगर मुखिया र राजाका साना साना क्षेत्रीय किपटहरू थिए र यी मुखियाद्वारा व्यवस्था सञ्चालित हुने गर्दथ्यो। यस किसिमको व्यवस्था चलाउने थुप्रै राजाहरू जसमध्ये सिन्तुपति सेन, दलसिङ मगर अनि दलकिनारी मगरको नाम विशेष रूपले उल्लेखनीय छन्। लेप्चा र

लिम्बू जातिबारे इतिहास र कथाहरू लेखिए तर सिक्किमका मगरहरूबारे एक दुईजना इतिहासकारका केही लेखोटलाई छोडेर अरू अध्ययन भएको पाइँदैन। प्रस्तुत कार्यले उक्त खाल्डोलाई भर्ने प्रयास गरेको छ।

श्रुति आख्यान एवम् लोक ऐतिहासिक सन्दर्भअनुसार मगरहरू सिक्किमका मूलवासी हुन्। यस अध्ययनले उक्त तर्कलाई पुष्टि गर्ने प्रयास गरेको छ। यस अध्यायमा सिक्किमका मगर जातिको परिचय, मगर जातिको संस्कार-संस्कृति आदिको अध्ययन गरिएको छ अनि यिनै सन्दर्भका आधारमा उनीहरूको समाज-सांस्कृतिक इतिहासलाई हेर्ने प्रयास गरिएको छ।

चौथो अध्याय यस लघु शोध प्रबन्धको मूल अध्याय हो। यस अध्यायको शीर्षक 'मगरजोङ: लोकस्मृति अनि इतिहास' रहेको छ। यस अध्यायमा मगरजोङको परिचय, सिक्किमका मगरजोङहरूको सर्वेक्षणात्मक अध्ययन, मङ्सारी मगरजोङ, बर्थाङ-बर्फोक मगरजोङ, सुलङुङगढी, मगरथाङ मगरजोङ, कामराङ मगरजोङ, कटेङ मगरजोङ, मगरदलाम मगरजोङ, फामताम मगरजोङ, कितामगढी मगरजोङ, सुदुङलाखा मगरजोङ आदिको अध्ययन; सवाल्टर्न दृष्टिकोणमा सिक्किमका मगरहरूको अध्ययन र निष्कर्ष आदि विषय रहेका छन्। यस अध्यायअन्तर्गत सिक्किमका मगरहरूको ऐतिहासिक चिनारीका रूपमा रहेका मगरजोङसम्बन्धी अध्ययन प्रस्तुत छ। कथ्य परम्परामा मगजोङसम्बन्धी रहेका लोककथा, गाथाहरूको सङ्कलन गरी विश्लेषण गर्ने कार्य गरिएको छ।

आजसम्म भएको अध्ययनअनुसार सिक्किममा जम्मा दसवटा मगरजोङहरूको अवशेष पाइएका छन्। तर यी सबै मगरजोङबारे अपेक्षाकृत थोरै अध्ययन भएको पाइन्छ। सिक्किमको इतिहासलाई हेर्दा धेरैजना मगर शासकहरूले शासन चलाएका थिए जसमध्ये सिन्तुपति सेनलाई विशेष उल्लेखनीय मानिन्छ। यस अध्ययनअनुसार सिक्किमका मगरहरूको उपस्थिति लगभग पाँचौँ शताब्दीदेखि रहेको थाहा लाग्दछ। एघारौँ शताब्दीभन्दा अघिदेखि मगरहरूले मगरजोङ स्थापना गरेर राजकाज गर्दै आएका थिए तर यस विषयमा तथ्यपरक अध्ययन भएको पाइँदैन। ऐतिहासिक प्रामाणिकताका अभावमा यी कुराहरूको अध्ययनका लागि लोकपरम्पराको सर्वेक्षण महत्त्वपूर्ण रहेको मानिन्छ। मगरजोङको इतिहासबारे धेरै अड्कल, अनुमान अनि आख्यान पाए तापनि सन् १६०० तिर मङ्सारी मगरजोङमा मगर राजा सिन्तुपति सेनले मगर राज्य स्थापना गरी शासन चलाएको कुरा

इतिहासमा उल्लिखित छ। उनीपछि पनि सिक्किमका विभिन्न ठाउँहरूमा साना साना जनपद वा राज्याहरू स्थापना गरी मगर राजाहरूले शासन चलाएका भन्ने जनश्रुतिलाई यस कार्यले सङ्कलन गरेको छ। यसको प्रत्यक्ष प्रमाणका रूपमा थुप्रै मगरजोङका अवशेषहरू प्राप्य छन्। ती मगरजोङबारे विस्तृत अध्ययन यस अध्यायमा गरिएको छ।

प्रस्तुत अध्ययनका लागि गरिएको सर्वेक्षणद्वारा प्राप्त जानकारीअनुसार यी मगरजोङहरूमध्ये कतिपय मगरजोङहरूको उद्धार, संरक्षण र विकास गरिएको छ भने कतिपय जोङहरूको संरक्षण नगरिएकाले यस्ता धरोहर इतिहासदेखि विलिन हुन पुगेका छन्। कतिपय मगरजोङहरू दुर्गम स्थानमा रहेकाले गर्दा पनि यस्तो कार्य हुन नसकेको थाहा लाग्दछ। सिक्किममा पाइएका धेरैवटा मगरजोङका थुप्रै ऐतिहासिक प्रसङ्ग, गाथा आदि पाइएको छ, जसलाई यस कार्यमा समावेश गरिएको छ। मगर राजा-रानी बारेमा रहेका विवरण होस् वा दरबार तथा जोङ अनि युद्धबारे रहेको गाथा अनि मगरहरूको कथा नै किन नहोस् यस्ता कुराहरूले मगर राजाको शासन र जातिको इतिहास पुष्टि गर्दछ। ऐतिहासिक दस्तावेज, पुरातात्त्विक प्रमाण, गाथा अनि कथाका आधारमा मगरजोङको अध्ययन गरी तेस्रो समस्याको निराकरण गर्ने प्रयास यस अध्यायमा गरिएको छ।

## ५.२ निष्कर्ष

प्रस्तुत शोधले प्राप्त गरेको निष्कर्षलाई यहाँ बुँदागत रूपमा प्रस्तुत गरिन्छ।

(१) आजको सन्दर्भमा लोकइतिहासको महत्त्व धेरै बढेर गएको पाइन्छ। इतिहासविहिन जातिहरूको ऐतिहासिक चिनारीका लागि लोकइतिहासको अध्ययन सहायक सिद्ध हुने गरेको पाइएको छ।

(२) लोकइतिहास मानव सभ्यताको आदिमतादेखि आजसम्म भइरहेको कुरालाई समेटिएको हुन्छ। लिखित इतिहासमा केवल लेख्य तथ्यमा आधारित रहन्छ भने लोकइतिहासको सामग्री विस्तृत अनि असीमित रहन्छ।

(३) लोकइतिहास लोकसंस्कृतिमा बाँचेको हुन्छ। आदिमतादेखि वर्तमानसम्म आइपुग्दा मानिसका बाह्य सभ्यता परिवर्तित भएको पाइए तापनि उनीहरूको संस्कृतिमा पुराना कुराहरू बाँचेको पाइन्छ। संस्कृतिद्वारा मानिस इतिहास अनि आदिमतासँग परिचित रहन्छ। संस्कृतिका यिनै पक्षहरूलाई लोक ऐतिहासिक अध्ययनमा समावेश गर्न सकिन्छ।

(४) 'लोक' नै लोकवार्ताका प्रमुख आधार हुन्। लोकले जानेका बुझेका कुरा पुस्ता दर पुस्ता हस्तान्तरित हुँदै आएको पाइन्छ। यस कारण लोकको इतिहास 'लोकस्मृति'-मा बाँचेको हुन्छ।

(५) लोकइतिहासले केवल विगतमा घटेका घटनाहरूको मात्र विवरण दिँदैन तर त्यस समयको आचार, व्यवहार, रीतिथिति, रहनसहन, खानपान आदिको पनि विवरण दिँदछ। यी कुराहरू लोकमा बाँचेका अनि लोकको परम्परासित जोडिएको हुनाले यसको अध्ययनले लोक ऐतिहासिक अध्ययनमा यथेष्ट योगदान पुऱ्याउँदछ। प्रस्तुत अध्ययनमा यिनै कुराहरूलाई सामग्री स्रोतका रूपमा प्रयोग गरिएको छ।

(६) सिक्किम एउटा बहुजातीय समाज हो। सन् १६४२ देखि यताको इतिहास प्राप्य पाइए तापनि यस अघिका इतिहासबारे अध्ययन अत्यन्त न्यून रहेको पाइन्छ। वास्तवमा मगरहरू सन् १६४२ मा नामग्याल शासन सुरु हुन अघिदेखि नै सिक्किममा बसोबास गर्दै आएका हुन्। जसको ऐतिहासिक अध्ययन हुन बाँकी नै छ।

(७) विभिन्न लिखित इतिहासअनुसार सिक्किमका प्राचीन जातिहरूमध्ये लेप्चा, लिम्बू र मगरहरू हुन्। सिक्किममा मगरहरूको बसोबास लगभग पाँचौँ शताब्दीदेखि नै रहेको हो भन्ने केही इतिहासकारहरूको मत रहेको छ। सन् १६४२ मा राजा फुन्सोक नामग्यालको राज्याभिषेकमा सलामी दिने सेनाहरूमध्ये मगरहरू पनि थिए भन्ने लिखित इतिहास पाइन्छ, जसले सिक्किमका पुराना बासिन्दाहरूमध्ये मगरहरू पनि हुन भन्ने कुराको पुष्टि गर्दछ। कुनै पनि सैन्य सङ्गठन तत्कालै सम्भव हुँदैन। त्यसका लागि धेरै समय लाग्दछ। सन् १६०० भन्दा अघि सिक्किममा मगर मुखियाहरूले आफ्नो जातिको सुरक्षाका लागि तयार पारेको सेनाहरूकै झुन्ड राजा फुन्सोक नामग्याललाई सलामी दिने सेना हुन् भन्ने कुरा सहजै अनुमान लगाउन सकिन्छ। यस तथ्यले पनि सिक्किममा मगरहरूको उपस्थिति र शासन व्यवस्था धेरै अघिदेखि रहिआएको थियो भन्ने कुरा पुष्टि गर्न सकिन्छ।

(८) सिक्किमका सन्दर्भमा मगरहरूको इतिहासलाई हेर्दा उनीहरू किनारीकृत भएको बोध हुन्छ। उनीहरूको इतिहास लेप्चा र लिम्बू सरह रहेको भए तापनि 'लो-मेन-चोङ-सुम' सन्धिबाट उनीहरूलाई बाहिर राखिएको थाहा लाग्दछ। यस पछि रहेको कारण के हुन सक्छ भन्ने प्रश्नको उत्तर निकाल्ने प्रयास यस अध्ययनमा गएको छ।

(९) प्रस्तुत लघु शोध प्रबन्धमा सिक्किममा बसोबास गर्ने मगरहरूको इतिहास, संस्कार र संस्कृतिमाथि बढी केन्द्रित रहेर कार्य गरिएको छ। सिक्किमका मगरहरूको समाज, भाषा, जनसङ्ख्या, संस्कार-संस्कृति तथा मगरजोङहरूबारे अध्ययन गर्दै उनीहरूको ऐतिहासिक चिनारीलाई स्थापित गर्ने प्रयास गरिएको छ।

(१०) सिक्किममा आदिम जाति भनेर चिनाएका मगरहरू सांस्कृतिक रूपले पनि सम्पन्न जाति हुन्। उनीहरूको संस्कार-संस्कृति, चाड-पर्व आदिले पनि उनीहरूको ऐतिहासिकतालाई चिनाएको मान्न सकिन्छ। तर सिक्किममा नामग्याल वंशको शासन सुरु भएपछि मगरहरू किनारीकृत भए। मगरहरू सिक्किमका मूल निवासी हुन भन्ने प्रमाण विभिन्न स्थानहरूमा अवस्थित मगरजोङहरूले दिँदछ। नामग्याल शासन सुरु हुनभन्दा अघि यहाँ मगरहरूको आफ्नै राजा थिए र उनीहरूले विभिन्न स्थानहरूमा राज्य स्थापित गरी राज गर्थे। तर तिब्बती मूल वा नामग्याल वंशको शासनपछि उनीहरूको वैभवशाली इतिहास हराएर गएको मान्न सकिन्छ।

(११) भनिन्छ लिम्बू र लेप्चाहरूलाई गिट्ठा भ्यागुर खान मगरहरूले नै सिकाएका हुन् भन्ने जनश्रुति धेरै प्रचलित पाइन्छ। यस किसिमका जनश्रुति आदिले पनि सिक्किममा उनीहरूको प्राचीन उपस्थितिलाई प्रमाणित गरेको मान्न सकिन्छ।

(१२) मगर जातिका लोककथा, गाथा, गीत र नाटक आदिमा पनि उनीहरूको प्राचीन ऐतिहासिक दसी पाइन्छ। प्रस्तुत कार्यले उनीहरूका कथा तथा गाथाको सङ्कलन गर्ने अनि त्यसैका आधारमा ऐतिहासिक अध्ययन गर्ने प्रयास गरेको छ।

(१३) सिक्किममा मगर राजा र मगर जातिको प्राचीन उपस्थितिको सशक्त प्रमाणका रूपमा जम्मा दसवटा मगरजोङका अवशेष पाइएका छन्। राज्यका जम्मा तिनवटा जिल्लामा भेटिएका यी मगरजोङहरूलाई उनीहरूका ऐतिहासिक निसानी मान्न सकिन्छ।

(१४) सिक्किमका सबै मगरजोङका सन्दर्भमा धेरै कथा-गाथा पनि पाइएका छन्। लोकस्मृतिमा रहेका यी कथा-गाथाहरूको खोजी गर्ने, सङ्कलन गर्ने अनि तिनको समावेश गरी मगरजोङ तथा मगर इतिहासलाई स्थापित गर्ने प्रयास यस कार्यमा भएको छ।

(१५) प्रस्तुत कार्यले सबै मगरजोङसम्बन्धी रहेका कथा मगरजोङका अवशेषको अवस्थितिको अध्ययन गर्दै तत्सम्बन्धी जानकारी सङ्कलन गर्ने प्रयास गरिएको छ। लघु शोध प्रबन्धमा सिक्किममा मगर राजा सिन्तुपति सेन, दलकिनारी मगर र दलसिङ मगरको शासन अनि उनीहरूसित जोडिएका ऐतिहासिक कथाहरूको अध्ययन प्रस्तुत गरिएको छ।

(१६) प्रस्तुत कार्यले लोकइतिहासका आधारमा केही ऐतिहासिक घटनाहरूको विवरण अनि तत्सम्बन्धी रहेका लोककथा आदिको सर्वेक्षण गर्दै सम्बन्धित स्थान नामहरूको अध्ययन पनि प्रस्तुत गरेको छ। जनश्रुतिमा बाँचेका ती कथा-गाथा अनि आजपर्यन्त चलेका स्थान नामले पनि मगरजोङ र मगरहरूको इतिहासलाई स्थापित गरेको निष्कर्ष यस शोधको रहेको छ।

(१७) सिक्किममा मगर संस्कृतिलाई संरक्षण गर्ने क्रममा अघिबाटै मगर अग्रजहरूले विभिन्न कार्यहरू गर्दै गरेका छन्। मङ्सारी मगरजोङमा बाराहीमीजोङको पर्वलाई भव्यताका  साथ मनाइने चलन रहेको पाइन्छ। २७ मार्च १९९५ मा सिक्किममा मगर भाषालाई राज्य भाषाका रूपमा मान्यता पाएपछि सिक्किमका विभिन्न सरकारी स्कुलहरूमा मगर भाषाको पठन-पाठन सुरु गरियो। मगर जातिमाथि विभिन्न अध्ययन हुन थालेको पाइन्छ। यसरी नै मगर साहित्यको पनि धेरै विकास भएको छ। सम्वृद्ध संस्कृति भएको मगर जातिको संस्कार-संस्कृति कथा-गाथा अनि पुरातात्त्विक धरोहरको सम्वर्द्धन र विकास गरिनु आवश्यक देखिन्छ। यस्ता कुराहरूको संरक्षणले मगर जाति मात्र नभएर सिक्किमको इतिहासको संरक्षण हुने देखिन्छ।

# ग्रन्थसूची

# सन्दर्भ ग्रन्थ सूची

## प्राथमिक स्रोत

### नेपाली


आले, प्रेमकुमार (सम्पा) सन् १९९३, *मगरजोङ*, दार्जिलिङ : मगर लाफा संघ

................, सन् २००७, *मेझोर*, वर्ष : १, अङ्क : १, दार्जिलिङ : मगर संघ

गुरुङ, बी बी, सन् २०१८, *हिमालयन रिसर्च जर्नल*, अङ्क: १, भाग: ४, कालेबुङ : इस्टन हिमालयन ग्रिन इनिटेटिप एन्ड कन्सर्भेसन ट्रस्ट

चाम्लिङ, पवन (सम्पा), अप्रेल १९९९, *निर्माण संस्कृति विशेषाङ्क*, वर्ष: १९ अङ्क: ३४, नाम्ची : निर्माण प्रकाशन

दाहाल, मोहन पी (सम्पा), सन् २०१८, *नेपाली अकादमी जर्नल*, वर्ष : १४, अङ्क : १४, उत्तर बङ्ग विश्वविद्यालय : नेपाली विभाग

नेपाल, घनश्याम (प्र सम्पा), सन् २०१८, *अभिज्ञान*, उत्तर बङ्ग विश्वविद्यालय : नेपाली विभाग

परियार, मित्र र अन्य (सम्पा), सन् २०१४, *राइटस् एन्ड अ सेन्स अव् बेलोङ्गिङ* : टु कन्ट्रास्टिङ नेपाली डाइस्पोरा कमुनिटिस्, दिल्ली

पाण्डे, लिखत (सम्पा), सन् २००९, *भृकृटी*, पूर्णाङ्क :६, काठमाडौँ : भृकुटी पुस्तक तथा मसलन्द भण्डार

मगर, त्रिलोकसिंह थापा (सम्पा), सन् २००६, *मास्टर मित्रसेन थापा*, काठमाडौँ : समारिका

मगर, रामबहादुर थापा (सम्पा), सन् २००६, *रोश*, त्रिभुवन विश्वविद्यालय : मगर विद्यार्थी संघ

राणा, दिलप्रसाद (सम्पा), सन् २०००, *कोशेली,* दार्जिलिङ : मगर समाज

राणा, विष्णु, सन् २०१८, *मगरजोङ*, अङ्क १ भाग १, गान्तोक : सिक्किम मगर सङ्गठन

सुन्दास, लखीदेवी (सम्पा), सन् २००१, *अकादमी जर्नल,* दार्जिलिङ : शिवकुमार राई स्मृति अकादमी

सुब्बा, चैतन्य (सम्पा), सन् १९९९, *जनजाति*, वर्ष: १, अङ्क : १-२, काठमाडौँ : राष्ट्रिय जनजाति विकास समिति

सिन्हा, समर, देवचन्द्र सुब्बा (सम्पा), सन् २०१७, *अनुसन्धान*, वर्ष : १, अङ्क : २, सिक्किम विश्वविद्यालय : नेपाली विभाग

**अङ्ग्रेजी**

एलेन, बारबारा, सन् १९८४, 'ओरल हिस्ट्रोरियोग्राफी', द *जर्नल अव् अमेरिकन फोक्लोर*, अमेरिका : अमेरिकन फोक्लोर सोसाइटी, पृष्ठ २४१-२४३, स्रोत- https://www.jstor.org

डानियलसन, लेररी, सन् १९८०, 'द ओरल हिस्ट्रोरियन एन्ड लोकल हिस्ट्री', द *ओरल हिस्ट्री रिभिऊ*, टेलर एन्ड फ्रान्सिस एलटिडी अन बिहाफ अव् द ओरल हिस्ट्री एसोसिएसन, खण्ड ८, स्रोत- www.jstor.org, 22/05/2022, 17:39

डुन्डेस, एलेन, सन् १९६१, 'फोकलोर एस अ मिरर कल्चर', *इलिमेन्ट्री इङ्ग्लिस*, खण्ड ४६, अङ्क ४, अमेरिका : नेसनल काउसिल अव् ट्रिचर्स् अव् इङ्ग्लिस, स्रोत- www.jstor.org

ब्लानिन, पिटर, गिबन्स बिन्नल, सन् १९४९, 'टु इक्जामपल्स अव् फोक मेमोरी', *फोकलोर*, खण्ड ५६, अङ्क २, न्युयोर्क : टेलर एन्ड फ्रान्सिस ग्रुप

मेकफार्लेन, एलेन (रिभिऊ), सन् १९७५, 'फोकलोर एन्ड ट्रेडिसनल हिस्ट्री', रिचर्ड एम डोर्सन, *मेन न्यु सिरिज*, रोयल एन्थोपोलोजिकल इन्स्टिट्यूड अव् ग्रेट ब्रिटेन एन्ड आयरल्यान्ड, खण्ड १०, अङ्क १ स्रोत- www.jstor.org 22/05/2022, 17:31

मेसोन, ओटिस टी, सन् १८९१, 'द नेचुअर हिस्ट्री अव् फोकलोर', द *जर्नल अव् अमेरिकन फोकलोर*, अमेरिका : अमेरिका फोकलोर सोसाइटी, खण्ड ४, अङ्क १३, स्रोत- www.jstor.org 22/05/2022, 17:22

म्याककुलोच, जोन अर्नोड, सन् १९४९, 'फोक-मेमोरी इन फोक टेल्स्', *फोकलोर*, खण्ड ६०, अङ्क ३, न्युयोर्क : टेलर एन्ड फ्रान्सिस ग्रुप, स्रोत- www.jstor.org

रोबर्ट हेरी लोवी, सन् १९१७, ‘ओरल ट्रेडिसन एन्ड हिस्ट्री’, द *जर्नल अव् अमेरिकन फोकलोर*, खण्ड ३०, अङ्क ११६, अमेरिका : अमेरिकन फोकलोर सोसाइटी, स्रोत- www.jstor.org

## द्वितीय स्रोत

### नेपाली

अधिकारी, गणेशप्रसाद, सन् १९९९, *समाजशास्त्र तथा मानवशास्त्र*, काठमाडौँ: रत्न पुस्तक भण्डार

आचार्य, गोविन्द, सन् १९५९, *नोपाली लोकवार्ता भाग २*, काठमाडौँ: भृकुटि एकेडेमिक पब्लिकेसन्स

आचार्य, महेशकुमार, सन् २००३, *प्रागइतिहास र पुरातत्त्वको सामान्य परिचय*, काठमाडौँ : रत्न पुस्तक भण्डार

इमानसिंह चेम्जोङ, सन् २००३, *किरात इतिहास*, काठमाडौँ : मञ्जरी पब्लिकेशन

उप्रेती, सञ्जीव, सन् २०११, *सिद्धान्तका कुरा*, काठमाडौँ : अक्षर क्रियसन्स नेपाल

गिरी, अगमसिंह, सन्१९८०, *भारतीय नेपाली वाङ्मय प्रवेशाङ्क*, दार्जिलिङ : नेपाली साहित्य सञ्चयिका

गुरुङ, एम एम, सन् १९८०, *बिर्सिएको संस्कृति*, दार्जिलिङ : श्याम ब्रदर्स प्रकाशन

गौतम, देवीप्रसाद, सन् १९८४, *नेपाली भाषा परिचय*, काठमाडौँ : साझा प्रकाशन

छेत्री, शरद, सन् २०१२, *केही सिर्जना अनि समीक्षाहरू*, दार्जिलिङ : श्याम ब्रदर्स प्रकाशन

तामाङ, पेम्पा, सन् २०२०, *विचार र विवेचना*, गान्तोक : जनपक्ष प्रकाशन

थापा मगर, एम एस, सन् १९९२, *प्राचीन मगर र अक्खा लिपि*, काठमाडौँ : वृजि प्रकाशन

दाहाल, धरणीधर, सन् २०२०, *सिक्किमको राजनैतिक इतिहास*, वाराणसी : सरस्वती साहित्य सदन

नेपाल, खेमराज, सन् २००३, *नेपाली लोक साहित्यको रूपरेखा*, नई दिल्ली : साहित्य अकादमी

पथिक, एम, सन् २०१८, *लोकसाहित्य र संस्कृतिका झलकहरू*, दार्जिलिङ : राधा किताप प्रकाशन

पराजुली, मोतीलाल अनि जीवेन्द्रदेव गिरी, सन् २०११, *नेपाली लोक साहित्यको रूपरेखा,* काठमाडौँ: साझा प्रकाशन

पारम, पिके, सन् १९९०, द *गोर्खाज,* नई दिल्ली : दीप एन्ड दीप पब्लिकेसन

पुलामी, वासुदेव, सन् २००१, *मगर जाति र मगर भाषा*, सिलगढी : सिस्टोम्याटिक डिजाइनर्स एन्ड प्रिन्टर्स प्रा लि

प्रधान, कुमार, सन् २०१०, *पहिलो पहर*, काठमाडौँ : साझा प्रकाशन

प्रधान, गुप्त, सन् २००८, *धूमिल पृष्ठहरू*, दार्जिलिङ : गामा प्रकाशन

प्रधान, दिलकुमार, सन् २०२०, *लोकविश्वास*, गेजिङ : पश्चिम सिक्किम साहित्य प्रकाशन

बराल, ऋषिराज, सन् २०१६, *मार्क्सवाद र सवाल्टर्न अध्ययन*, काठमाडौँ : साझा प्रकाशन

भिचक्क, जोहन टी, सन् १९९६, *मगर अव् बनयान हिल्स*, लस् एन्जेलस : युनिभर्सिटी अव् क्यालिफोर्निया

मगर, रणप्रसाद घर्ती, सन् २००५, *मगर सामाजिक संस्कार र नाता सम्बन्ध*, काठमाडौँ : टक्सेरा पाँच, गोबङ्गु

मोरिस, सिजे, सन् १९३३, द *गोर्खाज, एथनोलजी*, बीआर पब्लिसिङ कर्पोरेसन

लामा, कविता, सन् २०१७, *कविता डिस्कोर्स*, खर्साङ : माया प्रकाशन

लामिछाने, कपिलदेव, सन् २००७, *नेपाली लोकगाथाको अध्ययन*, काठमाडौँ : साझा प्रकाशन

सुब्बा, मनप्रसाद, रेमिका थापा, सन् २०१२, *किनारा विमर्श*, दार्जिलिङ : गामा प्रकाशन

शर्मा, जनकलाल, सन् २००१, *हाम्रो समाज : एक अध्ययन*, काठमाडौँ : साझा प्रकाशन

शर्मा, शान्तिराज, सन् २०००, *खज किराँत संस्कृति*, सिलगढी : आजको साहित्य प्रकाशन

श्रेष्ठ, तेजप्रकाश, सन् २०१८, *नेपाली लोकवार्ता विविध सन्दर्भ,* काठमाडौँ : साझा प्रकाशन

श्रेष्ठ, दयाराम, बालाकृष्ण अधिकारी, सन् २०२०, *साहित्यको इतिहास*, काठमाडौँ : साझा प्रकाशन

**हिन्दी**

सत्येन्द्र, सन् २०१७, *लोक साहित्य विज्ञान*, राजस्थान : राजस्थानी ग्रन्थागार

**अङ्ग्रेजी**

आनन्द, मुल्क राज, सन् १९९१, *इन्डियन फोक टेल्स्,* इन्डिया : मिनिस्ट्री अव् इनफर्मेसन एन्ड ब्रोडकास्टिङ गवर्मेन्ट अव् इन्डिया

आब्रे, जोन, सन् १८८१, *रिमेन्स अव् जेन्टिलिज्म एन्ड जुडाइज्म*, लन्डन: विलियम सट्चेल एन्ड कर्पौरेसन

एलाइड, मिर्सिया, सन् १८१७, *मिथ एन्ड रियलिटी*, न्युयोर्क : हार्पर एन्ड रो

ग्राम्सी, एन्टिनो, सन् २००२, *कल्चरल एन्ड एन्थ्रोपोलजी,*लन्डन : प्लुटो प्रेस

चेम्जोङ, इमानसिंह, सन् २००३, *हिस्ट्री एन्ड कल्चर अव् किरात पिपल*, काठमाडौँ : किरात याक्थुङ चुम्लुङ सेन्टर अफिस महलज्मेस्थान

च्याटर्जी, सुनीतिकुमार, सन् १९७४, *किराँत जनकृति*, कलकता : द इण्डो मङ्गोलोइडस न्यु एसियन प्रिन्टर्स

जसराज, सुब्बा, सन् २०१५, *हिस्ट्री अव् द किरात एम्पायर (भाग १),* गान्तोक : सुखिम याकथुम सापोक सङ्गजुम्भो

डुन्डेस, एलेन, सन् १९६५, द *स्टडी अव्* फोकलोर*,* बर्कले : युनिभर्सिटी अव् क्यालिफोर्निया

---------------, सन् २००७, द *मिनिङ अव्* फोकलोर, लोगन : युटा स्टेस्ट युनिभर्सिटी प्रेस

दत्त, बिरेन्द्रनाथ, सन् २००२, *फोक्लोर एन्ड हिस्ट्रोरियोग्राफी, चेन्नई : नेशनल फोक्लोर सपोट सेन्टर*

नामग्याल, थुडोब अनि येसे डोल्मा, सन् १९०८, *हिस्ट्री अव् सिक्किम* (पाण्डुलिपि), गान्तोक : इन्टिटुड अव् टिबेटलजी

प्रोप, भ्लादिमिर, सन् १९६८, *मोर्फोलजी अव् फोकटेल्स,* अस्टिन : युनिभर्सिटिस् अव् टेक्सेस् प्रेस

--------------- सन् १९८४, *थ्योरी एन्ड हिस्ट्री अव् फोकलोर*, मिनियापोलिस : युनिभर्सिटिस् अव् मिनेसोटा

मेके, एलेस, सन् २०२१, द *मन्दाला किङ्गडम,* गान्तोक: रचना बुक्स एन्ड पब्लिकेसन्स

मेक्युले, क्लोमेन, सन् २००५, रिपोट अव् अ मिसन टु सिक्किम एन्ड द टिब्बिटेन प्रेन्टियर, गान्तोक: रटना बुक्स एन्ड पब्लिकेसन्स

मुल्लाड, सल, सन् २०११, *ओपनिङ* द *हिडेनल्यान्ड*, गान्तोक : रचना बुक्स डेब्लभमेन्ट एरिया

मोक्तान, आर, सन् २००४, सिक्किम: *दार्जिलिङ कम्पेन्डिउम अव् डकुमेन्टस्*, कालेबुङ : आर मोक्तान सुमारालय

मोनाघन, प्याट्रिसिया, सन् २००४, *सेल्टिक मेथोलोजी एन्ड फोकलोर*, न्युयोर्क : फ्याक एन्ड फाइल

राम, रहुल, सन् १९७८, द *हिमालय बोर्डरल्यान्ड*, नई दिल्ली

रिची, डोनाल्ड ए, सन् २००३, *डुइङ ओरल हिस्ट्री*, न्युयोर्क : अक्सफोर्ड युनिभर्सिटी प्रेस

रिस्ले, एच एच, सन् २००१, *द ग्याजेटर अव् सिक्किम*, दिल्ली : लो प्राइज पब्लिकेसन

लेवी स्ट्रास, क्लाउड, सन् १९७८, *मिथ एन्ड मिनिङ,* युनाइटेट किङ्गडम : रुटलेज एन्ड केगेन पल

विष्ट, डोरबहादुर, सन् १९८०,  *पिपल अव् नेपाल*, काठमाडौँ : रतन किताप भण्डार

सिंह, के एस, सन् १९९३, *पिपल अव् इन्डिया*: सिक्किम, कलकत्ता

सिन्हा, ए सी, सन् १९८३, द *हिमालयन कन्ट्रिज*, नई दिल्ली

स्प्रिग, आर के, सन् १८९६, द इन्ड *अव् इरा सोसियल एन्ड पोलिटिकल हिस्ट्री अव् सिक्किम*, गान्तोक :

सुमन, सुरेन्द्र, सन् २००५, *इन्डियन टेल्स् एन्ड फोकटेल्स्*, नई : चिल्ड्रेन्स् बुक ट्रस्ट

**सम्पादित पुस्तक**

**(क) नेपाली**

गिरी, जीविन्द्रदेव (सम्पा), सन् २०१५, *नेपाली लोकवार्ता*, काठमाडौँ : प्रज्ञा छापाखाना कमलादी

पन्त, जयराज (सम्पा), सन् १९५८, *नेपाली लोकवार्ता भाग १,* काठमाडौँ: भुकुटि एकेडेमिक पब्लिकेसन्स

**(ख) अङ्ग्रेजी**

देवी, जी एन एन्ड बलराम पाण्डे (सम्पा), सन् २०१८, पिपल्स् लिङ्ग्युस्टिक सर्वे अव् इन्डिया : ल्याङ्ग्वेजेस् अव् सिक्किम, न्यू दिल्ली : ओरियंट ब्लैकस्वांन

मार्टिन, अरिअन्डना वाई, रिचर्ड पी मार्टिन (अनु), सन् १९९७, *थ्योरी एन्ड हिस्ट्री अव्* फोकलोर *(भाग ५),* भ्लादिमिर प्रोप, मिन्नेपोलिस : युनिभर्सिटी अव् मिन्नेसोटा प्रेस

# परिशिष्ट

# परिशिष्ट १

**१५ जनवरी सन् २०२२ का दिन सिक्किमका मगर इतिहासकार सन्तोष आलेसँग लिइएको अन्तर्वार्ताका प्रश्न-उत्तरहरू यस प्रकार छन्-**

**१. सिक्किममा मगर जातिको उपस्थिति कति पुरानो छ?**

इतिहासकारहरूको भनाइअनुसार लगभग इ पू ३०००-२५०० भन्दा अघि  महाभारत कालमा सिक्किमको प्रसङ्ग रहेको पाइन्छ। त्यसबेला सिक्किमलाई इन्द्रकिल भनिन्थ्यो। भगवान् इन्द्रको समयमा इन्द्रकिल्ललाई हेरचार गर्ने यक्ष, गन्धर्व र किनर्ब गरी तिन जातिहरू थिए। यी तिन जातिहरूमध्ये गन्धर्व जाति नै मगर जाति हुन् भन्ने इतिहासकारहरूको मत रहेको छ। यसको प्रमाण मगर जातिको थरमध्ये एउटा थर गन्धर्म हो र यही थर नै गन्धर्वको अपभ्रंश रूप हो।

**२. कहिलेदेखि मगरहरू सिक्किम आएका हुन् अनि कहाँबाट आएका हुन् ?**

मगरहरू उत्तरको सिन भन्ने ठाउँ (हालमा चीन देशमा रहेको छ)-बाट सिक्किममा पसेको थियो भनी इमानसिंह चेम्जोङले *हिस्ट्री एन्ड कल्चर अव् किरात पिपुल* भन्ने पुस्तकमा यसको उल्लेख गरेको छ। यहीँ ठाउँबाट सिन मगर र चेतु मगर नामक दुई दाजु-भाइ आएको हुन्। यी दुई दाजु-भाइबाट बाह्र हुल वा शाखामा बाँडिए। यहीँ बाह्र हुल वा शाखालाई नै पछि बाह्र मगर भएको हो। सिक्किमबाट नै मगरहरू अन्य ठाउँहरूतिर विस्थापित भएको भन्ने विश्वास छ। यसको पुष्टि जे डी हुकरले सन् १८४८-४९ ले आफ्नो बोटानीसम्बन्धी अध्ययन गर्ने क्रममा सिक्किमका जनजातिहरूमाथि पनि लेख लेखेका छन्। यसमा उनले मगर जातिको पनि उल्लेख गरेका छन् र पछि लेप्चाहरूले मगरहरूलाई पश्चिममा लिम्बूवानतिर खेदेको अनि लिम्बूले पनि त्यहाँबाट पश्चिमतिर खेदेका हुन् भन्ने भनाइ छ। आधुनिक इतिहासकारका भनाइअनुसार मगर जातिहरू पाँचौँ र सातौँ शताब्दीमा सिक्किममा पसेको भनाइ छ।

**३. मगरहरूको मूलथलो मँग्रात नै  हो?**

मगरहरूको मूलथलो मँग्रात होइन। किनभने मगरहरू बसाइँ सराइ क्रममा नेपालका एउटा बृहत् भूभागमा बसी राज्य स्थापित गरे। जसलाई तिनीहरूले मँग्रात भने। यहीँ ठाउँलाई पछि नेपालका इतिहासकारहरूले मगरहरूको मूलथलो मानेका छन्।

**४. सिक्किममा कहिले देखि मगर राजाको शासन चलेको थियो अनि कतिजना मगर राजा थिए? कुन कुन?**

इतिहासमा उल्लेख र जन श्रुतिअनुसार सिक्किममा जम्मा चार जना मगर राजाहरू थिए।

१ सिन्तुपति सेन पहिलो (इ पू १६औँ शताब्दीदेखि सन् १६औँ शताब्दीसम्म)

२ सिन्तुपति सेन दोस्रो (सन् १६औँ शताब्दीदेखि यता)

३ दलसिंह मगर (अज्ञात)

४ दलकिनारी मगर (१८०० शताब्दीसम्म)

**५ लो मेन चोङ सुम सन्धि भनेको के हो अनि किन मगरहरूलाई लो-मेन-चोङ-सुम सन्धिमा सहभागी बनाएन?**

लेप्चा, लिम्बु र मगरहरू सिक्किमका पुराना बासिन्दाहरू हुन्। जब नामग्याल राजाहरूको शासन सुरू भयो त्यस बेला सिक्किको नयाँ व्यवस्था स्थापना गर्ने क्रममा सिक्किमका आदिम जातिहरूको साहाय्य लिएका थिए। विस्तारै जब नामग्याल राजाहरूले यी तिन जातिलाई आफ्नो अधिनमा राख्न खोजे तब मगर मुखियाहरूले उनीहरूको अधिनमा रहन अस्विकार गरे। नामग्यालहरूले कयौँपल्ट मैत्री सम्बन्ध कायम गर्ने प्रयास गरे तर मगरहरू भने कहिले पनि स्विकार गरेनन्।

भोटिया, लेप्चा र लिम्बु माझ एउटा सन्धि गरे जसलाई लोमेनचोङसुम भनिन्छ। लो- भोटे, मेन- लेप्चा, चोङ- लिम्बु चोङ भन्नाले (लिम्बु र मगर)-लाई पनि भनिन्छ भन्ने इतिहासमा पाइन्छ। यस सन्धिमा हुन सक्छ कुनै मगर मुखियाहरूमध्ये एक मुखियाले यस सन्धिमा सहभागिता जनाए होला। पछि समयको अन्तरालमा मगरहरूले उनीहरूको आदेशलाई नमानेको कारणले यस सन्धिबाट निष्कासित गरियो।

**६ सिक्किममा जम्मा कतिवटा मगरजोङ छन्? कुन कुन?**

आलेको अनुसन्धान अनुसार सिक्किममा जम्मा दसवटा मगरजोङहरू छन्- पश्चिममा माङ्सारी मगरजोङ, बर्थाङ-बर्फोक मगरजोङ, सुल्डोङ्गढी र मगरथाङ मगरजोङ। दक्षिणमा- कामराङ मगरजोङ, कटेङ् मगरजोङ, मगरदलम, फामताम मगरजोङ र कितामगढी मगरजोङ। पूर्वमा- सुदुङलाखा आदि हुन्।

**७ यी मगरजोङहरू कुन कुन राजाहरूले बनाएका हुन्?**

यी मगरजोङहरूमा मङ्सारी मगरजोङका राजा सिन्तुपति सेन, बर्थाङ-बर्फोङ मगरजोङका राजा दलकिनारी खपाङ्गी मगर अनि कामराङ मगरजोङका राजा दलसिङ मगर थिए। यसबाहेक अन्य मगर राजाहरू अज्ञात छन्।

## परिशिष्ट २




पश्चिम सिक्किम मङ्सारी मगरजोङमा आफ्नो राज्य स्थापित गरी शासन गर्ने मगर राजा
सिन्तुपति सेन (सन् १६००)।
स्रोत- अखिल सिक्किम मगर संघबाट प्राप्त नक्सा।

## परिशिष्ट ३




राजा सिन्तुपति सेनको धरोहरको भग्नावशेष मङ्सारी मगरजोङ (पश्चिम सिक्किम)






मङ्सारी मगरजोङको पुनर्निर्माण कार्य भइरहेको दृश्य

# परिशिष्ट ४





नामग्याल वंश र मगरहरूको युद्धमा राजा सिन्तुपति सेनको हत्या गरिएको ठाउँ राजाटारको नक्सा




भोटिया र मगरहरूको लडाइँमा राजा सिन्तुपति सेनको हत्या भएपछि मगरनी रानीले आफ्नो सबै धनसम्पति मङ्सारी मुनि भीरमा लुकाइराखेको थियो भन्ने जनश्रुति पाइन्छ। जसलाई 'गाडधने भीर' भनिन्छ।

## परिशिष्ट ५




रानी खोला




राजा सिन्तुपति सेनको हत्या भएपछि रानीले आफ्नो प्राणलाई भोटियाहरूको हातबाट जोगाउन घोडासँगै यस पोखरीमा हामफाली आत्महत्या गरे भन्ने जनश्रुति पाइन्छ। यसैले यस खोलालाई रानी खोला/ रानी पोखरी नामले चिनिन्छ।

**परिशिष्ट ६**



सुल्डुङगढी मगरजोङ जाने बाटोको दृश्य



सुल्डुङगढी मगरजोङ

## परिशिष्ट ७





सुल्डुङगढी एक अवलोकन (पश्चिम सिक्किम)

# परिशिष्ट ८



राजा दलकिनारी खपाङ्गी मगर (सन् १८००)-ले राज गरेका  बर्थाङ-बर्फोक मगरजोङका दृश्य







बर्थाङ-बर्फोक मगरजोङका दृश्यहरू

# परिशिष्ट ९




चन्द्रकुमारी मगरनी देवीथान




बर्थाङ-बर्फोक मगरजोडसम्बन्धी दलबहादुर मगरसँग अन्तर्वार्ता लिइएको नक्सा

# परिशिष्ट १०









कामराङ मगरजोङ (दक्षिण सिक्किम)

**परिशिष्ट ११**









कटेङ घण्टी डाँडा वरिपरिका दृश्य (दक्षिण सिक्किम)

## परिशिष्ट १२




गङ्गाबहादुर राणासँग कामराङ मगरजोङसम्बन्धी अन्तर्वार्ता लिइएको नक्सा




मोहनलाल मगरसँग कटेङ मगरजोङ अनि घण्टी डाँडासम्बन्धी अन्तर्वार्ता लिइएको नक्सा

## परिशिष्ट १३



फामताम मगरजोङको टाढाबाट देखिने दृश्य (दक्षिण सिक्किम)




फामतामगढीको टाढाबाट देखिने दृश्य

## परिशिष्ट १४






मारमेन बस्नेत अनि रूपनारायण राईसँग लिइएको अन्तर्वार्ताको नक्सा (फामताम मगरजोङ)

# परिशिष्ट १५



टाढाबाट देखिने तारेभीर गढीको दृश्य



## परिशिष्ट १६



सन्तोष आलेसँग अन्तर्वार्ता लिइएको नक्सा



विष्णु राणासँग अन्तर्वार्ता लिइएको नक्सा

## परिशिष्ट १७




बिके राणासँग लिइएको अन्तर्वार्ताको नक्सा



इन्द्रमाया मगरसँग लिइएको अन्तर्वार्ताको नक्सा  मगरदलम (दक्षिण सिक्किम)

## परिशिष्ट १८





अटलबहादुर राणासँग तारेभीर गढीसम्बन्धी अन्तर्वार्ता लिइएको नक्सा

**परिशिष्ट १९**



मनबहादुर तामाङसँग मङ्सारी मगरजोडसम्बन्धी अन्तर्वार्ता लिइएको नक्सा